# माध्यमिक विद्यालय तहमा शैक्षिक सामग्रीको उपयोग र महत्त्वको अध्ययन

सविता कुँवर
क्याम्पस रोल नं. १००/०६६/०६८
त्रि.वि.दर्ता नं. ६-१-४९-४६६-२००१
परीक्षा क्रमसङ्ख्या ३०८०१२९/२०६८

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, तानसेन बहुमुखी क्याम्पस
नेपाली भाषा शिक्षा शिक्षण विभागअन्तर्गत स्नातकोत्तर
तह (एम.एड.) दोस्रो वर्षको नेपा.शि. ५९८
पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**

**सन् २०१५**

**तानसेन बहुमुखी क्याम्पस**
नेपाली भाषा शिक्षा शिक्षण विभाग
शिक्षाशास्त्र सङ्काय
तानसेन, पाल्पा

# उद्घोषण

मेरो जानकारीमा यो मौलिक शोधपत्र हो । यसमा कुनै पनि अंश, प्रतिलिपि प्रकाशित र शोध प्रयोजन स्वरूप उपाधि लिन विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी उद्घोषण गर्दछु ।

सविता कुँवर

शोधकर्ता

अक्टुबर, २०१५

त्रिभुवन विश्वविद्यालय
तानसेन बहुमुखी क्याम्पस
(त्रि. वि. / उ. मा. शि. प. बाट सम्बन्धन प्राप्त)
तानसेन, पाल्पा, नेपाल
TANSEN MULTIPLE CAMPUS
Tansen, Palpa, Nepal
स्थापित: २०४७
☎: ०७५-५२०५९७
फ्याक्स नं. : ०७५-५२२४५०

पत्र संख्या :
च.नं.

मिति..........................

विषय : सिफारिस पत्र

तानसेन बहुमुखी क्याम्पस, तानसेन पाल्पामा अध्ययनरत एम्.एड्. दोस्रो वर्षकी छात्रा सविता कुँवरले **माध्यमिक विद्यालय तहमा शैक्षिक सामग्रीको उपयोग र महत्त्वको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । प्रस्तुत शोधकार्यप्रति म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

................................

शालिकराम पौडेल
नेपाली भाषा शिक्षा शिक्षण विभाग
तानसेन बहुमुखी क्याम्पस
(शोधनिर्देशक)

सन् :

त्रिभुवन विश्वविद्यालय
तानसेन बहुमुखी क्याम्पस
(त्रि. वि. / उ. मा. शि. प. बाट सम्बन्धन प्राप्त)
तानसेन, पाल्पा, नेपाल
TANSEN MULTIPLE CAMPUS
Tansen, Palpa, Nepal
स्थापित: २०४७
☎: ०७५-५२०५९७
फ्याक्स नं. : ०७५-५२२४५०

पत्र संख्या :
च.नं.

मिति.........................

विषय :

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय तानसेन बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा शिक्षण विभागअन्तर्गतकी छात्रा सविता कुँवरले सह-प्राध्यापक शालिकराम पौडेलको निर्देशनमा स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र (नेपा.शि. ५९८) का लागि तयार पारेको **माध्यमिक विद्यालय तहमा शैक्षिक सामग्रीको उपयोग र महत्त्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र नेपाली शिक्षा शिक्षण विभागमा स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

## मूल्याङ्कन समिति

हस्ताक्षर

१. अध्यक्ष : जीवनाथ तिवारी — विभागीय प्रमुख ..........................

२. सदस्य : शालिकराम पौडेल — शोध-निर्देशक ..........................

३. सदस्य : डा. नेत्रप्रसाद न्यौपाने — बाह्य परीक्षक ..........................

४. सदस्य : राधेश्याम ज्ञवाली — क्याम्पस प्रमुख ..........................

मिति : २०१५, नोभेम्बर १ (२०७२/०७/१५)

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातकोत्तर तहको दसौँ पत्रअन्तर्गत शोधपत्र तयार गर्नुपर्ने व्यवस्था भएकाले यो शोधपत्र तयार पारिएको हो । **माध्यमिक विद्यालय तहमा शैक्षिक सामग्रीको उपयोग र महत्त्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्रले विद्यालयमा शिक्षण कार्यमा पुऱ्याएको योगदानलाई प्रष्ट पार्दै **माध्यमिक विद्यालय तहमा शैक्षिक सामग्रीको उपयोग र महत्त्वको अध्ययन** अनुसन्धान गर्ने प्रयास गरेकी छु । यसले खेलेको भूमिकालाई प्रष्ट्याउन तथा थप अध्ययन अनुसन्धान गर्न मार्ग प्रशस्त गरेको छ भन्ने विश्वास गरेकी छु ।

अनुसन्धान स्वयम् एक जटिल कार्य हो । यस्तो कार्य सम्पन्न गर्ने क्रममा आएका बाधा र चुनौतिहरूको निराकरण गरी यस शोधपत्रलाई सकेसम्म व्यवस्थित र बुद्धिमतापूर्ण रूपमा सम्पन्न गर्ने कोशिस गरेकी छु । प्रस्तुत शोधपत्र आदरणीय गुरु सह. प्रा. शालिकराम पौडेलको कुशल निर्देशनमा रही तयार पारेकी हुँ । आफ्नो अत्यन्त कार्यव्यस्तताका बीचमा पनि अमूल्य समय दिई मलाई सल्लाह, सुझाव र मार्ग-निर्देशनसमेत दिएर यस शोध कार्यको लेखनमा अभिप्रेरित गर्नुहुने शोध निर्देशक आदरणीय गुरु सह.प्रा. शालिकराम पौडेलज्यूप्रति म हार्दिक आभार एवम् कृतज्ञता प्रकट गर्दछु ।

यस शोधपत्रको शीर्षक छनोट, सामग्री सङ्कलनदेखि लिएर शोधप्रस्ताव स्वीकृत गरी विभिन्न सुझाव प्रदान गर्नुहुने तानसेन बहुमुखी क्याम्पस तानसेन, पाल्पाका नेपाली विभागीय प्रमुख आदरणीय गुरु जीवनाथ तिवारी तथा गुरु शंकर गैरेप्रति आभारी छु । साथै आवश्यक सामग्री सङ्कलनमा सहयोग गर्नुहुने पुस्तकलाय परिवार तथा प्रशासन परिवारप्रति पनि आभारी छु । मलाई क, ख चिनाई यो स्थानमा पुग्नका लागि सहयोग गर्नुहुने समग्र गुरु तथा गुरुआमाहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा पुस्तकालय प्रयोग गर्ने अनुमति प्रदान गर्नुहुने तानसेन बहुमुखी क्याम्पस, पाल्पाका क्याम्पस प्रमुख राधेश्याम ज्ञवाली र सहायक क्यापस प्रमुख सह.प्रा.पुष्करराज रेग्मी र गोविन्दप्रसाद घिमिरेज्यूप्रति पनि आभारी छु साथै यो शोधपत्रमा उल्लेख भएका विद्यालयहरूका प्र.अ., बिषय शिक्षक तथा विद्यार्थीहरूप्रति पनि कृतज्ञता ज्ञापान गर्न चाहन्छु ।

यो शोधकार्य सम्पन्न गर्न हरेक कोणबाट सहयोग, सल्लाह र हौसला प्रदान गर्ने मेरा आदरणीय बुबा कृष्णबहादुर कुँवर र आमा विष्णुकुमारी कुँवर साथै मेरा हरेक पाइलामा पाइला मिलाएर अध्ययनदेखि सम्पादन र मुद्रण गर्ने क्रममा अहोरात्र सहयोग गर्ने मेरी प्रिय बहिनी संगिता कुँवर, विष्णुबहादुर कार्की लगायत यो शोधकार्यलाई कम्प्युटर टङ्कन गरिदिनुहुने हरिप्रसाद पोखरेल साथै आवश्यक सहयोग गरीदिनु हुने दयाराज कंडेलप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी कम्प्युटर सेटिङ गरी यो शोधपत्रलाई मूर्त रूप दिलाउन प्रमुख भूमिका खेल्ने बालकृष्ण भण्डारी तथा कमला पाण्डेय (भण्डारी) प्रति समेत हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा, प्रस्तुत शोधपत्रको मूल्याङ्कनका लागि तानसेन बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा शिक्षण विभागसमक्ष सविनय प्रस्तुत गर्दछु ।

सविता कुवर
शोधकर्ता

# शोधसार

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह एम.एड. द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांश परिपूर्तिका लागि माध्यमिक तहमा शैक्षिक सामग्रीको उपयोग र महत्त्वको अध्ययन शीर्षकमा यो शोधपत्र तयार गरिएको हो । शोधकार्यको क्षेत्रसीमा पाल्पा जिल्लाका पाँचवटा सामुदायिक विद्यालयमा (नगर भित्र र बाहिर) छनोट गरिएको छ । शोधविधि नेपाली भाषा शिक्षक, प्राचार्य र विद्यार्थीहरूसँग प्रश्नावली, अन्तरवार्ता र कक्षा अवलोकनबाट महत्त्वपूर्ण तथ्याङ्कहरू सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्कलाई वर्गीकरण, तालिकीकरण र संख्यात्मक गणनाद्वारा व्यवस्थित गरी त्यसैको आधारमा वर्णनात्मक विधिद्वारा विश्लेषण गरिएको छ भने जनसंख्याको रूपमा पाल्पा जिल्लाका पाँचवटा मा.वि.का भाषा शिक्षक, प्रधानाध्यापक र विद्यार्थीहरूलाई समेटिएको छ ।

प्रस्तुत शोधपत्र भित्रको परिचय, शोध समस्या (क्षेत्रभित्र), नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगमा देखिएका समस्याहरू, शोधका उद्देश्यकहरू, अध्ययनको औचित्य तथा महत्त्वलाई स्पष्ट पारिएको छ । त्यसै गरी पूर्वकार्यको समीक्षा समावेश गरिएको छ । यस खण्डमा विभिन्न शैक्षिक सामग्रीको चर्चा र शिक्षाविद् तथा विद्वानहरूको विचार दिइएको छ । शैक्षिक सामग्रीको वर्गीकरणमा मौखिक सामग्री, श्रव्य सामग्री, दृश्य सामग्री, श्रव्यदृश्य सामग्री, स्पर्श सामग्री र पाठ्य सामग्रीमा विभाजन गरी तिनीहरू अन्तर्गत पर्ने विभिन्न उपशीर्षकहरू प्रस्तुत गरिएको छ । त्यसै गरी माध्यमिक तहमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्री, प्रयोगको अवस्थाका बारेमा छुट्टाछुट्टै चर्चा गरिएको छ । शोधपत्रको अन्त्यमा सबै परिच्छेदलाई समेट्ने गरी निष्कर्ष निकालिएको छ ।

# विषय-सूची


| शीर्षक | पृष्ठ नं. |
|---|---|
| उद्घोषण | |
| सिफारिस पत्र | क |
| स्वीकृति पत्र | ख |
| कृतज्ञताज्ञापन | ग |
| शोधसार | ङ |
| विषयसूची | च |
| तालिकासूची | ञ |
| संक्षेपीकृत शब्दसूची | ट |

परिच्छेद एक

शोधपरिचय

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | २ |
| १.३ अध्ययनको औचित्य | ३ |
| १.४ अध्ययनको उद्देश्य | ४ |
| १.५ अध्ययनको सीमा | ४ |
| १.७ विशेष शब्दावलीको परिभाषा | ४ |

परिच्छेद दुई

सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ६ |
| २.२ सैद्धान्तिक खाका | ११ |
| २.२.१ शैक्षिक सामग्रीको परिचय | ११ |
| २.२.२ शैक्षिक सामग्रीको वर्गीकरण | १३ |
| २.२.१.१ मौखिक सामग्री | १४ |

२.२.२.२ दृश्य सामग्री १७
२.२.२.३ श्रव्य सामग्री २६
२.२.२.४ श्रव्य-दृश्य सामग्री २९
२.२.२.५ स्पर्श सामग्री ३१
२.२.३ असल शैक्षिक सामग्रीका विशेषताहरू ३१
२.२.४ शैक्षिक सामग्रीको उपयोगबाट हुने फाइदाहरू ३२
२.२.५ शैक्षिक सामग्रीको छनोट ३२
२.३ शैक्षिक उपादेयता ३३

## परिच्छेद तीन

## अध्ययन विधि र प्रक्रिया

३.१ अनुसन्धानात्मक ढाँचा ३५
३.२ जनसंख्या तथा नमुना छनोट ३५
३.३ तथ्याङ्कको स्रोत ३५
३.४ तथ्याङ्क सङ्कलनका साधन ३६
३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया ३६
३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया ३७

## परिच्छेद चार

## नतिजा विश्लेषण

४.१ श्री लक्ष्मी उ.मा.वि. ३८
४.१.१ विद्यालयको भौतिक अवस्था ३८
४.१.२ शिक्षक तथा कर्मचारीहरू ४०
४.१.३ विद्यार्थी विवरण ४१
४.१.४ शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था ४१
४.१.५ आर्थिक अवस्था ४३
४.१.६ निष्कर्ष ४४

४.२ श्री लुम्बिनी मा.वि. ४४
४.२.१ विद्यालयको भौतिक अवस्था ४५
४.२.२ शिक्षक तथा कर्मचारीहरू ४५
४.२.३ विद्यार्थी विवरण ४६
४.२.४ शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था ४७
४.२.५ आर्थिक अवस्था ४९
४.२.६ निष्कर्ष ४९
४.३ श्री ग्राम्य उ.मा.वि. ५०
४.३.१ विद्यालयको भौतिक अवस्था ५०
४.३.२ शिक्षक तथा कर्मचारीहरू ५१
४.३.३ विद्यार्थी विवरण ५२
४.३.४ शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था ५२
४.३.५ आर्थिक अवस्था ५४
४.३.६ निष्कर्ष ५५
४.४ श्री सेन उ.मा.वि. ५५
४.४.१ विद्यालयको भौतिक अवस्था ५५
४.४.२ शिक्षक तथा कर्मचारीहरू ५६
४.४.३ विद्यार्थी विवरण ५७
४.४.४ शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था ५८
४.४.५ आर्थिक अवस्था ६०
४.४.६ निष्कर्ष ६०
४.५ जनता नमुना उ.मा.वि. ६०
४.५.१ विद्यालयको भौतिक अवस्था ६१
४.५.२ शिक्षक तथा कर्मचारीहरू ६२
४.५.३ विद्यार्थी विवरण ६३
४.५.४ शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था ६४
४.४.५ आर्थिक अवस्था ६६
४.५.६ निष्कर्ष ६६

## परिच्छेद पाँच

## निष्कर्ष तथा सुझाव


५.१ निष्कर्ष ६७

५.२ सुझाव ७०

५.२.१ नीति निर्माण तहका लागि सुझाव ७०

५.२.२ कार्यान्वयन तहका लागि सुझाव ७०

५.२.३ अनुसन्धान तहका लागि सुझाव ७१

सन्दर्भसामग्री-सूची

परिशिष्ट

व्यक्तिगत विवरण

# तालिकासूची


| तालिका | शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| १ | शैक्षिक सामग्रीको विवरण | १४ |
| २ | लक्ष्मी उ.मा.वि. को भौतिक अवस्था | ३९ |
| ३ | लक्ष्मी उ.मा.वि. का शिक्षक तथा कर्मचारीहरू | ४० |
| ४ | लक्ष्मी उ.मा.वि. को विद्यार्थी विवरण | ४१ |
| ५ | लक्ष्मी उ.मा.वि. को शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था | ४२ |
| ६ | लुम्बिनी मा.वि. को भौतिक अवस्था | ४५ |
| ७ | लुम्बिनी मा.वि. का शिक्षक तथा कर्मचारीहरू | ४६ |
| ८ | लुम्बिनी मा.वि. को विद्यार्थी विवरण | ४७ |
| ९ | लुम्बिनी मा.वि. को शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था | ४७ |
| १० | ग्राम्य उ.मा.वि. को भौतिक अवस्था | ५० |
| ११ | ग्राम्य उ.मा.वि. का शिक्षक तथा कर्मचारीहरू | ५१ |
| १२ | ग्राम्य उ.मा.वि. को विद्यार्थी विवरण | ५२ |
| १३ | ग्राम्य उ.मा.वि. को शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था | ५३ |
| १४ | सेन उ.मा.वि. को भौतिक अवस्था | ५६ |
| १५ | सेन उ.मा.वि. का शिक्षक तथा कर्मचारीहरू | ५७ |
| १६ | सेन उ.मा.वि. को विद्यार्थी विवरण | ५८ |
| १७ | सेन उ.मा.वि. को शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था | ५८ |
| १८ | जनता नमुना उ.मा.वि. को भौतिक अवस्था | ६१ |
| १९ | जनता नमुना उ.मा.वि. का शिक्षक तथा कर्मचारीहरू | ६२ |
| २० | जनता नमुना उ.मा.वि. को विद्यार्थी विवरण | ६४ |
| २१ | जनता नमुना उ.मा.वि. को शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था | ६४ |

# संक्षेपीकृत शब्दसूची

| सङ्क्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| अ.प्र. | अप्रकाशित |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| उ.प्रा. | उपप्राध्यापक |
| एम.एड. | मास्टर्स अफ एजुकेशन |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| ता.न.पा. | तानसेन नगरपालिका |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| न.उ.मा.वि. | नमुना उच्च माध्यमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| नेपा.शि. | नेपाली शिक्षा |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| पृ. | पृष्ठ |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम संवत् |

# परिच्छेद एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषाका विभिन्न सीप तथा पक्ष एवम् साहित्यका विविध वस्तुहरूको प्रभावकारी शिक्षण गर्न शिक्षकले पाठ प्रस्तुतीका क्रममा सहायक सामग्रीका रूपमा उपयोग गर्ने जुनसुकै सामग्रीलाई शिक्षण सामग्री भनिन्छ । शैक्षिक सामग्रीले सिकाइलाई सरल अर्थपूर्ण र प्रभावकारी बनाउँछ । यसको प्रयोगबाट अमूर्त कुरालाई मूर्त रूप दिन शिक्षक, विद्यार्थी दुबै पक्षलाई सहयोग पुग्दछ । शैक्षिक सामग्रीको उच्चतम प्रयोग गरी विद्यार्थीलाई जटिल बिषयवस्तु पनि सरल र सहज ढङ्गले शिक्षण गर्न सकेमा सिकाइ उपलब्धि पनि उच्च रहन्छ । शिक्षणलाई उद्देश्यपूर्ण, रोचक, उत्प्रेरक आकर्षक र चिरस्थायी बनाउन शिक्षण सामग्रीको ठूलो भूमिका रहन्छ । त्यस्तै कक्षा सहभागिता बढाउन अमूर्त कुरालाई मूर्त रूपमा प्रस्तुत गर्न, कक्षालाई जीवन्तता प्रदान गर्न र शिक्षकको कार्यबोझ घटाउन पनि शिक्षण सामग्री अति उपयोगी हुन्छन् ।

शिक्षण शिकाइ क्रियाकलापमा प्रयोग गरिने सामग्रीहरू विश्व ब्रह्माण्डका सम्पूर्ण वस्तुहरू पर्दछन् । तिनीहरूलाई मौखिक, श्रव्य, दृश्य, श्रव्य-दृश्य, स्पर्श र मुद्रित गरी विभिन्न तरिकाले वर्गीकरण गरिन्छ । नेपाली भाषा शिक्षण गर्नु भनेको भाषिक सीप शिक्षण गर्नु हो । यसर्थ भाषाको शिषण गर्दा भाषाका आधारभूत सीपको विकास गर्ने उद्देश्य राख्नु पर्दछ । यसै गरी भाषिक सीप अनुसारका शैक्षिक सामग्रीको उत्तिकै महत्त्वपूर्ण मानिन्छ र परम्परागत शैलीमा शैक्षिक सामग्रीको प्रयोग विना नै भाषा शिक्षण गर्ने परिपाटी रही आएको परिपेक्षमा दैनिक कार्यकलापमा अझै पनि शैक्षिक सामग्रीको पुहँच पुग्न सकेको देखिदैन । सञ्चार क्षेत्रमा आएको आमूल परिवर्तनले विश्व परिवेश जागृत भैरहेको यस अवस्थामा हाम्रा कक्षाहरूमा अत्याधुनिक शैक्षिक सामग्री पुऱ्याउनु अत्यन्तै चुनौतीपूर्ण कार्य हो । कम्प्युटर र प्रोजेक्टर आजको परिवेशमा अपरिहार्य भैसक्दा पनि कक्षा कक्षामा सहजै पुग्न सकेका छैनन् । यसको प्रमुख कारण आर्थिक, भौतिक अभाव हुनुका साथै शिक्षकमा त्यसको प्रयोगको अनविज्ञता रहनु नै हो ।

यसर्थ हाम्रा वरपर सर्वसुलभ ढङ्गले प्राप्त गर्न सकिने सामग्रीदेखि अत्याधुनिक सामग्रीरूको समुचित र सङ्गठित ढङ्गले कक्षा कक्षामा पुऱ्याई भाषा शिक्षण कार्य प्रभावकारी बनाउन सकिन्छ । यस अवधारणा अनुरूप शैक्षिक सामग्रकिो प्रयोग भएको छ छैन भएको छ भने कसरी भएको भन्ने उद्देश्य राखी माध्यमिक विद्यालय तहमा शैक्षिक सामग्रीको उपयोग र महत्त्वको अध्ययन गर्न लागिएको हो ।

## १.२ समस्या कथन

शिक्षण सिकाइ क्रियाकलापलाई सरल सहज तरिकाबाट उद्देश्यमुखी बनाई प्रभावकारी र दिगो बनाउन प्रयोग गरिने साधनलाई शैक्षिक सामग्री भनिन्छ । त्यस्ता साधनहरू शिक्षाको क्षेत्रमा प्रयोग हुने हुनाले शैक्षिक सामग्री भनिएको हो । शिक्षण गर्नको लागि प्रयोग गरिने साधन नै शैक्षिक सामग्री हुन् । शैक्षिक सामग्रीले शिक्षणलाई रोचक, आर्कषक, प्रभावकारी र स्थायी बनाउन मद्दत गर्छ । शिक्षण क्रियाकलापमा यसको प्रयोग रोचकता हुने हुनाले यसको बढी महत्त्व र उपयोगिता रहेको छ ।

शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीहरूमा ठीक-ठीक ढङ्गबाट भाषाका सीप तथा सिकाइको विकास गर्न भाषा शिक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन तथा सुझको विकास गर्न तथा अन्ततः पाठ्यक्रममा तय गरिएका उद्देश्यहरू हासिल गर्न सघाउ पुग्दछ । वर्तमान समयमा नेपाली शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गर्ने प्रवृत्ति निकै कम भएको छ । यसो हुनुमा परम्परागत व्याख्यान विधिलाई नै प्रश्रय दिनु, आर्थिक अभाव, निस्क्रिय व्यवस्थापन, दयनीय भौतिक अवस्था, अत्याधिक शिक्षण भार, पेशागत तत्परताको कमी, निचमारा प्रवृत्ति जस्ता कारणहरू रहेका छन् । यस्ता विधिध समस्याका बाबजुद पनि माध्यमिक तहमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था कस्तो ? अपेक्षाकृत उपयोग भएको छ छैन भन्ने बारेमा अध्ययन गर्नु यसको समस्या हो । यी समस्याहरूलाई निम्न बुँदाद्वारा औंल्याउन सकिन्छ :

क) शैक्षिक सामग्री भनेको के हो ?

ख) शैक्षिक सामग्रीको उपयोगको महत्त्व कस्तो छ ?

ग) शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग अवस्था कस्तो छ ?

माथि उल्लेख गरिएका समस्याहरूमा केन्द्रित भएर ती समस्याहरूको सुव्यवस्थित र स्पष्ट रूपमा विश्लेषण र मूल्याङ्कन गर्नको लागि प्रस्तुत शीर्षक छनोट गरिएको छ । यिनै समस्याहरूको समाधानतर्फ यो शोधपत्र केन्द्रित रहेको छ ।

## १.३ अध्ययनको औचित्य

समय परिवर्तनशील छ । परिवर्तित समय अनुसार राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को प्रतिवेदन सिफारिस अनुसार २०५६ सालमा परिमार्जित संस्करण लागु गरियो । वि.सं. २०६४ सालमा देशको आवश्यकता र विद्यार्थीहरूको आवश्यकता अनुसार माध्यमिक तहको कक्षा नौमा २०६४ र कक्षा दशमा २०६५ सालमा नयाँ विषयवस्तु अनुसार पाठ्यक्रम विकास गरी नयाँ बिषयवस्तु प्रस्तुत गरियो । बिषयवस्तु अनुसार शैक्षिक सामग्रीको प्रयोग हुन नसक्नु शिक्षा क्षेत्रको कमजोरी पक्ष हो । यस शोधकार्यले प्रयोगको अवस्था र उपयोगितालाई केन्द्रित गरेको हुनाले त्यस क्षेत्रमा यो शोधकार्य उपयोगी बन्नेछ । विद्यार्थीहरूका रूचि र आवश्यकता अनुसारका सामग्रीको प्रयोग गरिएको छ, छैन, रूचिपूर्णता छ छैन, महत्त्व बुझिएको छ छैन, विश्लेषण गर्नु आवश्यक देखिएको हुनाले शिक्षक, विद्यार्थी, शिक्षाविद्हरूलाई आगामी दिनमा अध्ययन अध्यापन सहज बनाउन समग्र पक्षको औचित्य प्रस्ट्याउने यस शोधकार्यको औचित्य रहेको छ । बुँदागत रूपमा निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

क) यस शोधकार्यले माध्यमिक तहमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था कस्तो छ, सो बारे जानकारी गराउने,

ख) शैक्षिक सामग्री सहित र विना शिक्षण क्रियाकलाप सञ्चालनमा कस्तो भिन्नता देखा पर्छ सो बारे जानकारी गराउने,

ग) यस शोधकार्यले पाठ्यपुस्तक लेखक, प्रकाशक, विद्यार्थी, शिक्षक अभिभावकलाई शैक्षिक सामग्रीका विशेषताबारे जानकारी गराउने,

घ) यस अध्ययनबाट विषयवस्तु अनुसार शैक्षिक सामग्रीको निर्माण गर्दा पुऱ्याउनु पर्ने कुराबारे जानकारी गराउने,

ङ) छोटो समयमै अधिकतम शैक्षिक उपलब्धि हासिल गर्न ध्यान पुऱ्याउनुपर्ने कुराबारे जानकारी दिने,

च) विषयवस्तु अनुसार शैक्षिक सामग्री छनोट गर्ने तरीका बारे जानकारी दिने ।

## १.४ अध्ययनको उद्देश्य

हरेक अध्ययनका आ-आफ्नै खाले उद्देश्यहरू रहने गर्दछन् । कस्तो उद्देश्यको लागि छनोट गर्ने भन्ने कुराको निर्धारण बिषयवस्तुले गर्दछ । यस शोधकार्यको मुख्य उद्देश्य माध्यमिक तहमा शैक्षिक सामग्रीको प्रयोग र उपयोगिताको स्थिति कस्तो छ ? भन्ने कुराको अध्ययन विश्लेषण गरी त्यसका उपयुक्त पक्षहरू तथा सीमा निर्धारण गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ । यस शोधकार्यका मुख्य उद्देश्यहरू बुँदागत रूपमा यस प्रकार रहेका छन् :

क) शैक्षिक सामग्रीको परिभाषा, परिचय माथि प्रकाश पार्नु,

ख) शैक्षिक सामग्रीको महत्व माथि प्रकाश पार्नु,

ग) शैक्षिक सामग्रीको प्रयोगबारे वर्तमान अवस्थाको अध्ययन गर्नु ।

## १.५ अध्ययनको सीमा

कुनै पनि अध्ययन र अनुसन्धानको निश्चित दायरा वा सीमा हुने गर्छ । तसर्थ अनुसन्धान गर्ने क्रममा अनुसन्धानले निदिष्ट र निश्चित सीमाभित्र केन्द्रित हुनु आवश्यक हुन्छ । प्रस्तुत अध्ययन माध्यमिक तहमा शैक्षिक सामग्रीको उपयोग र महत्त्वमा केन्द्रित रहेको छ । पाठ्यसामग्रीको प्रयोग र महत्त्व कति हुन्छ भनी विश्लेषण र मूल्याङ्कनमा केन्द्रित रहेको छ । अध्ययन मा.वि. तहमा मात्र केन्द्रित भएको हुनाले प्रा.वि. र नि.मा.वि. र अन्य क्षेत्रको अध्ययन विश्लेषण गरिएको छैन । यसको अध्ययनमा पाँच सामुदायिक विद्यालयको मा.वि. तहमा शैक्षिक सामग्रीको प्रयोग अवस्था र महत्त्वको अध्ययन गरिएको छ ।

## १.६ विशेष शब्दावलीको परिभाषा

पूर्वकार्य – पहिले गभएको काम

प्रेक्षेपक – प्रोजेक्टर

चित्रपट्टिका – विभिन्न चित्रका पत्तीहरू जसलाई प्रेक्षपकद्वारा प्रस्तुत गर्न सकिन्छ ।

परिभ्रमण – भ्रमण

स्पर्श सामग्री – छुन सकिने सामग्री

प्राक्कल्पना – पूर्वानुमान

श्यामपाटी – कालोपाटी

फलाटिन पाटी – फलाटिनको सादा कपडाबाट बनाइएको पाटी

स्वभोषित शिक्षण मेसिन – एक प्रकारको कम्प्युटरद्वारा शिक्षण गरिने मेसिन

स्वशिक्षक शिक्षण मेसिन – एक प्रकारको कम्प्युटरद्वारा शिक्षण गरिने मेसिन

प्रतिमूर्ति – वास्तविक वस्तुको सानो स्वरूप

स्वेत पाटी – सेतो पाटी

चमेनागृह – खाजा घर

मुस्ठिदान – अन्नदान

चित्रकथा – चित्रका माध्यमले देखाइने/प्रस्तुत गरिने कथा

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

शोधकार्य अनुसन्धान मूलक हुने हुनाले कसैले पनि यस अघि नगरेका बिषयवस्तुलाई आधार मानेर खोज अनुसन्धान गर्नुपर्छ । निर्दिष्ट बिषय निकट भएर यस अघि क-कसले कस्तो खालको अध्ययन गरे र त्यसको उपदेयता के थियो ? भन्ने बारेमा यस क्षेत्रभित्र रहेर अध्ययन गरिन्छ । अनुसन्धानका सिलसिलामा सम्बन्धित बिषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधपत्र, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबैको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०६५ : २८) । शोधार्थीले शोधकार्यको आरम्भ गर्दा वा त्यसका निमित्त शोधप्रस्ताव तयार गर्दा आफूले शोध गर्न चाहेको बिषयमा त्यसपूर्व के कति अध्ययन, खोज, अनुसन्धान तथा प्रकाशन कार्य भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्नुपर्ने हुन्छ जसलाई पूर्वकार्यको खोज भनिन्छ (ओझा र गिरी, २०५८ : ५३-४३) ।

पूर्वकार्यको खोजीपछि शोधार्थीले विधिपूर्वक समीक्षात्मक ढङ्गले अध्ययन गर्नुपर्छ । यसरी गरिएको अध्ययन पश्चात् सकारात्मक/नकारात्मक दुबै पक्षको समीक्षा निष्पक्ष रूपमा प्रस्तुत गर्नुपर्छ । पूर्वकार्यको समीक्षामा पूर्वकार्य गर्ने व्यक्तिले आफूले चयन गरेको शोध शीर्षकसँग सम्बन्धित बिषयमा कुन प्रयोजनले कुन विधि र पद्धतिको प्रयोग गरेर के कति काम गरेको छ र उक्त कार्यको आफ्नो शोधकार्यको प्रयोजन र प्रकृतिसँग के कति मिल्छ, त्यस बिषयमा गर्न बाँकी चुनौतीहरू के कति छन्, त्यस क्षेत्रमा अब कुन-कुन प्रश्न र समस्याहरू विद्यमान छन् भन्ने कुराको निर्क्यौल पूर्वकार्यको समीक्षाबाट निस्कन्छ । पूर्वकार्यको समीक्षाले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, अवधारणा स्पष्ट पारी परिभाषिकरण गर्न, प्राक्कल्पना निर्माण गर्न, पुनरावृत्तिका सम्भावनालाई हटाउन, सम्भावित त्रुटिहरूबाट जोगिन, नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन, समस्याको चुरो पत्ता लगाउन, समस्याको औचित्य स्थापित गर्न, विश्लेषणको आधार खोज्न, शोधको आवश्यकता बोध गराउन सहयोग पुऱ्याउँछ (शर्मा र लुइँटेल, २०५२

: २८) । त्यसैले पूर्वकार्यको समीक्षाले शोधार्थीलाई शोध कार्यमा गर्नुपर्ने कामको निर्देश गर्दछ ।

जसरी समयको अनन्त गति परिवर्तित हुँदै गएको छ त्यसै गरी शिक्षण प्रक्रियामा समेत नयाँ मूल्य र मान्यताहरू भित्रिएका छन् । जसको प्रमुख ध्येय भनेकै शिक्षण प्रक्रियालाई सिकारूको रूचि, चाहना र आवश्यकता अनुरूप बनाउनु नै हो । आधिकारीक शैक्षिक सामग्रीको प्रयोगले सो आवश्यकतालाई जोड दिइएको मानिन्छ । त्यसैले नेपालमा शिक्षाको महत्त्व बढ्दै जाँदा नीतिगत अवधारणा पनि परिवर्तन हुँदै आएका देखिन्छन् । रा.शि.प.को योजना २०२८ ले अंगिकार गरेका सोचलाई सामग्रीको प्रयोग दृष्टिले राष्ट्रिय शिक्षा योजनाको प्रतिवेदन २०४९ ले अझ बलियो बनाएको पाइन्छ ।

आधुनिक शिक्षाशास्त्रीहरू रूसो, पेस्तालोजी, फ्रोबेल, रबिन्द्रनाथ आदिले पनि बालबालिकाको रूचि अनुसार शिक्षण गर्न र शिक्षा प्रदान गर्नका लागि शैक्षिक सामग्रीको प्रयोग तथा उपयोगको बारेमा आ-आफ्ना सिद्धान्तमा बयान गरिएको पाइन्छ । आधुनिक युगमा नेपाली भाषा शिक्षणमा नयाँ-नयाँ पद्धति र विधिहरू प्रादुभाव भएका छन् । संज्ञानात्मक, नैसर्गिक प्रकाथात्मक र सम्प्रेषणात्मक पद्धतिहरूले भाषा शिक्षणको निम्ति मार्ग निर्देशन गरिरहेका छन् ।

राष्ट्र विकासको निम्ति एक क्षेत्र राष्ट्र भाषाले महत्त्वपूर्ण स्थान ओगटेको छ । विद्यार्थीको रूचि, चाहना, इच्छा बमोजिम शिक्षण गर्न र विद्यार्थीहरूलाई बिषयवस्तुप्रति आकर्षित गरी सैद्धान्तिक ज्ञानलाई प्रयोगात्मक पक्षमा ढाल्नको निम्ति शैक्षिक सामग्रीको सान्दर्भिकता झल्किन्छ । त्यसकारण शिक्षणमा शैक्षिक सामग्रीको उपयोग प्रयोगको स्थिति कस्तो छ ? शैक्षिक सामग्रीको प्रयोगबाट के कस्ता फाइदाहरू हुन सक्छन् ? शैक्षिक सामग्रीको आवश्यकता किन पर्छ ? भन्ने सम्बन्धमा अध्ययन र अनुसन्धान हुनु आवश्यक छ । यसरी बढ्दो आधिनिकीकरणसँग शिक्षण प्रक्रियालाई प्रभावकारी रूपमा अगाडि बढाउने प्रयत्न स्वरूप शिक्षण सामग्रीलाई अत्याधिक रूपमा प्रयोग गर्नुपर्ने भए पनि विना शैक्षिक सामग्री शिक्षण गर्दा एकतर्फी शिक्षण कार्य जटिल बन्दै आइरहेको छ भने अर्कोतर्फ उपलब्धि शुन्य बन्दै भएको छ । शिक्षण कार्यमा शैक्षिक सामग्रीको प्रयोगको महत्त्व र उपयोगिता बारेमा छिटफुट रूपमा खोज अनुसन्धान भएको त्यसमा पनि समग्र अध्ययन नभई बिषय र विधागत रूपमा खोजकार्यहरू भएका छन् । यस अघि भएका केही

शोधकार्यहरूलाई पूर्वाध्यायनको काल क्रमिकताको आधारमा निम्न अनुसार प्रस्तुत गर्न खोजिएको छ ।

घिमिरे, (२०५४) ले 'पाल्पा जिल्लामा कक्षा १,२,३ का नेपाली भाषा पाठ्यपुस्तकमा राखिएका चित्रहरूको अध्ययन' नामक शोधपत्र तयार पारेकी छिन् । यसमा आवश्यक पर्ने शैक्षिक सामग्रीको उल्लेख नगरी पाठ्यपुस्तक भित्र राखिएका चित्रहरूको मात्र व्याख्या गरिएको छ ।

रेग्मी, (२०५४) ले 'अर्घाखाँची जिल्लामा शैक्षिक सामग्री उपयोग एक अध्ययन' शीर्षकमा शोधार्थीको रूपमा अध्ययन गरे पनि यसमा शैक्षिक योजना तथा व्यवस्थापन विभाग अर्न्तगत प्राक्टिकम अध्ययनको आधारमा तयार गरिएको र शैक्षिक सामग्री सम्बन्धी सामान्य विशलेषण गरी केही समस्या एवम् समाधानका उपायहरू औंल्याएको पाइन्छ ।

खनाल, (२०५५) ले 'रूपन्देही जिल्लामा कक्षा ५ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिको अध्ययन' शीर्षकमा शोधकार्य गरे पनि जसमा कक्षा ५ मा मात्र केन्द्रित भई विधिको मात्र अध्ययन गरेको देखिन्छ । सामग्रीको उपयोगिता बारेमा न्यून व्याख्या गरेको हुनाले सामग्रीको प्रयोग न्यून देखिएको पाइन्छ । मा.वि. तहको बारेमा मौन देखिन्छ ।

भट्टराई, (२०५५) ले 'पाल्पा जिल्लामा कक्षा एकमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीको एक सर्वेक्षण' शीर्षकमा शोधकार्य गरे पनि उनको अध्ययन कक्षा १ को नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग भएको छ, छैन ? सर्वेक्षण गर्ने क्रममा नै सरकारी र निजी विद्यालयका शिक्षकहरूले नेपाली भाषा शिक्षण गर्दा प्रयोग गर्ने शैक्षिक सामग्री बिचमा भिन्नता छ, छैन ? शिक्षकको काम गराइ र कुरा गराइमा के भिन्नता छ पत्ता लगाउने उद्देश्यमा यो शोधकार्य केन्द्रित छ ।

भुषाल, (२०५९) ले 'अर्घाखाँची जिल्लाको मा.वि. तहमा नेपाली शिक्षणमा शैक्षिक सामग्रीको उपयोगको वर्तमान स्थिति' नामक शोधपत्र तयार गरी १२ ओटा विद्यालयको अध्ययन र अनुसन्धान गरेको पाइयो । माध्यमिक तहमा नेपाली भाषा शिक्षण गर्दा प्रयोगमा ल्याइएका र प्रयोगमा ल्याउन सकिने शैक्षिक सामग्रीको बारेमा अध्ययन र अनुसन्धान गर्दै ती सामग्रीहरूको उपयोगको महत्त्व उक्त शोधपत्रमा प्रष्ट्याइएको छ । विशेष गरी उक्त अनुसन्धान मा.वि. तहको एउटा बिषयमा मात्र केन्द्रित देखिएको हुनाले शिक्षणका क्रममा प्रयोग गरीने समग्र सामग्रीहरूको चर्चा हुन नसकेको देखिन्छ ।

खतिवडा, (२०६१) ले 'उदयपुर जिल्लामा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोग सम्बन्धी एक अध्ययन' शीर्षकमा शोधकार्य गरी यस अध्ययनमा उनले उदयपुर जिल्लाका माध्यमिक तहमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग गरेका र नगरेका विद्यालयको तुलनात्मक अध्ययन गर्दै सामग्री संकलन निर्माणमा आर्थिक समस्या रहेको र शिक्षकहरूलाई पर्याप्त जानकारीको समेत अभाव रहेको उल्लेख गरेका छन् ।

खत्री, (२०६४) ले 'दोलखा जिल्लाका कक्षा ८ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन' शीर्षकमा शोधकार्य गरी भाषा शिक्षणमा समयले लामो फड्को मार्दा पनि पुरानै प्रचलनबाट चल्दै आएको र पुरानै विधिले वर्तमान एक्काइसौं शताब्दीको शिक्षण कोरा व्याख्यामा मात्र सिमित भएको पुष्टि गरेका छन् । ग्रामीण क्षेत्रमा शिक्षकहरूको कार्यभार बढी हुने हुनाले शिक्षणमा शैक्षिक सामग्रीको नमुना पाउन पनि गाह्रो भएको निष्कर्ष निकाले पनि उनले शैक्षिक सामग्रीको माध्यमबाट कुनै पनि कुरालाई शिलशिला बुझ्ने, सिकाइ दिगो हुने, तार्किक ढङ्गले चिन्तन, मनन र विश्लेषण गर्न सक्ने कुराको पुष्टि गरेका छन् ।

घिमिरे, (२०६७) ले 'गुल्मी जिल्ला स्थित नि.मा.वि. तहको नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगको स्थिति' नामक शीर्षकमा अनुसन्धान गर्ने क्रममा गुल्मी जिल्लाका सातओटा नमुना विद्यालय छनोट गरी आर्थिक अवस्था कमजोर हुनाले अपेक्षाकृत प्रयोग हुन नसकेको निष्कर्ष निकालेका छन् । यो अनुसन्धान महत्व र उपयोगिता भन्दा पनि अवस्था अध्ययन जस्तो देखिन्छ ।

यसक्रममा राई, (२०६७) ले 'खोटाङ जिल्लाका प्रा.वि. तहमा नेपाली शिक्षणका सन्दर्भमा शैक्षिक सामग्रीको वर्तमान स्थिति एक अध्ययन' मा उनले नेपाली भाषा शिक्षण परम्परागत पद्वतिमा नै चलेको देखाएका छन् । यसरी विना शैक्षिक सामग्री परम्परागत प्रविधिबाट सञ्चालित भाषा, शिक्षण न त प्रभावकारी हुन्छ न त रोचक सिर्जनात्मक नै हुन्छ । यसर्थ शिक्षणमा रोचकता एवम् प्रभावकारिता ल्याउन शिक्षण सामग्रीको उपयोग अनिवार्य बन्न पुगेको छ । यसको प्रयोगबाट विद्यार्थीहरूमा बिषयवस्तुको स्पष्ट धारणा भन्ने क्रमिक एवम् शिलशिलाबद्ध रूपमा शिक्षण प्रक्रिया अघि बढ्ने, कुनै शीर्षक तथा बिषयवस्तु माथि तार्किक ढङ्गले चिन्तन मनन गर्ने बानीको विकास हुने देखाएका छन् ।

नेपाल, (२०६८) ले 'पाल्पा जिल्ला अर्न्तगत तानसेन नगरपालिका भित्रका संस्थागत माध्यमिक विद्यालयमा नेपाली शिक्षामा सामग्रीको उपयोगको वर्तमान अवस्था' नामक

शीर्षकमा अनुसन्धान गरेका छन् । अध्ययन अनुसन्धानका क्रममा ता.न.पा. भित्रका ७ ओटा संस्थागत माध्यमिक विद्यालयको अध्ययनका क्रममा आर्थिक स्रोतको अभावमा संस्थागत विद्यालयले व्यवस्था गर्न नसकेको सामुदायिक विद्यालयको तुलनामा अनुगमन कम भएको र निजी विद्यालयका शिक्षकलाई उचित तालिम दिने निकाय स्पष्ट नभएकाले न्यून मात्रामा सामग्री प्रयोगको स्थिति रहेको र ज्ञान भए पनि निजी क्षेत्रमा शिक्षण भार धेरै हुनुले यथेष्ट रूपमा प्रयोगमा ल्याउन नसकिएको भन्ने समस्या रहेको निष्कर्ष निकालेका छन् । यस अनुसन्धानमा पनि भाषा शिक्षणलाई मात्र जोड दिई अनुसन्धान गरेको हुनाले समग्र बिषयमा जोड दिन सकेको पाइँदैन ।

यस अगाडि शैक्षिक सामग्रीको प्रयोग तथा उपयोगिताको बारेमा अध्ययन, अनुसन्धान गरे पनि विषयगत रूपमा मात्र अध्ययन गरेको पाइन्छ । तहगत रूपमा छुट्टै अनुसन्धान गरेको पाइँदैन । प्रयोगको स्थिति, निर्माण र प्रयोग हुन नसक्नुका कारणबारे चर्चा गरेको पाइन्छ । शिक्षकको तालिम तालिममै सीमित भएको सामग्रीको बारेमा अनभिज्ञ देखिएको सम्बन्धित निकायबाट नियमित निरीक्षण एवम् मूल्याङ्कन नहुनाले व्यवस्थित शिक्षण हुन नसकेको जसले गर्दा परिश्रमी र लगनशील शिक्षक पनि निरूत्साहित हुनु परेको, शिक्षक विद्यार्थीको अनुपातमा शैक्षिक सामग्री निर्माण र प्रयोगमा कठिनाई देखा परेको यसले गर्दा शिक्षण कार्य तर्फ निरूत्साहित भएको देखाएको छ । कतिपय शिक्षकहरू आफ्नो कमजोरी देखापर्छ भनेर ग्रामीण क्षेत्रका विद्यालयमा नमुना शिक्षण सामग्री नभएकाले त्यहाँ सरोकारवालाहरूले पनि खासै चासो नदेखाएको शोधमा उल्लेख गरेका छन् ।

माथि उल्लेखित शोधकार्यहरूलाई अध्ययन र विश्लेषण गर्दा भुषाल, २०५९ अर्घाखाँची जिल्लाको माध्यमिक तहमा नेपाली शिक्षणमा शैक्षिक सामग्रीको वर्तमान स्थिति नामको शोधपत्र तयार गरी १२ वटा विद्यालयको अध्ययन र अनुसन्धान गरिएको पाइयो ।

त्यसैगरी खत्री, (२०६४) ले 'दोलखा जिल्लाका कक्षा ८ मा नेपाली भाषाशिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन' शीर्षकमा शोधकार्य गरी भाषा शिक्षणमा समयले लामो फड्को मार्दा पनि पुरानै प्रचलनबाट शिक्षण कार्य चल्दै आएको र पुरानै विधिले वर्तमान एक्काइसौं शताब्दीको शिक्षण कोरा व्याख्यामा मात्र सिमित भएको पुष्टि गरेका छन् ।

घिमिरे, (२०६७) ले 'गुल्मी जिल्ला स्थित नि.मा.वि. तहको नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगको स्थिति' नामक शीर्षकमा अनुसन्धान गर्ने क्रममा गुल्मी

जिल्लाका सातओटा नमुना विद्यालय छनोट गरी आर्थिक अवस्था कमजोर हुनाले अपेक्षाकृत शैक्षिक सामग्रीको उपयोग हुन नसकेको निष्कर्ष निकालेका छन् ।

यसरी उल्लेखित शोध अनुसन्धानलाई दृष्टिगत गरी हेर्दा अझै पनि शैक्षिक सामग्रीको प्रयोग समुचित हुन नसकेको पाइयो । जसले शिक्षण सिकाइमा प्रभाव पारेको पाइन्छ । शिक्षण सिकाइमा शैक्षिक सामग्रीको प्रयोगको वर्तमान अवस्था र त्यसले शिक्षण सिकाइमा पारेको प्रभावका सम्बन्धमा विभिन्न समयमा विभिन्न ठाउँमा शोधकार्य भएको भएता पनि पाल्पा जिल्लामा रहेका शहरीक्षेत्रका केही विद्यालय र ग्रामीण क्षेत्रका केही विद्यालयमा यसको शोधकार्य नभएकाले यस्ता विद्यालयमा शैक्षिक सामग्रीको उपयोग र महत्वको सम्बन्ध शोध कार्य गरी यसले सिकाइ उपलब्धिमा पारेको प्रभावको सम्बन्धमा उल्लेख गर्ने उद्देश्यले यो शोधकार्य सम्पन्न गरिएको छ ।

## २.२ सैद्धान्तिक खाका

कुनै पनि अध्ययन तथा अनुसन्धान गर्ने क्रममा उक्त विषयसँग सम्बन्धित सिद्धान्तलाई प्रयोगमा ल्याउनुपर्ने हुन्छ । सम्बन्धित सिद्धान्तलाई प्रयोगमा ल्याइएन भने शोध तथा अनुसन्धान विषयान्तर हुन गई निष्कर्षमा पुग्न सकिँदैन । त्यसैले यस शोध शीर्षकसँग सम्बन्धित शैक्षिक सामग्रीको सैद्धान्तिक स्वरूपलाई सैद्धान्तिक खाकाको रूपमा प्रयोग गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### २.२.१ शैक्षिक सामग्रीको परिचय

पाठ्यक्रममा तय गरिएका उद्देश्यहरू परिपूर्ति गर्नको लागि सहयोग पुऱ्याउने मूल पाठ्यपुस्तक बाहेकका सामग्रीहरूलाई शैक्षिक सामग्री भनिन्छ । पाठ्यपुस्तक मूल सामग्री हो भने अन्य सहायक शैक्षिक सामग्री हुन् । यसको प्रयोगद्वारा खास अथवा शिक्षाका विशिष्ट उद्देश्यहरू पूरा गर्ने लक्ष्य राखिएको हुन्छ । छोटो समयमा धेरै बिषयवस्तु सिकाउन सकिने मुख्य माध्यम भनेको सामग्री नै हुन् । सैद्धान्तिक ज्ञानलाई वास्तविक मूर्त रूपमा प्रस्तुत गर्नको लागि सामग्रीको प्रयोग गरिन्छ । शिक्षण सिकाइलाई उद्देश्यमूलक, आर्कषण, रोचक र उत्प्रेरक बनाउन र सिकिएका कुराहरूलाई अझ बढी विस्तृत व्यापक एवम् सवल र चिरस्थायी बनाउन शिक्षण सामग्री निकै उपयोगी हुन्छन् । शिक्षणमा श्रव्य, दृश्य, श्रव्य दृश्य सामग्रीको प्रयोग गरिन्छ । शैक्षिक सामग्रीलाई विभिन्न विद्वानहरूले आ-आफ्नै तरिकाले चिनाउने प्रयास गरेको पाइन्छ । उक्त मतहरूलाई यसप्रकार उल्लेख गरिएको छ ।

"शैक्षिक सामग्री भन्नाले पठन-पाठनमा प्रयोग हुने सहायक सामग्री मात्र होइनन् । यसले विद्यार्थीहरूमा अन्तर्निहित क्षमतालाई प्रकटीकरण गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ" (ओझा, जोशी र अन्य, सन् १९७४) ।

"भाषिक सीपहरूमा सक्षम बनाउन तथा तिनका पूरकका रूपमा भाषा तत्त्वहरूको स्तर अनुकुल सुझ बढाउन उपयोगी हुन सक्ने जुन सुकै साधन वा सामग्रीहरू व्यापक अर्थमा भाषा शिक्षणका सामग्री हुन्" (अधिकारी, २०६३ : २२४) ।

"शिक्षण सहायक सामग्रीको प्रयोगद्वारा पाठलाई प्रभावशाली र रोचक बनाउन सकिन्छ भन्ने कुरा एउटा मान्य सिद्धान्त बनिसकेको छ । त्यस्ता सहायक सामग्रीहरू श्रव्य, दृश्य र श्रव्यदृश्य गरी तीन प्रकारका हुन्छन् । श्रव्य अर्न्तगत शिक्षकले मौखिकरूपले प्रस्तुत गर्ने, उदाहरणहरू व्याख्या, शब्द प्रयोगहरू आदि तथा अन्य वैज्ञानिक सामग्रीहरू पर्दछन् । दृश्य सामग्रीहरू अर्न्तगत कालोपाटी, तालिका, पोष्टर आदिलाई लिइन्छ भने श्रव्यदृश्य अर्न्तगत टेलिभिजन, सिनेमा, अभिनय, आदिलाई लिइन्छ" (डा.पाण्डेय, सन् १९८० : ३९४) ।

"शिक्षकको सफलता यसमा निर्भर रहन्छ कि कक्षामा दिइएको ज्ञान बालकले अधिक मात्रामा ग्रहण गर्छ । प्रत्येक शिक्षकको यही उद्देश्य हुन्छ । यस उद्देश्यको सरल, सरस बनाउन प्रयत्न गर्नुपर्दछ । आफ्नो लक्ष्य पूरा गर्नको लागि विषय सामग्री र सहायक सामग्रीले रोचक बनाउँछ । यो वैज्ञानिक सत्य छ कि शिक्षा आर्जनका लागि बालकमा इन्द्रियहरूको अत्यधिक क्रियाशीलता हुनुपर्छ । त्यसपछि मात्र बालकले ज्ञान प्राप्त गर्न सक्छ कुनै बिषयको वर्णन सुनेर भन्दा सम्बन्धित बिषयमा नै कुनै वस्तु देखेर उसले ज्ञान प्राप्त गर्छ र लामो समयसम्म सम्झिरहन सक्छ" (क्षेत्रिय, सन् १९९८ : ३९०) ।

"कक्षामा अध्यापन गर्दा विद्यार्थीहरूलाई सजिलो किसिमबाट बुझ्न सक्ने गरी सिकाउन हामी जे जति प्रयोग गर्छौं ती सबैलाई शैक्षिक सामग्री भनिन्छ" (रेडियो शिक्षा शिक्षण तालिम पुस्तिका, वि.सं. २०४८) ।

"पाठ्यपुस्तकमा दिइएका पाठका अतिरिक्त ती पाठहरूलाई स्पष्ट गर्न त्यसरी स्पष्ट गर्दा चाहिने उपयुक्त वातावरण बनाउन र सिकाइलाई स्थायी रूप दिन उपयोग हुने सामग्री नै शैक्षिक सामग्री हुन्" (प्राथमिक शिक्षा तालिम पुस्तिका, वि.सं. २०५५ : १८४) ।

"शिक्षण सिकाइलाई प्रभावकारी बनाउनु, शिक्षकलाई सफल विद्यार्थीको रूचि अनुसार दिगो ज्ञान सीप व्यवहारको विकास गराउनु नै शैक्षिक सामग्रीको उद्देश्य हो । यसको प्रयोग र महत्व पनि यसैबाट झल्किन्छ" (शर्मा एण्ड शर्मा, २०६५ : १३२) ।

"शिक्षण सामग्रीको प्रयोगबाट विद्यार्थीहरूमा ठीक-ठीक ढङ्गबाट भाषाका सीप तथा सुझको विकास गर्न, भाषा शिक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन तथा अन्ततः पाठ्यक्रमका उद्देश्य हासिल गर्न र प्रत्यक्ष साधन पुग्छ" (शर्मा र पौडेल, २०६७ : २९६) ।

"शिक्षण कार्य एक वैज्ञानिक प्रक्रिया भएकाले यसमा नवीनतम शिक्षण प्रविधिको प्रयोग अपरिहार्य हुन्छ । नवीनतम शिक्षण प्रविधिलाई शैक्षिक सञ्चारको रूपमा प्रयोग गर्दै विश्वमा आएका अयाँ-नयाँ प्रविधिलाई शिक्षण सिकाइ कार्यमा प्रयोग गर्न आवश्यक हुन्छ" (शर्मा, पौडेल र अन्य, २०६९ : ७५६) ।

"सुनेर अथवा देखेर सिकेका भन्दा आफैले गरेर सिकेको सिकाइ लामो समयसम्म स्मरण हुने र सिकाइ दीर्घकालिन हुन्छ । त्यस अर्थमा पनि शैक्षिक सामग्रीहरू प्रयोग गरेर शिक्षण गर्दा बढी प्रभावकारी हुन्छ"(पोखरेल र अधिकारी, २०६५ : १२१) ।

माथिका भनाईबाट के स्पष्ट हुन्छ भने विद्यार्थीहरू शिक्षकले सिकाएका सबै कुरा सिक्छन् भन्न सकिदैन । कतिपय अवस्थामा एउटा कुरा बताउँदा अर्को कुरा बुझ्ने र त्यसै किसिमले सही अर्थ हो भनि ग्रहण गर्न सक्छन् तर शैक्षिक सामग्रीको प्रयोग गर्दा यस्तो अवस्था नभई ज्ञान धेरै समयसम्म स्मरणमा रही व्यवहारिक हुन्छ । वर्तमान परिवेशमा शिक्षण सिकाइमा परम्परागत व्याख्यान विधिको प्रयोग असान्दर्भिक हुँदै आइरहेको प्रयोगात्मक अवस्थामा सिकाइने प्रत्यक्ष प्रक्रियाले शिक्षणलाई आधुनिक प्रविधिमा धकेल्दै गएको छ । शैक्षिक सामग्रीको प्रयोगबाट आधुनिक ढाँचामा शिक्षण गर्न सकिन्छ । यसरी सिकेको ज्ञान व्यवहारिक, रोचक, उपलब्धिमूलक र दीर्घकालिन हुन्छ । यसर्थमा शिक्षा क्षेत्रमा शैक्षिक सामग्रीको अतुलनीय महत्त्व हुन्छ ।

### २.२.२ शैक्षिक सामग्रीको वर्गीकरण

शिक्षण सिकाइमा प्रयोग गरिने साधनहरू एकै प्रकृतिका मात्र नभई बिषयवस्तु अनुसार फरक-फरक हुने गर्छन् । ती सामग्रीहरूलाई बिषयवस्तुको प्रकृतिलाई बुझेर प्रयोग गर्नु आवश्यक हुन्छ । त्यसरी प्रयोग गरिने सामग्रीहरूलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ :

तालिका १ : शैक्षिक सामग्रीको विवरण

| मौखिक सामग्री | श्रव्य सामग्री | दृष्य सामग्री | श्रव्यदृश्य सामग्री | स्पर्श सामग्री | कैफियत |
|---|---|---|---|---|---|
| प्रश्न, उदाहरण | रेडियो | पाटी, कालोपाटी, फलाटिन पाटी, चुम्बकीय पाटी | सिनेमा | नुनिलो | |
| | टेपरेकर्डर | प्रक्षेपक, प्रोजेक्टर, ओभरहेड, स्लाइड, अपारदर्शी | टेलिभिजन | अमिलो | |
| | ग्रामोफोन | पत्तीहरू | भिडियो | धारिलो | |
| | टेलिफोन | गोजी तालिका, शब्दकोश, तस्वीर, मानचित्र | कम्प्युटर | चिल्लो | |
| | लिंग्वा रेकर्डर | तालिका, प्रतिमूर्ति, नक्सा, रेखाचित्र, वास्तविक वस्तु, शिक्षण मेसिन, क्यालेण्डर, सन्दर्भ पुस्तक, शिक्षक निर्देशिका, पत्रिपत्रिका, अभिलेख, रचना | नाटक, भाषा प्रयोगशाला | चिसो, तातो, तीतो, पिरो, गुलियो | |

### २.२.१.१ मौखिक सामग्री

शिक्षण सिकाइमा मौखिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ । मौखिक रूपमा प्रस्तुत गरिने सामग्रीलाई मौखिक सामग्री भनिन्छ । हरेक विषयको शिक्षणमा छिटो छरितो तरिकाले प्रयोग गर्न सकिने हुनाले यसको प्रयोग बढी मात्रामा हुने गर्छ । पाठ्यवस्तुलाई प्रभावकारी ढङ्गले शिक्षण गर्न मौखिक सामग्रीको उपयोगिता प्रभावकारी हुन्छ । यस्ता सामग्रीहरू दुई प्रकारका हुन्छन् :

**(क) प्रश्नहरू**

प्रश्नहरूको स्थान हरेक विषयमा उत्तिकै महत्त्वपूर्ण हुन्छ । शिक्षणको क्रममा प्रश्नहरू सोध्दा विद्यार्थीहरूको ध्यान आकर्षण हुनुका साथै पाठ अगाडि बढाउन पनि सहयोग पुग्छ । विशेष गरी प्रश्न सोध्दा के, किन, कति, कँहा, कहिले, कसरी जस्ता प्रश्नहरूद्वारा जवाफ खोज्ने प्रयास गर्नु उपयुक्त हुन्छ । कक्षा शिक्षणमा प्रश्न किन

सोधिन्छ ? भन्ने सवालमा यसबाट विद्यार्थीको पूर्वज्ञानको पृष्ठभूमिबारे जानकारी लिन, उनीहरूमा पाठको स्मरण छ छैन भनी जान्ने, नयाँनयाँ ज्ञान र अनुभव हासिल गर्न, विद्यार्थीको उत्तर दिने हैसियत र क्षमता पहिचान गर्न, विद्यार्थीलाई बढी जागरूक र क्रियाशील बनाउन, उनीहरूमा रहेका कठिनाइ हटाउन तथा सिकेका ज्ञानलाई चिरस्थायी तुल्याउन प्रश्नोत्तर महत्त्वपूर्ण ठानिन्छ ।

(अ) **प्रस्तावित प्रश्न**

शिक्षण क्रियाकलाप शुरू गर्नुपूर्व सोधिने प्रश्नलाई प्रस्तावित प्रश्न भनिन्छ । यसबाट विद्यार्थीको पूर्वज्ञानको जानकारी प्राप्त हुने उनीहरूमा नयाँनयाँ कुरा सिक्ने जिज्ञासा उत्पन्न हुन्छ । कक्षा व्यवस्थापनमा समेत सहयोग पुग्छ ।

(आ) **विश्लेषणात्मक प्रश्न**

कुनै पनि बिषयवस्तुको विस्तृत व्याख्या विश्लेषण गरेपछि सोधिने प्रश्नहरूलाई विश्लेषणात्मक प्रश्न भनिन्छ । यस्ता प्रश्नले सबै पाठलाई समेट्दछ । पाठभित्र निर्दिष्ट महत्त्वपूर्ण अंशको आशय खोतल्नु, नबुझेको कुरालाई स्पष्ट पार्नु, पाठको मूल भाव केलाउने जस्ता महत्त्वपूर्ण विशेषता यस्ता प्रश्नमा पाइन्छन् ।

(इ) **बोध प्रश्न**

शिक्षण सिकाइको क्रममा कुनै पाठ वा अंशको वाचन गरेपछि विद्यार्थीहरूले पढेको पाठको कतिसम्म भाव ग्रहण गर्न सफल भए भनी सोधिने प्रश्नलाई बोध प्रश्न भनिन्छ । यस्ता खालका प्रश्नहरू अनुच्छेदमा बढीमा पाँचवटा सोध्नु उपयुक्त हुन्छ ।

(ई) **आवृत्तिमूलक प्रश्न**

शिक्षण कार्य सम्पन्न भइसकेपछि त्यसको अन्त्यमा सोधिने प्रश्नलाई आवृत्तिमूलक प्रश्न भनिन्छ । यस्ता प्रश्न शिक्षणपछि बिषयवस्तुको सफलता, असफलता थाहा पाउन तथा मुख्य कुराको पुनरावृत्ति गराउनको लागि महत्त्वपूर्ण हुन्छ । प्रश्न जुन प्रकारको भए पनि त्यसरी सोधिने प्रश्नमा निम्न विशेषताहरू हुनुपर्छ :

१) प्रश्न पाठ्यवस्तुसँग मेल खाने हुनुपर्छ,

२) प्रश्न निश्चित हुनुपर्छ,

३) प्रश्नहरू अति सरल र अति कठिन नभइ मध्यम हुनुपर्छ,

४) प्रश्न विद्यार्थीको क्षमता, स्तर र योग्यता अनुरूप हुनुपर्छ,

५) प्रश्न छोटा, सरल र स्पष्ट हुनुपर्छ,

६) प्रश्न दोहोरो अर्थ लाग्ने हुनुहुँदैन,

७) प्रश्न पुनारावृत्ति हुनुहुँदैन,

८) उद्देश्यमूलक हुनुपर्छ,

९) प्रश्नभित्र उत्तरको सङ्केत हुनुहुँदैन,

१०) प्रश्नहरू निश्चित खालको हुनुपर्छ ।

**(ख) उदाहरण**

उदाहरण पनि एक प्रकारको महत्त्वपूर्ण शैक्षिक सामग्री हो । उदाहरणको माध्यमबाट शिक्षण कार्य सरल रूपमा प्रस्तुत गर्ने, दुरूह कुरालाई सुबोध बनाउने, रूचिमा निरन्तरता कायम गर्ने तथा पाठलाई क्रमकिता दिन सजिलो हुन्छ । पाठ अनुरूप भाव विचार जस्ता अमूर्त तत्व भएमा विभिन्न उदाहरण दिएर सम्प्रेषणीय बनाउन सकिन्छ । यस्ता भाव विचारलाई सामान्य भाषाबाट स्पष्ट पार्न कठिन भएमा विभिन्न उखान, टुक्का, प्रसिद्ध कथन, चुट्किला, महापुरूषका भनाइहरू आदि प्रयोग गरेर भाषा शिक्षणलाई स्पष्ट पार्न सकिन्छ । उदाहरण प्रस्तुत गर्दा शिक्षकले विद्यार्थीको स्तर, योग्यता एवम् ग्रहण शक्तिको आधार विचार पुऱ्याउनुपर्छ । यिनलाई श्रव्यदृश्य सामग्रीको सहायताले पनि प्रस्तुत गर्न सकिन्छ । उदाहरणलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ :

**(अ) शाब्दिक एवम् मौखिक उदाहरण**

मौखिक रूपमा स्पष्ट पार्ने उदाहरणलाई शाब्दिक एवम् मौखिक उदाहरण भनिन्छ । यसले बिषयवस्तुका कठिन भाव एवम् विचारलाई सरल, सहज र स्पष्ट पार्न उपयोग गरिन्छ । शिक्षण गर्दा कहिलेकाँही उदाहरणबाट मात्र प्रष्ट्याउन सकिन्छ । कठिन मूर्त तथा अमूर्त बिषयवस्तुहरूलाई सरल बनाउन यस्ता उदाहरणहरूको महत्त्वपूर्ण स्थान रहेको छ । मौखिक उदाहरण दिँदा बालबालिकाको योग्यता, क्षमता, स्तर एवम् ग्रहण शक्तिको आधारमा दिनुपर्छ । सान्दर्भिक र प्रासङ्गिक अवसरको समयमा मात्र मौखिक उदाहरण दिनुपर्छ । शिक्षकले पाठयोजना निर्माण गर्दादेखि नै मौखिक उदाहरणको प्रयोगबारे विचार पुऱ्याएर चयन गर्नुपर्छ । यस्ता उदाहरण पाठ र पाठ शीर्षकसँग मेल खाने हुनुपर्छ । मौखिक

उदाहरणको भाव र विचार सजीव, रोचक, उत्प्रेरक, उचित वातावरण सिर्जना गर्न सक्ने तथा ध्यानाकर्षण गर्ने खालका हुनुपर्छ ।

**(आ) दृश्य एवम् श्रव्य उदाहरण**

कुनै पनि वास्तविक वस्तु एवम् विभिन्न यान्त्रिक उपकरणहरूलाई श्रव्यदृश्य उदाहरण भनिन्छ । भाषा शिक्षणलाई रोचकता प्रदान गरी सुपाच्य बनाउनका लागि शाब्दिक उदाहरण प्रयाप्त हुँदैनन् । मौखिक कथन व्याख्या विश्लेषणबाट मात्र सिकाइ शिक्षण क्रियाकलाप गर्दा सिकाइले पूर्णता पाउन सक्दैन । श्रव्यदृश्य उदाहरण प्रयोग गरेर समस्या समाधान गर्नुपर्छ । यसले विद्यार्थीहरूलाई पाठप्रति उत्साहित बनाउने र सिकाइप्रति आकर्षित गर्छ । ज्ञान र अनुभवका लागि आँखा र कानको भूमिका प्रमुख रहने हुनाले कक्षा शिक्षणमा नयाँनयाँ कुराको ज्ञान र अनुभव गराउन तथा बालबालिकाको दृष्टि र श्रवणशक्तिलाई क्रियाशील बनाउन सहयोग पुग्छ । शाब्दिक मौखिक उदाहरण भन्दा प्रत्यक्ष वस्तु वा प्रयोगात्मक विधिबाट कक्षाको वातावरण बढी आर्कषक मनोरञ्जनात्मक एवम् प्रभावकारी हुन्छ । सिकारूहरू आफ्नो इन्द्रीयजन्य वस्तुमा बढी सक्रिय हुने हुँदा नयाँनयाँ ज्ञान, सीप एवम् अनुभव गराउन दृश्य एवम् श्रव्य उदाहरणको जरूरी हुन्छ । यसको प्रयोगबाट कक्षाको वातावरण सुन्दर एवम् आकर्षक, मनोरञ्जनात्मक, सुखद् एवम् प्रभावपूर्ण बनाउन सकिन्छ ।

**२.२.२.२ दृश्य सामग्री**

शिक्षण सिकाइका क्रममा प्रत्यक्ष रूपमा आँखाले हेर्न वा अवलोकन गर्न सकिने सामग्रीलाई दृश्य सामग्री भनिन्छ । दृश्य सामग्रीको प्रयोगले ठोस धारणाको विकास गर्न मद्दत पुग्छ । शिक्षणलाई रोचक बनाइ लक्षित उद्देश्य हासिल गर्न उदाहरण तथा व्याख्या विश्लेषणले मात्र हुँदैन । शिक्षणलाई उद्देश्यमूलक बनाउन र पूर्णता प्रदान गर्न विभिन्न प्रकारका दृश्य सामग्रीको प्रयोग अपरिहार्य छ । यस्ता सामग्रीहरूलाई विभिन्न भागमा वर्गीकरण गर्न सकिन्छ ।

**(क) कालोपाटी**

कालोपाटी दैनिक प्रयोगमा आउने सामग्री हो । नेपालको अधिकांश शिक्षण संस्थाहरूमा कालोपाटी वा श्यामपाटीको प्रचलन पाइन्छ तर कतिपय ठाउँमा हरियो, निलो,

सेतो रङ्गका पाटीहरू प्रयोगमा आएको पाइन्छ । कालोपाटीको प्रयोग प्रमुख बुँदाहरूमा जोड दिन, पाठको टिपोट दिन, विद्यार्थीको ध्यानाकर्षण गर्न, शिक्षणीय कुराहरूलाई स्पष्ट्याउन, उच्चारण, वर्णविन्यास, शब्दार्थ शब्दप्रयोग, व्याकरण, सारांश, नमुना, निबन्ध तथा चिठीका ढाँचा, शुद्धाशुद्धि, प्रश्नोत्तर आदिका अभ्यास तथा अनुभव गराउन चित्र तथा नक्सा बनाई कुनै कुराको पुष्टि गर्न आदि सम्पूर्ण कार्यमा प्रयोग गर्न सकिन्छ (शर्मा, पौडेल, २०५६ : २०६) ।

**कालोपाटी प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरूः**

क) कालोपाटी सबै विद्यार्थीहरूले देख्ने ठाउँमा राखिएको हुनु पर्दछ ।

ख) कालोपाटीमा अक्षर लेख्दा शुद्ध, स्पष्ट र आर्कषक लेख्नु पर्दछ ।

ग) कालोपाटी अँध्यारो र हल्लने ठाउँमा राख्नु हुँदैन ।

घ) कालोपाटीमा लेख्दा विद्यार्थीहरूलाई छेकिने गरी लेख्नु हुँदैन ।

ङ) लेखिएका कुराहरू प्रयोग लगत्तै मेट्नुपर्छ ।

च) कालोपाटीको बेलाबेलामा मर्मत संहार वा परिवर्तन गर्नुपर्छ ।

(ख) **फलाटिन पाटी**

फलाटिनको सादा कपडाबाट बनाइएको पाटीलाई फलाटिन पाटी भनिन्छ । शिक्षणको क्रममा फलाटिन पाटीको विशेष महत्त्व हुन्छ । कालोपाटीमा लेखेर देखाउन नसकिने कतिपय सामग्रीहरू प्रस्तुत गर्नका लागि फलाटिन पाटीको प्रयोग गरिन्छ । यसमा समय र परिस्थिति अनुसार बिषयवस्तु अनुकुलका तस्विरहरूलाई प्रर्दशन गर्न सकिन्छ । बिषयवस्तु अनुकुलका चित्र, तालिका, सूची, नमुना, उत्तरहरू, मुख्यमुख्य बुँदाहरू, नक्सा, तस्विर, टुक्रे अक्षर, ग्राफ आदि सामग्री प्रर्दशन गर्न फलाटिन पाटीको आवश्यकता पर्छ । यसको प्रयोग तल्ला कक्षाका लागि बढी उपयोगी हुन्छ ।

**फलाटिन पाटी बनाउने तरिका**

यो चारकुने आकारको हुन्छ । फलाटिन पाटी कपडा (मुख्यतः पलाटिनकै कपडा) द्वारा चारैतिर धागोले सिलाएर र माथितिर उजिन्डो सहित राखेर निर्माण गरिएको यो २४"X३०" को कपडाबाट बनाइन्छ । यसमा चारकुने कपडाको तलमाथि दुबैतिर डण्डी छिराउन मिल्ने गरी सिलाएर बीचमा झुन्ड्याउने डोरी राखेर बनाइन्छ । यसको रङ्ग कालो

वा चक्लेटी रङ्गको बनाउनु उपयुक्त मानिन्छ । खाक्सी लगाएर टुक्रे सामग्रीहरू सजिलैसँग टाँस्न मिल्ने खालको हुनुपर्छ ।

**फलाटिन पाटीका फाइदाहरू**

क) कम खर्चमा सजिलै बनाउन सकिन्छ,

ख) कालोपाटीमा देखाउन असम्भव सामग्रीहरूलाई सजिलै देखाउन सकिन्छ,

ग) सिकाइ सहज र प्रभावकारी हुन्छ,

घ) पाठ अनुसारका सान्दर्भिक उदाहरण सजिलै देखाउन सकिन्छ,

ङ) विद्यार्थीहरूलाई सिकाइप्रति जागरूक र उत्साहित बनाउन सकिन्छ,

च) विद्युतीय सामग्री जस्तै बिग्रने डर हुँदैन,

छ) प्रयोगका लागि दक्ष जनशक्तिको आवश्यकता पर्दैन ।

**(ग) चुम्बकीय पाटी**

चुम्बकीय पाटी फलाटिन पाटी जस्तै बैकल्पिक साधन हो । पलाटिन पाटीको तुलनामा चुम्बकीय पाटीको प्रयोग धेरै सजिलो हुन्छ । यसमा सामग्रीहरू प्रर्दशन गर्दा जतिबेला आवश्यक पऱ्यो सजिलैसँग प्रयोग गर्न र झिक्न सकिन्छ । यसमा सामग्रीहरू फलाटिन पाटीमा जस्तो उडाउने, च्यातिने सहयोगीको आवश्यकता हुँदैन ।

यसको निर्माण गर्दा चुम्बक र जस्ता पाताको आवश्यकता पर्छ । करिब २४"×३०" को पाता लिएर चारैतिर काठको सानो लिस्टिक राखेर माथिबाट चुम्बकले त्यस्ता सामग्रीहरू अड्याउँछ । यो सामग्री आफैले निर्माण गर्न अलि कठिन हुन्छ । यस खालको सामग्री प्रयोगमा ल्याउन सके शिक्षण कार्य निकै प्रभावकारी हुन्छ तर यो न्यून रूपमा प्रयोग गरेको पाइन्छ । यो निकै उपयोग र व्यवहारिक सामग्री हो । विभिन्न सूचीहरू, चित्रहरू तथा नमुना उत्तरहरू प्रस्तुत गर्न यो सजिलो र सुरक्षित सामग्री हो ।

**(घ) गोजी तालिका**

कार्डबोर्ड वा कपडामा गोजीहरू राखेर विभिन्न किसिमका पत्तीहरू प्रदर्शन गर्न मिल्ने गरी बनाइएको तालिकालाई गोजी तालिका भनिन्छ । गोजी तालिका आवश्यकता अनुसार विभिन्न आकारमा बनाउन सकिन्छ । गोजी तालिका बनाउँदा १८"×२४", २४"×२४", २४"×२८" जुनसुकै आकारको कार्डबोर्डबाट बनाउन सकिन्छ । यसमा

४"×५" आकारका पत्तीहरूको प्रयोग गरिने हुनाले पकेटको लम्बाइ ५" र उचाइ २" हुने गरी पट्याएर वा सिएर बनाउनु पर्दछ । शब्दार्थ शिक्षण, शब्द र आकृतिको ज्ञान दिलाउन यस्तो सामग्री बढी उपयोगी हुन्छ ।

**निर्माण गर्ने तरिका**

यसको लागि २४"×२८" को बाक्लो कार्डबोर्डलाई ती चार तह हुने गरी ४"×५" र ४"×८" को आधारमा पत्तीहरू अट्ने गोजीहरू बनाउनु पर्छ । प्रत्येक गोजीका बीचको दुरी किम्तमा १" र हरेक गोजी १" गहिरो हुनु राम्रो हुन्छ (खनिया, र अन्य, २०६६ : ३००) । यसको आधार आवश्यकता हेरी १८"×२४", २४"×२४", २४"×२८" को बनाउन सकिन्छ ।

**प्रयोग गर्ने तरिका**

भाषा शिक्षणमा पाठ्यवस्तु अनुसार तयार गरिएका विभिन्न पत्तीहरू गोजीतालिकाको गोजीमा क्रम मिलाएर राख्नुपर्छ । कुनै लहरको एउटा गोजीमा लेखिएका पत्ती राखेपछि विद्यार्थीहरूमा अब कुन राख्ने भन्ने जिज्ञासा बढ्न सक्छ । यसको माध्यमबाट अक्षर, शब्द, वाक्य, अर्थ, व्याकरण, वस्तु, आकृति आदिको शिक्षणमा उपयोगी हुन्छ । माथिल्लो कक्षामा भन्दा तल्लो कक्षामा बढी उपयोगी हुने दृश्य शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ ।

(ङ) **प्रक्षेपक (प्रोजेक्टर)**

प्रक्षेपक एक विद्युतीय सामग्री हो । प्रक्षेपकको सहायताबाट कुनै चित्र वा आकृतिलाई टाढासम्म पुऱ्याउने कार्य गर्दछ । प्रक्षेपक विभिन्न प्रकारका हुन्छन् ती यस प्रकार छन् :

(अ) **ओभरहेड प्रक्षेपक**

कुनै पनि वस्तुलाई पारदर्शी रूपमा प्रर्दशन गर्न ओभरहेड प्रोजेक्टरको प्रयोग गरिन्छ । विभिन्न प्रकारका नक्सा, तालिका, मानचित्र, रेखाचित्र, पाठका प्रमुख बुँदा, नमुना अभ्यास आदि कुराहरूलाई पारदर्शी प्लाष्टिकमा विशेष खाले कलमले लेखी प्रस्तुत गर्न सकिने प्रक्षेपकलाई ओभरहेड प्रक्षेपक भनिन्छ । यसको प्रयोगले शिक्षण कार्यमा रोचकता र प्रभावकारीता ल्याउँछ ।

(आ) **स्लाइड प्रक्षेपक**

विभिन्न उद्देश्यका लागि स्लाइडमा कोरेर तयार पारिएको स्लाइडलाई प्रर्दशन गर्न सकिने प्रक्षेपकलाई स्लाइड प्रक्षेपक भनिन्छ । भाषिक विषयको शिक्षणमा बढी उपयोगी मानिन्छ ।

(इ) **अपारदर्शी प्रक्षेपक**

अपारदर्शी सामग्रीलाई पनि प्रक्षेपित गरी देखाउनको निम्ति अपारदर्शी प्रक्षेपकको प्रयोग गरिन्छ । ट्रेममा राखी आवश्यकता अनुसार ठूलो वा सानो आकारमा देखाउन सकिन्छ । प्रक्षेपकहरू भाषा शिक्षणको लागि उपयोगी सामग्री हुन् । यो अलि महङ्गो हुनाले ग्रामीण परिवेशमा प्रयोग गर्न अलि कठिन पर्दछ । यसको लागि विशेष सीपको आवश्यकता पर्ने हुनाले प्रयोग अलि कठिन हुन्छ ।

(च) **चित्रपट्टिका (फिल्म स्ट्रिप)**

यो एउटा महत्त्वपूर्ण दृश्य सामग्री हो । यसलाई प्रक्षेपकको सहायताले प्रर्दशन गर्न सकिन्छ । यो कथा कहानी सिकाउनको लागि बढी उपयोगी मानिन्छ । भाषिक बिषयवस्तुमा यसको बढी प्रयोग हुन्छ । हालसम्म भाषाशिक्षणमा यसलाई उपयोगमा ल्याउन सकिएको छैन (खनिया र अन्य, २०६६) ।

(छ) **शिक्षण मेसिन**

यो कम्प्युटरमा आधारित शिक्षण यन्त्र हो । यसमा डिजिटल, प्रोजेक्टर र विद्युतीय टङ्कन यन्त्र पनि समावेश गरिएका हुन्छन् । यसले विद्यार्थीहरूको उत्तर प्रतिक्रिया जनाउने, विद्यार्थीका प्रश्नका उत्तर दिने, विद्यार्थीलाई कसरी सफल पार्न सकिन्छ भन्ने सुझाव दिने समेत कार्य गर्दछ । अमेरिकी तथा यूरोपियन मुलुकमा विगत एक दशकदेखि शिक्षण मेसिनको प्रयोग भएको पाइन्छ । यस्ता शिक्षण मेसिन मध्ये निम्न मेसिनहरू प्रचलनमा छन्:

क) स्वभोषित शिक्षण मेसिन

ख) स्वशिक्षक शिक्षण मेसिन

ग) श्रव्य-दृश्य सङ्गठन मेसिन

यस्ता सामग्री उत्पादनले शिक्षक एवम् विद्यार्थीहरूलाई कम समयमा बढीभन्दा बढी सत्य, तथ्य ज्ञान प्राप्त गर्न सफलता मिलेको छ । यसको प्रयोग पश्चात् मुलुकमा दिनानुदिन महत्व बढ्दै गएको छ । प्रा. एस.बी.ले भनेका छन्- "यस शताब्दीमा मुद्रणको आविष्कारपछि पहिलो पटक शिक्षणमा नौलो प्रविधिको प्रयोग गरिएको छ । यसले शिक्षणका सम्पूर्ण प्रक्रियाहरूलाई रूपान्तरित गर्नेछ । यद्यपि रूपान्तरण कस्तो हुन्छ ? यो कल्पनाको कुरा हो । आजसम्म आविष्कार भएका सामग्री मध्ये शिक्षण मेसिन अत्याधुनिक मानिन्छ ।"

(ज) **पत्तीहरू**

कार्डबोर्ड कागज वा अन्य बाक्लो कागजमा ४"×५" आकारका टुक्राहरूलाई नै पत्ती भनिन्छ । विभिन्न बिषयको शिक्षणमा यस्ता पत्तीहरूको प्रयोग भएतापनि नेपाली भाषाशिक्षणमा बढी उपयोगी मानिन्छ । कक्षामा यसको प्रस्तुती गोजी तालिका वा फलाटिन पाटीमा राखेर गरिन्छ । प्रयोग गरिने पत्तीहरूलाई कक्षा आकार हेरी आकर्षक र स्पष्ट बुझिने गरी लेखेर तयार गर्नुपर्छ । यसको निर्माण स्थानीय रूपमा कागजका टुक्राबाट बनाउन पनि सकिन्छ (शर्मा र पौडेल, २०६०) ।

(झ) **रेखाचित्र (डायग्राम)**

शिक्षण सिकाइको शिलशिलामा शैक्षिक सामग्री अभाव हुँदा कालोपाटीमा रेखाचित्र खिचेर देखाउने गरिन्छ । रेखाचित्र पाठ्यवस्तुलाई सरल र सहज ढङ्गबाट अर्थ्याउन तुरून्तै बनाएर प्रयोग गर्न तथा प्रदर्शन गर्न सकिने शैक्षणिक साधन हो । रेखाचित्र गणितीय बिषयवस्तुमा बढी प्रयोग गरिन्छ । भाषा शिक्षणमा तल्लो तहमा यसको बढी उपयोग हुन्छ ।

(ञ) **मानचित्र**

विशेष गरी सामाजिक बिषयको शिक्षणको लागि उपयोगी शैक्षिक सामग्री हो । विश्वको मानचित्रमा नेपाल, भारत, अमेरिका पहिल्याउन तथा नेपालको मानचित्रमा गोरखा, पोखरा जस्ता क्षेत्रहरू महिल्याउन यस सामग्रीको प्रयोग गरिन्छ । हिमाल, पहाड, तराईका क्षेत्रहरू पहिचान गर्न यसको महत्त्व ठानिन्छ ।

(ट) व्यङ्ग्य चित्र

व्यङ्ग्य चित्रको प्रयोगले शिक्षणलाई रोचक र प्रभावकारी बनाउन सहयोग पुग्छ । खासगरी तल्लोतहमा शिक्षण गर्न बालबालिकाहरूलाई मनोरञ्जनात्मक तरिकाले सिकाइप्रति उत्प्रेरित गर्नका निम्ति व्यङ्ग्य चित्रद्वारा समाजमा रहेका विभिन्न विकृति, विसङ्गति, कुरीति र कुसंस्कारप्रति व्यङ्ग्य भाव व्यक्त गर्न प्रयोगमा ल्याउन सकिन्छ ।

(ठ) चित्रकथा

श्रृङखलाबद्ध चित्रहरूको घटनाक्रमको माध्यमबाट विद्यार्थीहरूमा सूक्ष्म ढङ्गले अध्ययन गर्ने बानीको विकास गराउन सकिन्छ । चित्रकथा अन्य विषयको तुलनामा भाषाशिक्षणमा बढी उपयुक्त मानिन्छ । यसबाट कुनै घटनाक्रमको वर्णनात्मक क्षमताको विकास हुन्छ । विभिन्न सिलसिलाबद्ध चित्रहरूको सहायताबट विद्यार्थीहरू अर्को छुट्टै कथा बनाउन सक्छन् । यस्ता सामग्रीहरू पनि तल्लो तहमा बढी उपयोगी मानिन्छ ।

(ड) वस्तु तथा प्रतिमूर्ति

कुनै ठूलो वस्तुको सानो नमुनालाई प्रतिमूर्ति भनिन्छ । बिषयवस्तुका बारेमा धारणा दिन, वर्णन गर्न, विवरण प्रस्तुत गर्न, शब्दभण्डारको विकास गर्न प्रतिमूर्तिको उपयोग आवश्यक छ । जस्तैः हिमाल, गाउँ, मन्दिर, शहर, नक्सा, पशुपक्षी, जनावर नै कक्षामा ल्याएर देखाउन सकिदैन । त्यस्तो अवस्थामा यस्ता वस्तुको प्रयोग गरी भाव प्रष्ट पार्न सकिन्छ ।

(ढ) तालिका तथा सूची

पाठ्यवस्तुमा आधारित प्रमुख बुँढा वा तथ्यहरूलाई छुट्टै कागजमा क्रमबद्ध रूपमा गरिने रेखीय प्रस्तुती नै तालिका हो (शर्मा र पौडेल, २०६७ : २०७) । तालिकाको माध्यमबाट पाठ्यवस्तुलाई सरल रूपमा प्रस्तुत गरी व्यवहारिक ज्ञान हासिल गराउन सकिन्छ । व्याकरणात्मक कोटि, भाषा सम्बन्धी तथ्य, गणितीय बिषयवस्तु, विज्ञान र सामाजिक बिषयसँग सम्बन्धित बिषयलाई तालिकामा देखाउन सकिन्छ ।

(ण) **वास्तविक वस्तु**

यस्तो वास्तविक वस्तु प्राकृतिक वा मानव निर्मित हुन सक्छ । यस्ता वस्तुले विद्यार्थीको धारणा स्पष्ट पार्न सहयोग गर्छ । विद्यार्थीहरूलाई शिक्षकले सम्बन्धित ठाउँमा भ्रमण गराएर, कक्षाकोठामा सम्बन्धित बिषववस्तु लगेर वास्तविक पदार्थबारे जानकारी गराउन सकिन्छ । कुनै फल, फूल, पात, ढुङ्गा, अन्नका दाना, ग्याँस, काठका टुक्रा, नुन, चिनी, फलाम आदि विषयको जानकारी दिन त्यस्ता वस्तुको प्रयोग गर्न सकिन्छ । वास्तविक वस्तु वा चित्रले सम्बन्धित बिषयको जति जानकारी सहज, सरल र रूचिपूर्ण ढङ्गले दिन्छ त्यति शब्दद्वारा कहिल्यै दिन सक्दैन । प्रतिमूर्ति र चित्रले पनि दिनसक्ने स्थिति हुँदैन । सम्भव भएसम्म प्रभावकारी उपाय ठहर्छ (ढकाल, २०६६ : ३५१) ।

(त) **चार्ट**

कुनै संस्था तथा विकास योजनाको बारेमा उद्देश्य पुष्टि गराउने उद्देश्यले चार्टको निर्माण गरिएको हुन्छ । यसमा तथ्य र चित्रको समन्वय हुन्छ । विशेष गरी व्याकरणीय बिषयवस्तु, सामाजिक शिक्षासँग सम्बन्धित तथ्याङ्कहरू, अर्थशास्त्रसँग सम्बन्धित बिषयवस्तु चार्टमा राखेर सिकाउँदा बढी प्रभावकारी हुन्छ ।

(थ) **पोष्टर**

एक प्रकारको विज्ञापन गर्ने उद्देश्यले बनाइएको चित्रलाई पोष्टर भनिन्छ । यसले द्रष्टाले दृष्टि र ध्यानलाई अचानक आर्कषित गरी आफूतर्फ खिच्ने काम गर्छ । शिक्षणको क्रममा तुरून्त विद्यार्थीको ध्यान आर्कषण गर्न र कक्षा व्यवस्थापनमा सहयोग पुऱ्याउन यस्ता सामग्रीको प्रयोग गरिन्छ ।

(द) **नक्सा**

नक्सा पनि एउटा महत्त्वपूर्ण शैक्षिक सामग्री हो । यो भाषा शिक्षण, गणितीय बिषयवस्तु भन्दा सामाजिक बिषयको लागि यो सामग्री बढी प्रभावकारी मानिन्छ । यसले पाठलाई सरल रूपमा शिक्षण गर्न सहयोग पुऱ्याउँछ ।

(ध) **पाठ्यपुस्तक**

पाठ्यपुस्तक शिक्षणका सन्दर्भमा प्रयोग हुने भरपर्दो र पुरानो दृश्यात्मक शैक्षिक सामग्री हो । पाठ्यपुस्तक कक्षा र विद्यार्थीको स्तर अनुसार क्षेत्र र क्रमलाई आधार मानेर तयार पारिएको हुन्छ । पाठ्यपुस्तकको प्रयोगबाट नै शिक्षकले योजनाबद्ध शिक्षण गर्छ । पाठ्यक्रमले निर्धारित गरेको उद्देश्यहरू परिपूर्तिको लागि तयार गरिएका बिषयसूची र यसको क्षेत्रको आधारमा निर्धारित उद्देश्य प्राप्तिमा सहयोग पुग्ने गरी तयार पारिएको सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ (शैक्षिक जनशक्ति विकास केन्द्र, २०६१ : ३२) । विद्यार्थीहरूले यसकै सहयोगबाट बिषयवस्तुलाई दोऱ्याइ, तेऱ्याइ शिक्षण गर्न सहयोग पुऱ्याउँछ । वार्षिक कार्यपात्रो अनुसार वर्षभरीमा के कति पढाउने भन्ने कुरा निर्दिष्ट गरी पाठ्यपुस्तकमा व्यवस्था गरिएको हुन्छ ।

असल पाठ्यपुस्तकमा हुनुपर्ने आवश्यक अङ्गहरू यस प्रकार छन्:

- क्रमबद्धता,
- भावमा आधारित बोध प्रश्न,
- पाठ्यवस्तु शिक्षण गर्न शिक्षकलाई दिइने सुझाव तथा पाठ सम्बन्धि अन्य जानकारी,
- प्रत्येक पाठको आधारमा निर्मित अभ्यास,
- अन्त्यमा मूल्याङ्कनका लागि केही नमुना प्रश्न ।

(न) **शिक्षक निर्देशिका**

शिक्षकले गर्नुपर्ने शिक्षण सिकाइ कार्यमा सहयोग पुऱ्याउने किसिमले बिषयवस्तुहरू के-के पढाउने, कसरी पढाउने, कुन पाठलाई कति समय दिने, कुन पाठमा कुन शैक्षिक सामग्रीको प्रयोग गर्ने, विद्यार्थीको विवरण भएको निर्देशन पुस्तिकालाई शिक्षक निर्देशिका भनिन्छ । यसमा खासगरी पाठशीर्षक, उद्देश्य, सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, अनुमानित घण्टी, पाठ्यपुस्तक अभ्यासका केही प्रश्नको समाधान र अभ्यासका लागि थप प्रश्नको समावेश गरिएको हुन्छ । यसले शिक्षकलाई हरेक पाठ शिक्षण गर्नको लागि कार्य निर्देश गर्ने हुनाले शिक्षकको लागि अत्यन्तै उपयोगी मानिन्छ । अतः पाठयोजना निर्माणका लागि मात्र नभएर शिक्षण कार्यका हरेक क्षेत्रमा यसले सहयोग गर्छ ।

**शिक्षक निर्देशिकाको प्रयोग**

शिक्षक निर्देशिकाको प्रयोग शिक्षण कार्यलाई सरल, स्पष्ट, व्यवस्थित र योजनाबद्ध बनाउन महत्त्वपूर्ण सहयोग पुग्दछ । यसको प्रयोग मूलतः निम्न कार्यमा गर्न सकिन्छ ।

क) विभिन्न शैक्षिक योजनाहरू( वार्षिक, एकाइ र पाठयोजना गर्न),

ख) पूर्व तयार गर्न,

ग) शैक्षिक सामग्रीको छनोट र प्रयोग गर्न,

घ) उपयुक्त शिक्षण विधिको चयन गर्न,

ङ) शैक्षिक क्रियाकलापको तयार र सञ्चालन गर्न,

च) मूल्याङ्कनका उपयुक्त विधि प्रविधिको छनोट, निर्माण र प्रयोग गरी विद्यार्थी मूल्याङ्कन गर्न,

छ) तालिम अप्राप्त, कम अनुभवी र कम योग्यता भएका शिक्षकहरूलाई सहयोग गर्न ।

(प) **सन्दर्भ सामग्रीहरू**

शिक्षण सिकाइको क्रममा पाठ्यपुस्तकको प्रयोगले मात्र अपर्याप्त हुन्छ । विद्यार्थीहरूलाई रोचक र प्रभावकारी रूपमा शिक्षण गर्न तथा त्यस सम्बन्धी थप जानकारी र सिप हासिल गर्न पाठ्यपुस्तकबाट मात्र सम्भव हुँदैन । यस्तो अवस्थामा पाठ र विधा अनुरूप अन्य सन्दर्भ सामग्रीको आवश्यकता पर्छ । यस्ता सामग्रीहरू शिक्षक तथा विद्यार्थीहरूलाई लगनशील तथा अध्ययनशील बनाउनुको साथै पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश भएका विषयवस्तु सजिलै ग्रहण गर्न सहयोग पुऱ्याउँछ । व्यक्तिभित्र लुकेर बसेका क्षमतालाई प्रस्फुटित गर्न सन्दर्भ सामग्रीको आवश्यकता पर्छ । यस्ता सामग्रीहरूको प्रयोगद्वारा सिकाइ रूचिपूर्ण हुन्छ । यस्ता सामग्रीहरू सहजै नपाइए तापनि “जहाँ इच्छा त्यहाँ उपाय” भने झैँ व्यक्तिको प्रयास जारी रहेमा थोरै-थोरै सामग्रीहरू सङ्कलन गरी त्यसको प्रयोग गरी हरेक विषयको प्रभावकारी शिक्षणमा सहयोग पुग्दछ ।

२.२.२.३ **श्रव्य सामग्री**

सुनेर ज्ञान, सीप, अनुभव प्राप्त गर्न सकिने सामग्रीहरूलाई श्रव्य सामग्री भनिन्छ । शिक्षण सिकाइ प्रक्रियामा प्रयोग गर्न सकिने विभिन्न प्रकारका सामग्रीमध्ये श्रव्य सामग्री पनि महत्त्वपूर्ण हुन्छन् । अझ टाढा-टाढा रहेर पनि विभिन्न प्रकारका ज्ञान, सीप प्राप्त गर्ने

कार्यमा श्रव्य सामग्रीले सहयोग पुऱ्याउँछ । श्रव्य सामग्रीको रूपमा रेडियो, टेपरेकर्ड, ग्रामोफोन, टेलिफोन आदिलाई लिन सकिन्छ ।

(क) **रेडियो**

रेडियो श्रव्य सामग्रीको एक महत्त्वपूर्ण साधन हो । टाढा रहेर पनि रेडियोबाट विभिन्न प्रकारका सूचनामूलक बिषयवस्तु, तथ्याङ्क तथा जानकारीहरू प्राप्त गर्न सकिन्छ । रेडियोबाट बालशिक्षा कार्यक्रम, शैक्षिक कार्यक्रम पनि सञ्चालन भएका छन् । त्यस्तै विभिन्न दार्शनिक, शिक्षाशास्त्री, विचारकहरूका भनाइहरू प्रसारण गर्न सकिन्छ ।

कक्षा शिक्षकले रडियो श्रव्य सामग्रीको प्रयोग गरेपछि त्यसबाट प्राप्त हुने लक्षित उद्देश्य प्राप्त भयो कि भएनन् भनेर थाहा पाउनको लागि त्यससँग सम्बन्धित प्रश्नहरू सोध्ने, छलफल गर्ने कार्य गर्नुपर्छ । यसलाई राम्ररी प्रसारण गर्न सक्यो भने शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ । हाल नेपालमा रेडियोको माध्यमबाट शैक्षिक तालिम, एस्.एल्.सी.मा सहभागी विद्यार्थीहरूको लागि समेत रेडियोको माध्यमबाट बिषयवस्तु प्रसारण गरिएको छ । अतः रेडियोले भाषा शिक्षणमा निम्नलिखित फाइदा पुऱ्याएको पाइन्छ ।

- विभिन्न घटनाहरू एक समयमा सबैले सुन्न पाइन्छ,
- विद्यार्थीहरूको सामान्य ज्ञान एवम् बौद्धिक ज्ञानको वृद्धि हुन्छ,
- सर्वसुलभ र कम खर्चिलो हुन्छ,
- बालबालिकाको नैतिक चरित्रमा फाइदा पुऱ्याउँछ,
- रेडियोबाट प्रसारण हुने शैक्षिक कार्यक्रमले शिक्षण सिकाइमा अत्याधिक टेवा पुऱ्याउँछ,
- अन्य सामग्रीको तुलनामा कम खर्चिलो हुन्छ,
- रेडियोबाट नयाँ-नयाँ शब्दहरूको प्रयोग गर्ने समान अवसर प्राप्त हुन्छ,
- एकै समयमा धेरै विद्यार्थीहरूलाई शिक्षा दिन सकिन्छ,
- तर्कशक्ति, स्मरण शक्ति एवम् कल्पना शक्तिको तीव्र विकास हुन्छ,
- बालबालिकमा रहेको अन्तर्निहित प्रतिभाको विकास हुन्छ,
- यस अन्तर्गत असल वक्ताको व्यवस्था गर्न सकिन्छ ।

कक्षाकोठामा प्रयोग गरिने हरेक बिषयको शिक्षणको क्षेत्रमा रेडियो एक महत्त्वपूर्ण श्रव्य सामग्रीको रूपमा उपयोगी भएको छ । जापान, वेलायत, चीन जस्ता विकसित देशमा

हरेक तहमा शिक्षणको क्रममा रेडियोको प्रयोग भएको पाइन्छ । नेपालमा पनि वि.सं. २०३७ सालदेखि यसको प्रयोग शुरूवात गरिएको हो ।

(ख) **टेपरेकर्डर**

शिक्षण गर्नुपर्ने कुराहरू टेपरेकर्डरमा खिचेर आवश्यकता अनुसार विद्यार्थीहरूलाई सुनाउन टेपरेकर्डर महत्त्वपूर्ण हुन्छ । सुनाइ सीपको विकास गराउन, विभिन्न पाठका बिषयवस्तु तथा जानकारीमूलक सूचना सुनाउन पनि टेपरेकर्डरको प्रयोग गर्न सकिन्छ । वाक्य रचना उच्चारण शिक्षणका लागि पनि टेपरेकर्डर उपयोग हुन्छ । विभिन्न संवादात्मक अभिव्यक्ति नाटकीकरणका संवाद आदि पनि टेपरेकर्डरबाट सुनाउन सकिन्छ । टाढा रहेका बालबालिकालाई अन्यत्रबाट रेकर्ड गरेको सामग्री सुनाउने दृष्टिले पनि यो महत्त्वपूर्ण हुन्छ । भाषागत शुद्धता ल्याउन यसको प्रयोग बढी उपयोगी मानिन्छ । जसका फाइदाहरूलाई निम्न अनुसार देखाउन सकिन्छ ।

- शुद्ध उच्चारण अभ्यास गर्न सकिन्छ,
- विभिन्न बिषयवस्तुलाई रेकर्ड गरी चाहेको बेला सुन्न सकिन्छ,
- एउटै बिषयवस्तुलाई पटक-पटक पुनरावृत्ति गरी सुन्न सकिन्छ,
- विभिन्न घटनामूलक बिषयवस्तुलाई आवश्यकता अनुसार पटक-पटक सुन्न सकिन्छ,
- अन्य श्रव्य-दृश्य सामग्रीको तुलनामा कम खर्चिलो हुन्छ,
- एक ठाउँबाट अर्को ठाउँमा सजिलै लैजान सकिन्छ,
- व्यक्तिगत र सामुहिक मौखिक तथा सुनाइ सीपको अभ्यास गराउन सकिन्छ,
- महान् वाणीहरूलाई आवश्यकता अनुसार सुन्न र सुनाउन सकिन्छ ।

(ग) **ग्रामोफोन**

ग्रामोफोन एक प्रकारको स्थायी रेकर्ड हो । यिनीहरू बनिबनाउ रूपमा बजारमा पाइन्छन् । विभिन्न किसिमका शिक्षण क्रियाकलापहरूमा रेकर्ड गरी आवश्यकता अनुसार प्रयोग गर्न ग्रामोफोनको प्रयोग गरिन्छ । यसमा पनि टेपरेकर्डकै खालको पद्दतिको प्रयोग गरिन्छ ।

(घ) **टेलिफोन**

टेलिफोनलाई पनि शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ । अन्य सामग्री जस्तो यसलाई कक्षामा लगेर शिक्षण गर्न त्यति प्रभावकारी नभएको पनि आवश्यक परेको बेलामा खास-खास कुराहरू खोजेर बौद्धिक ज्ञान लिन सकिन्छ । "नेपाली भाषा शिक्षणमा उच्चारण अभ्यास गराउन र श्रुतिबोध अभ्यास गराउन आदि विभिन्न उद्देश्यहरूको लागि टेलिफोनको पनि उपयोग गर्न सकिन्छ (शर्मा र पौडेल, २०६०:२०८) आवश्यकता अनुसार जान्ने व्यक्ति, प्रशिक्षक वा स्रोत व्यक्ति वा शिक्षकसँग सोझै फोन गरेर जानकारी प्राप्त गर्न सकिन्छ ।

२.२.२.४ **श्रव्य-दृश्य सामग्री**

सामान्यतया शिक्षण सिकाइ प्रक्रियामा देख्न र सुन्ने दुबै माध्यमबाट प्रयोग गरिने सामग्रीलाई श्रव्य-दृश्य सामग्री भनिन्छ । अर्थात् देखेर र सुनेर शिक्षण गर्न सकिने शैक्षिक सामग्रीलाई श्रव्य-दृश्य सामग्री भनिन्छ । यस अन्तर्गत निम्न सामग्रीहरू पर्छन् ।

(क) **चलचित्र** (**सिनेमा**)

साना-ठूला पर्दाहरूमा सचित्र क्रियाकलापहरू सहित आवाज भरी प्रस्तुत गरिने श्रव्य-दृश्य सामग्रीलाई चलचित्र भनिन्छ । विश्वव्यापी रूपमा विद्युतीय आविष्कारको साथसाथमा यसको प्रयोग उपयोगी बन्दै आएको पाइन्छ । शिक्षणमा प्रयोग हुने चलचित्र हलमा देखाइने चलचित्र भन्दा भिन्न प्रकृतिका र १६ मिटरको फिल्म बनाइ कक्षामा देखाउनको लागि तयार गरिन्छ ।

विद्यार्थीलाई जुन बिषयको बारेमा चलचित्र देखाउने हो । त्यसबारे कक्षामा पूर्णरूपमा जानकारी दिनुपर्छ र उनीहरूलाई केही प्रश्न सोध्ने र प्रश्नको उत्तर चलचित्रबाट खोज्न लगाउनुपर्छ । चलचित्र आवश्यकता अनुसार देखाउन सकिन्छ । शिक्षणमा प्रयोग गरिने चलचित्र निम्न विशेषता भएको हुनुपर्छ ।

- छोटो आकारको हुनुपर्छ,
- चलचित्रको बिषयगत निर्देशिका हुनुपर्छ,
- सरल भाषा र स्तर अनुकुल हुनुपर्छ,
- चलचित्र कुनैपनि कपडाको पर्दामा देखाउन मिल्ने खालको हुनुपर्छ,
- प्रश्नको उत्तर चलचित्रबाट खोज्न लगाउनुपर्छ,

- आवश्यकता अनुसारको गतिमा पर्दशन गर्न सकिने खालको हुनुपर्छ ।

(ख) **टेलिभिजन**

श्रव्य-दृश्य सामग्रीका रूपमा टेलिभिजनलाई पनि महत्त्वपूर्ण स्थान दिइएको पाइन्छ । यसका माध्यमबाट विद्यार्थीहरू रूचिपूर्ण तरिकाले ज्ञान हासिल गर्न सकिन्छ । बिषयगत वृत्तचित्रहरूलाई देखाउन यसको महत्त्व बढी हुन्छ । टेलिभिजनको प्रभाव रेडियोको भन्दा बढी हुने हुनाले युरोप, अमेरिका, जापान जस्ता देशहरूमा टेलिभिजनको सहायताले शिक्षण गरेको पाइन्छ । प्रत्यक्ष रूपमा देख्न र सुन्न पाउने हुनाले यसबाट सिकेका कुरा धेरै समयसम्म टिकाउ रहन्छ ।

(ग) **नाटकीकरण**

नाटकीकरण तथा अभिनयको माध्यमद्वारा पनि विभिन्न विषयको शिक्षण गर्न सकिन्छ । हरेक विषयको शिक्षणमा यसले महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । यसले एकातर्फ विद्यार्थीहरूलाई मनोरञ्जन प्रदान गर्नुका साथै विद्यार्थीको रूचि जाग्ने गर्दछ । यसो भएपछि स्वभाविक रूपमा सम्बन्धित बिषयका उद्देश्यलाई पूरा गर्न सकिन्छ । यसबाट विद्यार्थीमा सहज रूपमा बोल्ने, हिचकिचावट हटेर जान्छ । नेपाली भाषाका सन्दर्भमा नाटक एकाङ्की आदि विधामा यसको प्रयोग गरिन्छ ।

(घ) **परिभ्रमण**

पढेको कुराभन्दा देखेको कुरा दीर्घजीवी हुन्छन् । विशेषगरी सामाजिक, जनसंख्या, विज्ञानजस्ता विषयमा दृश्यात्मक अवलोकनबाट सिकाइ दिगो हुन्छ । कुनै पनि वस्तु एवम् दृश्यहरूको यथार्थ जानकारी लिन परिभ्रमण महत्त्वपूर्ण छ । ऐतिहासिक स्थल, मठ, मन्दिर आदिको ज्ञान पढेको भन्दा परिभ्रमण गराएर प्राप्त गरेको ज्ञान धेरै गुना चिरस्थायी हुन्छ । यसबाट विद्यार्थीमा वस्तुबारे आफ्नो स्वतन्त्र विचार राख्न सक्ने प्रतिक्रिया व्यक्त गर्न सक्ने, शिक्षकसँग व्यक्तिगत एवम् सामूहिक रूपमा विचार विमर्श गर्न सक्ने क्षमताको अभिवृद्धि हुन्छ ।

### २.२.२.५ स्पर्श सामग्री

कुनै सामग्रीहरू (वस्तुहरू) को स्पर्शबाट अर्थबोध हुने वा धारणा दिने त्यस्ता सामग्रीहरूलाई स्पर्श सामग्री भनिन्छ । जस्तैः नरम, खस्रो, चिल्लो, अमिलो, तातो, पिरो, गिलो, चिसो, टर्रो, नुनिलो, गुलियो आदि ठम्याउनका लागि दृश्यात्मकका लागि कुनै वस्तु वा सामग्री नै स्पर्श गर्नुपर्ने हुन्छ । तबमात्र उक्त धारणा बसाल्न सम्भव हुन्छ । अमूर्त वा भावात्मक धारणा दिने पनि यस्ता सामग्रीहरूको उपयोग गर्न सकिन्छ । यस सामग्रीहरू माथिल्ला तहमा भन्दा पनि विशेषत प्राथमिक तहमा बढी उपयोगी हुन्छन् ।

### २.२.३ असल शैक्षिक सामग्रीका विशेषताहरू

कक्षा शिक्षणमा शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ । शैक्षिक सामग्रीलाई कक्षामा लगेर प्रस्तुत गर्दै शिक्षण प्रभावकारी हुँदैन । बिषयवस्तु र शैक्षिक सामग्री बिचमा केन्द्रीय तालमेल मिल्नु पर्छ । जस्तो पायो त्यस्तो शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीहरूमा नकारात्मक असर पनि पर्न जान्छ । अतः असल शैक्षिक सामग्रीभित्र निम्न गुण वा विशेषताहरू हुनु आवश्यक हुन्छ :

क) शैक्षिक सामग्रीले शिक्षण सिकाइको विशिष्ट उद्देश्य प्राप्तिमा सहयोग गर्नुपर्छ,

ख) शैक्षिक सामग्री विषयवस्तुसँग मिल्दो हुनुपर्छ,

ग) सामग्री सस्तो र सर्वसुलभ हुनुपर्छ,

घ) सामग्री विद्यार्थीको रूचि र उत्साह अभिवृद्धि गर्ने खालको हुनुपर्छ,

ङ) सफा र स्पष्ट हुनुपर्छ,

च) शैक्षिक सामग्री ल्याउन र लैजान सकिने खालको हुनुपर्छ,

छ) शैक्षिक सामग्री सबैले देख्न सक्ने खालको हुनुपर्छ,

ज) स्थानीय स्रोत र साधनले समेट्न सक्ने खालको हुनुपर्दछ,

झ) आर्कषक हुनुपर्छ ।

माथि उल्लेखित विशेषताबाट शिक्षणलाई विशिष्टिकृत गर्न र उद्देश्य पूर्ति गर्न पूर्णत सहयोग पुग्ने देखिन्छ ।

### २.२.४ शैक्षिक सामग्रीको उपयोगबाट हुने फाइदाहरू

शिक्षणमा शैक्षिक सामग्रीको निकै ठूलो महत्त्व रहेको छ । विद्यालय प्रशासन, शिक्षक र विद्यार्थीको क्षेत्रमा यसलाई महत्त्वका साथमा लिने गरिन्छ । शैक्षिक सामग्रीको उपयोगबाट हुने फाइदाहरूलाई निम्न बुँदाहरूमा उल्लेख गर्न सकिन्छः

क) शिक्षण सिकाइलाई अर्थपूर्ण र प्रभावकारी बनाउँछ,

ख) शिक्षणमा रहिरहेको परम्पारगत थोत्रो विविधलाई परिवर्तन गर्छ,

ग) विद्यार्थीको रूचि र चाखअनुसार शिक्षण गर्नु,

घ) पाठ्यक्रमका उद्देश्यहरूलाई व्यवहारिक रूपमा पूरा गराउँछ,

ङ) शिक्षणमा विद्यार्थीहरूलाई क्रियाशील बनाई उनीहरूमा लुकेको क्षमतालाई बाहिर ल्याउँछ,

च) विद्यार्थीहरूलाई शिक्षण सिकाइ क्रियाकलापमा सक्रियपूर्वक सहभागी गराउँछ,

छ) शिक्षकलाई आफ्नो पेशाप्रति दक्षता बढाई दक्ष बनाउँछ,

ज) सिकाइलाई मूर्तरूप दिई विद्यार्थीमा ठोस धारणा विकास गर्छ,

झ) विद्यार्थीमा उपयुक्त ज्ञान, सीप र धारणाको व्यावहारिक विकास गर्छ,

ञ) कम खर्चमा स्थानीय स्रोत र साधनको परिचालनबाट प्रभावकारी शिक्षण गर्छ,

ट) शिक्षणमा एकरूपता ल्याउँछ,

ठ) सिकाइ दिगो हुन्छ । स्रोतः माध्यमिक शिक्षक दर्पण-२०७१

### २.२.५ शैक्षिक सामग्रीको छनोट

शिक्षणमा शैक्षिक सामग्रीको छनोट पनि महत्त्वपूर्ण पक्ष अन्तर्गत पर्छ । सामग्री बिषयवस्तु अनुकुल भएन भने त्यसको उपादेयता घट्न जान्छ । सामग्रीको छनोट गर्न सक्नु पनि उच्च दक्षताभित्र पर्छ । शैक्षिक सामग्री छनोट गर्दा निम्न कुरामा ध्यान दिनुपर्छ ।

क) उद्देश्य प्राप्तिमा सहयोगी हुनुपर्ने,

ख) सजिलै सङ्कलन, निर्माण र प्रयोग गर्न सकिने हुनुपर्ने,

ग) सिकारूलाई सजिलै उत्प्रेरित गर्ने हुनुपर्ने,

घ) सरल किसिमको हुनुपर्ने,

ङ) सबैले देख्ने चम्किलो हुनुपर्ने,

च) बालमनोविज्ञालनई ध्यान दिएर तयार गरिएको हुनुपर्ने,

छ) सबैले देख्ने र प्रयोग गर्न सकिने हुनुपर्ने,

ज) प्रयोग र पूनः प्रयोग गर्न सकिने हुनुपर्ने,

झ) स्थानीय स्रोत र साधनलाई उपयोग गर्न सकिने हुनुपर्ने,

ञ) प्रत्येक पक्षबाट हेर्दा उपयुक्र हुनुपर्ने,

ट) स्तरीय, सुधारयुक्त हुनुपर्ने,

ठ) स्तरीय, सुधारयुत्तः हुनुपर्ने

ड) आधुनिक र स्तरीय हुनुपर्ने,

ढ) ज्ञानवर्धक र अन्वेषात्मकतालाई जोड दिने हुनुपर्ने,

ण) सिकारूको मानसिक स्तर वा तहसँग मिल्ने हुनुपर्ने (माध्यमिक शिक्षक दर्पण, २०७१) ।

## २.३ शैक्षिक उपादेयता

अध्ययन अनुसन्धान अरू कसैले गरेको नभई आफ्नो मौलिकता, निजी विचारमा आधारित हुन्छ । यसो भन्दैमा पहिला भए गरेका अनुसन्धान गलत हुन सक्छन् भन्नु होइन बरू समय सापेक्ष परिवर्तनशील हुनु आवश्यक हुन्छ । यस शोधपत्रका यस शीर्षकको केही अंशसँग निकट भएर गरेका शोधकार्यको विश्लेषण गर्न खोजिएको छ । पूर्वकार्यको समीक्षाबाट आगामी अनुसन्धानको लागि कोशेढुङ्गा सावित हुन पनि सक्छ । अनुसन्धानको वस्तुनिष्टता, विश्वसनियता, सान्दर्भिकताको लागि पनि पूर्वकार्यको समीक्षा आवश्यक हुन्छ । 'मा.वि. तहमा शैक्षिक सामग्रीको उपयोग र महत्त्व' शीर्षकसँग निकट रहेर गरिएको यस अध्ययनको शैक्षिक उपादेयताहरूलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

क) यस पूर्व यस शीर्षकमा अध्ययन अनुसन्धान भएको छ छैन भनी पत्ता लगाउनु,

ख) यस शोधकार्यका लागि आवश्यक सन्दर्भ सामग्रीको उपलब्धता गराउनु,

ग) अध्ययनलाई विश्वसनियता, वैधता, वस्तुनिष्टता सावित गर्नु,

घ) पूर्वकार्यको समीक्षा पछि विधिपूर्वक समीक्षात्मक ढङ्गले अध्ययन गर्न सहयोग पुऱ्याउनु,

ङ) शोध शीर्षकसँग सम्बन्धित बिषयमा कुन प्रयोजनले कुन पद्वति र विधि अपनाएर के कति काम गरेको छ पत्ता लगाउनु,

च) गर्न बाँकी चुनौतीपूर्ण कामहरू के कति छन् र त्यस क्षेत्रमा अब कुन-कुन प्रश्न र समस्याहरू विद्यमान छन् भन्ने कुराको निक्यौंल गर्न सहयोग पऱ्याउँछ,

छ) पूर्वकार्यको समीक्षाले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न सहयोग पुऱ्याउँछ,

ज) शीर्षकको अवधारणा स्पष्ट पारी परिभाषिकरण गर्न, प्राक्कल्पना निर्माण गर्न, पुनरावृत्तिका सम्भावनालाई हटाउन, सम्भावित त्रुटिबाट जोगिन, नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन, समस्याको चुरो पत्ता लगाउन, समस्याको औचित्य स्थापित गर्न, विश्लेषणको आधार खोज्न, शोधको आवश्यकता बोध गराउन सहयोग पुऱ्याउँछ ।

# परिच्छेद तीन
# अध्ययन विधि र प्रक्रिया

अनुसन्धानका विभिन्न किसिमका उद्देश्य परिपूर्ति गर्नका लागि अपनाइले विभिन्न किसिमका उपाय र विधिहरूलाई ठोस निर्णयमा लैजानको लागि पूर्ण निर्धारित योजना नै विधि हो । यस परिच्छेदमा अनुसन्धानात्मक ढाँचा, जनसंख्या तथा नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रियालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धानका लागि बनाइउको विस्तृत योजनालाई नै अनुसन्धानात्मक ढाँचा भनिन्छ । यो अनुसन्धान गुणात्मक एवम् परिमाणात्मक ढाँचा प्रयोग गरी निश्चित ढाँचामा लिइ सम्पन्न गरिएको छ । तथ्याङ्क तथा सूचनाहरूको व्याख्या, वर्णन विश्लेषण गुणात्मक ढाँचाको भए पनि परिणात्मक तथ्याङ्कले पुष्टि गरेको छ ।

## ३.२ जनसंख्या तथा नमुना छनोट

प्रस्तुत शोधकार्यलाई विश्वसनीय बनाउनका लागि पाल्पा जिल्लाका नगरभित्रका सुविधाजनक दुई विद्यालय जनता नमुना उ.मा.वि. र सेन उ.मा.वि. लगायत नगरभित्र कै ग्रामीण क्षेत्रमा पर्ने लक्ष्मी उ.मा.वि., बौघापोखराथोक गा.वि.स. स्थित लुम्बिनी मा.वि. र चितुङ्गधारा गा.वि.स. वार्ड नं १ मा रहेको ग्राम्य उ.मा.वि.हरूलाई नमुना छनोटको रूपमा छनोट गरिएको हो । नमुना छनोटमा परेका विद्यालयका माध्यमिक तहका प्र.अ. ⁄ प्राचार्यहरू, यसै तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरू, ९ र १० मा अध्ययनरत विद्यार्थीहरूलाई नमुना छनोट जनसंख्याको रूपमा लिइएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत

यस शोधपत्रको शीर्षक माध्यमिक तहमा शैक्षिक सामग्रीको उपयोग र महत्त्व भएको हुनाले प्राथमिक स्रोतका सामग्रीहरूको व्यापक र द्वितीय स्रोतका सामग्रीहरूलाई न्यून रूपमा प्रयोग गरिएको छ ।

(क) **प्राथमिक स्रोत**

यस शोधपत्रको अध्ययनको क्रममा विभिन्न विद्यालयहरू, तानसेन बहुमुखी क्याम्पस, लक्ष्मी उ.मा.वि., बन्दीपोखरा लुम्बिनी मा.वि., बौघापोखराथोक, सेन उ.मा.वि., र जनता नमुना उ.मा.वि. तानसेन नगरपालिका र ग्राम्य उ.मा.वि. चिर्तुङ्गधारा आदि विद्यालयमा गई प्रत्यक्ष अवलोकन, सर्वेक्षण, अन्तर्वाता, जनसम्पर्क गरिएको छ । विभिन्न विद्यालयमा नेपाली विषय अध्यापन गराउने शिक्षक, विद्यार्थीहरू, टि.पि.डी. तालिम कार्यमूलक अनुसन्धान गर्नु भएका गुरुहरू, रोष्टर प्रशिक्षकहरू, शैक्षिक तालिम केन्द्र पाल्पाका प्रशिक्षकहरू र भाषा विज्ञहरूसँग आवश्यक परामर्श, सहयोग र सल्लाह गरिएको छ ।

(ख) **द्वितीय स्रोत**

अध्ययनका क्रममा विभिन्न विद्यालयका पुस्तकालय, विभिन्न शोधपत्र, दैनिक/साप्ताहिक/मासिक पत्रिकाहरू, विभिन्न प्रकाशित लेखक/रचनाहरू, सन्दर्भ पुस्तकहरू, प्रकाशित तथा अप्रकाशित लेखहरू, समाचारपत्रहरूको अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन

प्रस्तुतशोधपत्र तयार गर्ने नमुना छनोटमा परेका विद्यालयका प्राचार्यहरू, नेपाली शिक्षकहरू र विद्यार्थीहरूलाई छुट्टाछुट्टै प्रश्नावली निर्माण गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको हो ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस शोधपत्रको शीर्षक माध्यमिक तहमा शैक्षिक सामग्रीको उपयोग र महत्त्व भएको हुनाले प्राथमिक स्रोतका सामग्रीहरूको व्यापक र द्वितीय स्रोतका सामग्रीहरूलाई न्यून रूपमा प्रयोग गरिएको छ । अध्ययनको क्रममा विभिन्न विद्यालयहरू (सरकारी तथा निजी) शैक्षिक सामग्रीसँग सम्बन्धित ग्रन्थहरू, सर्वेक्षण, जनसम्पर्क, प्रश्नावली, अन्तर्वाता आदिको प्रयोग गरिएको छ । शिक्षणमा शैक्षिक सामग्रीको महत्त्व र उपादेयतामा टि.पि.डी. तालिम, कार्यमूलक अनुसन्धान गर्नुभएका गुरुहरूसँग पनि आवश्यक छलफल गरिएको छ । यस शोधकार्यमा मूलतः निम्नानुसार सामग्रीको सङ्कलन गरिएको छ :

क) अध्ययन सामग्रीको लागि त्रिभुवन विश्वविद्यालय काठमाडौं, तानसेन बहुमुखी क्याम्पसको पुस्तकालय, लक्ष्मी उ.मा.वि. बन्दीपोखरा, लुम्बिनी मा.वि., बौघापोखराथोक, सेन उ.मा.वि. तानसेन, जनता न.उ.मा.वि., तानसेन, ग्राम्य उ.मा.वि., चितुङ्गधारा आदि विद्यालयको सर्वेक्षण गरिएको छ ।

ख) अन्तर्वातामा विभिन्न विद्यालयमा अध्यापन गराउने शिक्षक, रोष्टर प्रशिक्षक, शैक्षिक तालिम केन्द्र पाल्पाका प्रशिक्षक, भाषाविज्ञसँग सहयोग लिइएको छ ।

ग) विद्यार्थीहरूसँग छलफलको लागि छनोट भएका विद्यालयहरूका विद्यार्थीहरूलाई केन्द्रित बनाइएको छ । त्यसैगरी विभिन्न दैनिक, साप्ताहिक, मासिक पत्रिका, प्रकाशित लेख रचना, सन्दर्भ पुस्तकहरू प्रकाशित तथा अप्रकाशित लेख रचनाहरू तथा शोध प्रबन्धहरू पनि सामग्रीको रूपमा प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

अध्ययनबाट प्राप्त सामग्रीहरूलाई विश्लेषण गर्दा यो शोध अध्ययन प्रयोग र उपदेयतासँग सम्बन्धित भएको हुनाले सम्बन्धित क्षेत्रसँग अन्तर्वाता लिई आगमनात्मक विधिको प्रयोग गरिएको छ । शिक्षक, विद्यार्थी, प्रशिक्षक यस क्षेत्रका अनुसन्धाताबाट समेत आवश्यक प्रशनावली तयार गरी उनीहरूबाट राय, सुझाव, जानकारी तथा तथ्याङ्कहरूलाई समेत वर्णनात्मक शैली नमुना छनोट, सहभागी अवलोकन पद्दति आदिको प्रयोग गरी बिषयवस्तु विश्लेषण गरिएको छ । अध्ययनको क्रममा क्षेत्र भ्रमण विधिको प्रयोग, प्रयोगात्मक विधि समेत प्रयोग गरी प्राप्त तथ्याङ्क र बिषयवस्तुलाई व्याख्यात्मक, तुलनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी बिषयवस्तुको अध्ययन गरिएको छ ।

# परिच्छेद चार

# नतिजा विश्लेषण

## ४.१ श्री लक्ष्मी उ.मा.वि.

वि.सं. २००७ सालको राजनीतिक परिवर्तन पछि नेपालीहरूमा शिक्षा र साक्षरताप्रतिको आकर्षण बढ्दै जाने क्रममा तत्कालीन तानसेन दरबारदेखि ३.५ कि.मि.को दुरीमा अवस्थित यस विद्यालयको स्थापना वि.सं. २०२० साल भाद्र ३१ गते तत्कालीन बन्दिपोखरा गाँउ पञ्चायत भवनको नजिकै पिपलको रुखको छहारीबाट औपचारिक शुभारम्भ भएको थियो । २०२० साल भाद्र ३१ गते १-५ कक्षासम्म अध्यापन आरम्भ गरेको नेपाल राष्ट्रिय लक्ष्मी प्राइमरी स्कूल नयाँ शिक्षा योजना २०३१ पाल्पामा लागु हुँदा नि.मा.वि. तहमा स्तर उन्नती हुने अवसर प्राप्त गरेको थियो । विविध आर्थिक तथा भौतिक र शिक्षक अभावले ग्रस्त भई फेरि प्रा.वि. तहमा घटुवा भएको यस विद्यालयले २०५१ पछि भने पछाडि हटनु परेको छैन । त्यसपछि यस विद्यालयका सक्रिय अभिभावकहरूको सक्रिय सहभागितामा माध्यमिक तहसम्म अध्यापन यसै विद्यालयबाट भएको हेर्न चाहने तत्कालीन ता.न.पा.का मेयर अशोककुमार शाही लगायत यहाँका शिक्षाप्रेमी, बुद्धिजीवि, समाजसेवीहरूको चाहना बमोजिम तत्कालीन वि.व्य.स.अध्यक्ष विन्दुबहादुर रावलको नेतृत्त्वमा वि.सं.२०५७/०७/०६ गते औपचारिक रूपमै मा.वि. तहका कक्षाहरू सञ्चालन गर्ने अनुमति प्राप्त गरेको थियो साथै २०६५ सालमा बुद्धबहादुर रावलको अध्यक्षता एवम् प्र.अ. धतानन्द शर्मा गैरेको समितिले कक्षा ११/१२ सञ्चालन गर्न पहल गरी अनुमति प्राप्त गऱ्यो । हाल यस विद्यालयमा प्राचार्य बिष्णुप्रसाद सिग्देलको नेतृत्त्व र चुराबहादुर गोदारको अध्यक्षतामा यस विद्यालयको प्रशासन र व्यवस्थापन कार्य सञ्चालन भईरहेको छ । यस विद्यालयमा वि.सं. २०७० सालदेखि कृषि प्राविधिक तर्फ टि.एस.एल.सी. कार्यक्रम सञ्चालन गरिएको छ ।

### ४.१.१ विद्यालयको भौतिक अवस्था

तानसेन नगरपालिकाको ग्रामीण परिवेशमा रहेको यो विद्यालयको वरिपरि झ्याम्म परेका पिपल, आँपका ठूला-ठूला रुखहरू रहेका छन् । ठूलो खेल मैदान वरिपरि एक तले ५

वटा भवन रहेका छन् । एउटा ब्लकद्वारा निर्माण गरिएको भवन छ भने अरु कच्ची माटो र माटो र ढुङ्गामा गारोमा जस्ताको छानो भएका भवन रहेका छन् । छेउ मै खानेपानीको मुहान रहेको र त्यसको पानी जम्मा भएर एउटा पोखरी बनेको छ । यसको पानी कृषि प्राविधिक बिषय अर्न्तगत टी.एस.एल.सी.को प्रयोगात्मक कार्यका लागि प्रयोग गरिएको छ । विभिन्न किसिमका तरकारी बालीहरू लगाइएको छ । यो विद्यालयको पछाडिको जग्गा भाडामा लिइएको भए पनि आगामी दिनका लागि भने विद्यालयले आफ्नै जग्गालाई डोजर लगाएर खेतीयोग्य जमिन बनाइएको छ । विद्यालयको परिसरको दाहिनेपट्टि तीन तले एउटा पक्की उल्टो एल आकारको र त्यसको केही पर सभाहलको लागि निर्माण गरिएको एउटा पक्की एक तले भवन रहेको छ । जसलाई विद्यालयले कोठाको अभावले गर्दा बीचबाट विभाजन गरी कृषि प्रयोगशालाका साथै कक्षाकोठाका रूपमा प्रयोग गरेको छ । उक्त भवनको दोस्रो तलामा कार्यालय कक्ष, कम्प्युटरको प्रयोगशाला र पुस्तकालय रहेको छ । कम्प्युटर प्रयोगशालामा सि.टी.नेटबाट प्रदान गरिएका २५ वटा कम्प्युटर रहेका छन् । जुन कोठामा विद्यार्थीहरू कम्प्युटरको अभ्यास गरिरहेका छन् । साथै त्यही नजिकै एउटा पुस्तकालय रहेको छ । त्यसको तस्रो तलामा भान्साघर र तीनवटा स-साना कोठाहरू रहेका छन् । विद्यालयका कचची भवनका स-साना साँघुरो कोठाहरू रहेका छन् । पक्की भवनको अगाडि एउटा छात्रा शौचालय रहेको । त्यसको तल छात्र शौचालय रहेको छ । त्यो जीर्ण र पुरानो भएको । विद्यालयमा प्रवेशद्वार अधुरो छ । विद्यालयको प्राङ्गणबाट देखिने दृश्य रमाइलो छ ।

**तालिका २ : लक्ष्मी उ.मा.वि. को भौतिक अवस्था**

| क.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | भवन | ७ | |
| २ | कक्षाकोठा | २५ | |
| ३ | शौचालय | २ | |
| ४ | खेलमैदान | १ | |
| ५ | कम्प्युटर प्रयोगशाला | १ | |
| ६ | पुस्तकालय | १ | |
| ७ | पिउने पानी टंकी | १ | |
| ८ | कृषि सामग्री भण्डार कक्षा | १ | |

### ४.१.२ शिक्षक तथा कर्मचारीहरू

२०५७ सालदेखि मा.वि.का कक्षा सञ्चालन गर्न अनुमति प्राप्त गरेको यस विद्यालयले अझै पनि प्रस्तावित मा.वि.कै रूपमा रहेको छ । यसले गर्दा पनि मा. वि मा स्थायी शिक्षकको दरबन्दी रहेको पाइदैन । मा.वि. मा चार राहत दरबन्दी रहेको यस विद्यालयमा चार प्राविधिक, दुई नि.मा.वि. स्थायी, दुई नि.मा.वि. अस्थायी, ४ प्रा.वि स्थायी, १ प्रा.वि अस्थायी तीन निजीस्रोत, १ लेखापाल, १ सहयोगी कार्यकर्ता, तीन कार्यलय सहयोगी गरी जम्मा २५ जनाको शिक्षक कर्मचारी संख्या रहेको छ जसलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ ।

**तालिका ३ : लक्ष्मी उ.मा.वि. का शिक्षक तथा कर्मचारीहरू**

| क्र.सं | पद | नाम, थर | तह | श्रेणी | किसिम | योग्यता | तालिम | बिषय |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राचार्य | बिष्णुप्रसाद सिग्देल | प्रा.वि. | तृतीय | स्थायी | एम.ए. | वी.एड. | अंग्रेजी |
| २ | स.प्राचार्य | विष्णुबहादुर कार्की | मा.वि. | तृतीय | राहत | एम.वी.एस. | वी.एड | व्यवस्थापन |
| ३ | शिक्षक | दिपक ज्ञवाली | मा.वि. | तृतीय | राहत | एम.ए | एम.एड | नेपाली |
| ४ | शिक्षक | मधुकर धिनाल | मा.वि. | तृतीय | राहत | वी.एस्सी | वी.एड | विज्ञान |
| ५ | शिक्षक | रामप्रसाद बस्याल | मा.वि. | तृतीय | राहत | एम.एड | एम.एड | अंग्रेजी |
| ६ | शिक्षक | अब्दुल सलाम खान | मा.वि. | तृतीय | अस्थायी | वी.एस्सी.एजी | | कृ.प्रा. |
| ७ | शिक्षक | दिपेन्द्र चौधरी | मा.वि. | तृतीय | अस्थायी | वी.एस्सी.एजी | | कृ.प्रा. |
| ८ | शिक्षक | धातानन्द शर्मा गैरे | नि.मा.वि. | द्वितीय | स्थायी | वी.ए | एम.एड | अंग्रेजी |
| ९ | शिक्षक | शारदाकुमारी शर्मा | नि.मा.वि. | तृतीय | स्थायी | आई.एस्सी | | विज्ञान |
| १० | शिक्षक | सुप्रभात बोहरा | नि.मा.वि. | तृतीय | अस्थायी | वी.एड | वी.एड | गणित |
| ११ | शिक्षक | नैनाकुमारी ज्ञवाली | नि.मा.वि. | तृतीय | अस्थायी | वी.एड | वी.एड | सामाजिक |
| १२ | शिक्षक | सिकेन्द्र केवट | नि.मा.वि. | तृतीय | अस्थायी | वी.एस्सी.एजी | | कृषि |
| १३ | शिक्षक | स्वामीनाथ यादव | नि.मा.वि. | तृतीय | अस्थायी | वी.एस्सी.एजी | | कृषि |
| १४ | शिक्षक | युवराज पंगेनी | प्रा.वि. | द्वितीय | स्थायी | वी.ए | वी.एड | अर्थशास्त्र |
| १५ | शिक्षक | नारायणप्रसाद घिमिरे | प्रा.वि. | द्वितीय | स्थायी | वी.कम. | वी.एड. | व्यवस्थापन |
| १६ | शिक्षक | कल्पना रावल | प्रा.वि. | द्वितीय | स्थायी | आ.ए. | | नेपाली |
| १७ | शिक्षक | सीतादेवी कार्की | प्रा.वि. | तृतीय | अस्थायी | एस.एल.सी. | | नेपाली |
| १८ | शिक्षक | विष्णु खत्री | उ.मा.वि. | | अस्थायी | एम.वी.एस | वी.एड | व्यवस्थापन |
| १९ | शिक्षक | सविता कुवँर | नि.मा.वि. | | अस्थायी | वी.एड | वी.एड | नेपाली |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २० | शिक्षक | बसुन्धरा खाती | प्रा.वि. | | अस्थायी | एस.एल.सी. | | सामाजिक |
| २१ | लेखापाल | जमुना खड्का | | | अस्थायी | आई.कम | | गणित |
| २२ | स.का. | बसन्ती कार्की | | | अस्थायी | आई.कम | | |
| २३ | का.स. | लक्ष्मी कार्की | | | अस्थायी | साक्षर | | |
| २४ | का.स. | सुरेश रावल | | | अस्थायी | साक्षर | | |
| २५ | का.स. | गोपाल कार्की | | | अस्थायी | साक्षर | | |

### ४.१.३ विद्यार्थी विवरण

बजारको नजिक ग्रामीण क्षेत्रमा पर्ने यस विद्यालयको विद्यार्थी संख्या मध्यम देखिन्छ । अंधिकांश सरकारी विद्यालयले भोग्नु परेका समस्याबाट यो विद्यालय पनि अछुतो छैन । प्रा .वि तहमा विद्यार्थीको संख्या न्यून रहे पनि नि.मा.वि र मा. वि.मा भने विद्यार्थीको सख्या औषत देखिन्छ । उ.मा.वि.मा भने विद्यार्थीको संख्या न्यून नै रहेको छ । माध्यमिक तहमा रहेका विद्यार्थी संख्याको विवरण तालिकामा यसरी प्रस्तुत गरिएको छ ।

**तालिका ४ : लक्ष्मी उ.मा.वि. को विद्यार्थी विवरण**

| क.सं. | कक्षा | संख्या | कैफियत |
|---|---|---|---|
| १ | ९ | ४५ | |
| २ | १० | ४८ | |
| | जम्मा | ९३ | |

### ४.१.४ शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था

शैक्षिक सामग्रीको अवस्था विशेष गरेर विद्यालयको आर्थिक पक्ष सँगै जोडिने हुँदा पनि विद्यालयको शैक्षिक सामग्रीको अवस्थाको प्रयोगको अवस्था मध्यम मध्यम देखिन्छ । विद्यालयमा मुख्य गरेर १ प्रोजेक्टर, १ रेडियो, ३० वटा कम्प्यूटर, स्वेत पाटी , शिक्षक निर्देशिकाहरू शब्दकोशहरू, माइक्रोफोन, चार्टहरू, सन्दंभ सामग्रीहरू, नक्साहरू, विभिन्न प्रोजेक्टरहरू टेपरेकर्डहरू, प्रयोगको अवस्था रहेका छन् । जसलाई तालिकामा निम्नाअनुसार प्रस्तुत गरिन्छ :

तालिका ५ : लक्ष्मी उ.मा.वि. को शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था

| क.सं. | विवरण | संख्या | प्रयोगको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| १ | पाटी | २५ | √ | | |
| २ | फलाटीन पाटी | | | | |
| ३ | चुम्बकीय पाटी | | | | |
| ४ | गोजी तालिका | २ | √ | | |
| ५ | प्रोजेक्टर | १ | √ | | |
| ६ | चित्रपट्टीका | | | | |
| ७ | शिक्षण मेसिन | | | | |
| ८ | पत्तीहरू | | | | |
| ९ | रेखाचित्र | | √ | | |
| १० | मानचित्र | | √ | | |
| ११ | व्यङ्ग्यचित्र | | | | |
| १२ | तालिका सूची | | √ | | |
| १३ | वास्तविक वस्तु | | √ | | |
| १४ | चार्ट | | √ | | |
| १५ | पोष्टर | | √ | | |
| १६ | नक्सा | | √ | | |
| १७ | पाठ्यपुस्तक | | √ | | |
| १८ | शिक्षक निर्देशिका | | √ | | |
| १९ | सन्दर्भ सामग्री | | √ | | |
| २० | रेडियो | १ | √ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | टेपरेकर्डर | १ | √ | | |
| २२ | ग्रामोफोन | | | | |
| २३ | टेलिभिजन | १ | √ | | |
| २४ | चलचित्र | | | | |
| २५ | फ्रिजर | १ | √ | | |
| २६ | कम्प्युटर | २० | √ | | |
| २७ | क्यामेरा | १ | √ | | |
| २८ | नाटकीकरण | | | | |
| २९ | स्पर्श सामग्री | | | | |
| ३० | डेक्स/बेन्च | ३०० | √ | | |
| ३१ | टेवल/कुर्सी | ३५ | √ | | |
| ३२ | दराज | ६ | √ | | |
| ३३ | सोफासेट | १सेट | √ | | |
| ३४ | तौल मेसीन | १ | √ | | |
| ३५ | पानी टंकी | २ | | | |
| ३६ | फिल्टर | २ | √ | | |

### ४.१.५ आर्थिक अवस्था

तानसेन नगरपालिकाको ग्रामीण भेगमा पर्ने श्री लक्ष्मी उ.मा.वि.को ४० रोपनी जग्गा रहेको छ । विद्यालयको दीर्घकालिन आयको स्रोत नभएको यस विद्यालयको आर्थिक अवस्थाले गर्दा कक्षाकोठाको अभाव रहेको पाइयो । साँगुरा कक्षाकोठामा विद्यार्थीहरू अध्ययनरत छन् । यही आर्थिक अवस्थाको कमजोर स्थितिले कर्मचारीहरूले राम्रो सेवा सुविधा पाएका छैनन् । भारतीय दुतावासको अनुदान भर्खर प्राप्त भएको छ । जसले आगामी दिनमा यस विद्यालयको भौतिक तथा आर्थिक अवस्थामा केही सुधार हुने देखिन्छ ।

### ४.१.६ निष्कर्ष

बत्तीमुनीको अध्यारो भने झैं पाल्पाको सदरमुकाम तानसेन नगरपालिकाको वडा नं. १३ मा पर्ने यस विद्यालयको शान्त वातावरण नै यसको राम्रो पक्ष हो । विभिन्न समस्याबाट ग्रसित यस विद्यालयमा प्राप्त भवन, कक्षाकोठा र शौचालयको अभावका साथै फर्निचरको पनि अभाव रहेको छ र आर्थिक अवस्था नाजुक भइकन पनि यस विद्यालयको राम्रो शैक्षिक उपलब्धि हासिल गरेको छ । प्रा.वि. तहमा अंग्रेजी माध्यमबाट पढन पाठन हुने यस विद्यालयको आगामी योजना नि.मा.वि. र मा.वि. तहमा पनि अंग्रेजी माध्यम लागु गर्ने रहेको छ । विद्यालयको भवनहरू जीर्ण रहेका छन् । विद्यालयको पछाडि पट्टी कृषि प्राविधिक अन्तर्गतको प्रयोगात्मक स्थल रहेको छ । विभिन्न प्रकारका तरकारीहरू, आलु, केराऊ, टमाटर, भिँडी, काउली जस्ता रोप्ने, सिञ्चाइ गर्ने कार्यमा विद्यार्थीहरू लगायत प्रशिक्षिकहरू तल्लीन रहेका हुन्छन् । यसरी यस विद्यालय समय सापेक्ष शिक्षालाई जीवन उपयोगी बनाउन प्रशस्त मेहनत गरेको छ । यसका लागि यस क्षेत्रका बुद्धिजीवि, शिक्षाप्रेमी, शिक्षक अभिभावकहरूको अर्थक प्रयास र मेहनत रहेको छ ।

## ४.२ श्री लुम्बिनी मा.वि.

वि.स. २००७ सालको राजनीतिक घटनाक्रमले देशभरि ल्याएको आमूल परिवर्तन सँगै सर्वसाधारण जनताहरूमा शिक्षाप्रति मोह बढ्दै गयो । यसै क्रममा तानसेन देखि १२ कि.मि.दुरीमा रहेका बौघापोखराथोक गा.वि.स अर्न्तरगत लुहुङ्गमा वि.स.२०११ साल बैशाख १५ गते गाँउका केही शिक्षाप्रेमीहरूको पहलमा श्री लुम्बिनी मा.वि को स्थापना एउटा खरले छाएको झुपडीमा गरियो । समयको परिवर्तित क्रमसँगै २०३७/३८ सालतिर विद्यालयको कक्षालाई विस्तार गरी कक्षा आठसम्म पुऱ्याइयो । भौतिक र जनशक्तिको अभावमा पनि सहज तबरले कक्षा सञ्चालन गर्दै आइयो । वि.स.२०५५ सालको उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको सुझाव र त्यस गाँउको आवश्यकता अनुरूप प्र.अ. लक्ष्मण प्रसाद शर्मा अध्यक्ष घनश्याम गैरे लगाएत गाँउका शिक्षा प्रेमीहरूको सक्रियतामा मा. वि कक्षा २०५७ साल देखि सञ्चालन गरियो । आउँदो दिनमा उच्च मा.वि का कक्षाहरू सञ्चालन गर्नको लागि भौतिक आर्थिक स्रोत जुटाउने क्रम अगाडि बढिरहेको छ ।

### ४.२.१ विद्यालयको भौतिक अवस्था

पाल्पा जिल्लाको सदरमुककाम तानसेनदेखि उत्तर पश्चिम दिशामा पर्ने यस लुम्विनी मा.वि तीन वटा माटो र ढुङ्गाको गारोमा जस्ताका छाताले बनेका छन् । साँगुरा र अँध्यारा कोठामा विद्यार्थीहरू पढ्न बाध्य छन् । १८ ओटा कोठा रहेको यस विद्यालयमा एउटा पुस्तकालय, एउटा कम्प्यूटर प्रयोगशाला र एउटा कार्यालय कक्षा रहेको छ । तीन ओटा शौचालय भने पक्की रहेका छन् । विद्यालयको १ ओटा खेल्ने मैदान रहेको छ । गाउँको मध्यभागमा अवस्थित यस विद्यालयबाट उत्तरतर्फ आर्कषक हिम श्रृङखला देख्न सकिन्छ ।

विद्यालयको भौतिक अवस्थालाई निम्नानुसार तालिकामा देखाइन्छ ।

**तालिका ६ : लुम्बिनी मा.वि. को भौतिक अवस्था**

| क.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | भवन | ३ | |
| २ | कक्षाकोठा | १८ | |
| ३ | शौचालय | ३ | |
| ४ | खेलमैदान | २ | |
| ५ | कम्प्युटर प्रयोगशाला | १ | |
| ६ | पुस्तकालय | १ | |
| ७ | पिउने पानी टंकी | २ | |
| ८ | भण्डार कक्ष | १ | |
| ९ | चमेना गृह | १ | |
| १० | डेक्स, बेन्च | १६० सेट | |
| ११ | दराज | ६ | |
| १२ | टेवुल/कुर्सी | २५ | |
| १३ | कम्प्युटर, प्रिन्टर | ४ थान | |

### ४.२.२ शिक्षक तथा कर्मचारीहरू

वि.स. २०५७ सालदेखि मा.वि. सञ्चालनको अनुमति पाएको यस विद्यालयमा अझै पनि मा.वि मा पूर्ण स्थायी दरवन्दी रहेको छैन । मा.वि मा १ मात्र स्थायी दरवन्दी छ भने

तीनवटा राहत दरवन्दी रहेका छन् । निम्न माध्यमिक तहमा तीनवटा स्थायी दरवन्दी छ भने प्रा. वि. मा चारवटा स्थायी दरवन्दी र २ वटा अस्थायी दरवन्दी र १ वटा राहत दरवन्दी रहेको छ । एक लेखापाल १ सहयोगी र्कायकर्ता र एक जना कार्यलय सहयोगी गरी जम्मा १७ जनाको शिक्षक तथा कर्मचारीहरूको सख्या रहेको छ जसलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका ७ : लुम्बिनी मा.वि. का शिक्षक तथा कर्मचारीहरू**

| क्र.सं. | पद | नाम, थर | तह | श्रेणी | किसिम | योग्यता | तालिम | बिषय |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राचार्य | लक्ष्मणप्रसाद शर्मा | नि.मा.वि. | द्वितीय | स्थायी | वी.ए. | वी.एड | सामाजिक |
| २ | स.प्राचार्य | बलराम पाण्डेय | नि.मा.वि. | द्वितीय | स्थायी | आई.ए. | १०महिने तालिम | जनसंख्या |
| ३ | शिक्षक | टिकाराम पौड्याल | मा.वि. | तृतीय | स्थायी | वी.एस्सी | एम.एड | विज्ञान |
| ४ | शिक्षक | महेश गैरे | मा.वि. | तृतीय | राहत | आइ.एस्सी | वी.एड | गणित |
| ५ | शिक्षक | हरिप्रसाद पोखरेल | मा.वि. | तृतीय | राहत | वी.वी.एस | वी.एड | लेखा |
| ६ | शिक्षक | ज्ञानप्रसाद गौतम | मा.वि. | तृतीय | राहत | वी.ए. | वी.एड | नेपाली |
| ७ | शिक्षक | गोपाल ढुङ्गाना | नि.मा.वि. | तृतीय | स्थायी | .एम.ए. | वी.एड | अंग्रेजी |
| ८ | शिक्षक | नरेन्द्र पाण्डे | प्रा.वि. | द्वितीय | स्थायी | आई.एड. | आई.एड | गणित |
| ९ | शिक्षक | यदुनाथ पौडेल | प्रा.वि. | द्वितीय | स्थायी | आई.एड. | आई.एड | |
| १० | शिक्षक | मानबहादुर थापा | प्रा.वि. | तृतीय | स्थायी | आई.एड. | आई.एड | |
| ११ | शिक्षक | तुलबहादुर थापा | प्रा.वि. | तृतीय | स्थायी | आई.एड. | आई.एड | |
| १२ | शिक्षक | सुमित्रा वि.क. | प्रा.वि. | तृतीय | अस्थायी | आई.एड. | आई.एड | |
| १३ | शिक्षक | यमकला पाण्डे | प्रा.वि. | तृतीय | अस्थायी | वी.एड | वी.एड | |
| १४ | शिक्षक | खेमबहादुर थापा | प्रा.वि. | तृतीय | राहत | आई.एड | आई.एड | |
| १५ | लेखापाल | युवराज पौडेल | | | अस्थायी | वी.कम. | वी.एड. | |
| १६ | बालविकास | राधिका पराजुली | | | अस्थायी | एस.एल.सी | | |
| १७ | का.स. | बुद्ध थापा | . | | अस्थायी | ८पास | | |

### ४.२.३ विद्यार्थी विवरण

ग्रामीण भेगमा रहेको यस विद्यालयमा पनि सामुदायिक विद्यालयमा विद्यार्थी संख्याको अवस्था न्यून रहेको छ । ग्रामीण जनताको बसाई सरेर सहर जाने प्रवृतिको प्रत्यक्ष प्रभाव यस विद्यालयमा पनि परेको छ । त्यसकारणले पनि प्रा.वि तहमा विद्यार्थीको संख्या

अत्यन्तै न्यून र निम्न माध्यमिक तथा माध्यमिक तहमा पनि विद्यार्थीको सख्या त्यती सन्तोषजनक देखिदैन । ब्राह्मण, क्षेत्री मगर समुदायको बाहुल्यता रहेको यस विद्यालयका माध्यमिक तहमा अध्ययनरत विद्यार्थी संख्याको विवरण तालिकामा यसरी प्रस्तुत गरिएको छ ।

**तालिका ८ : लुम्बिनी मा.वि. को विद्यार्थी विवरण**

| क.सं. | कक्षा | संख्या | कैफियत |
|---|---|---|---|
| १ | ९ | ३४ | |
| २ | १० | २४ | |
| | जम्मा | ५८ | |

### ४.२.४ शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था

ग्रामीण भेगमा रहेको यस विद्यालयमा आधुनिक भौतिक सामग्रीको अभाव रहेको छ । जिल्लाको उत्कृष्ट विद्यालयको तुलनामा आर्थिक र भौतिक पक्षबाट पछाडि परेको यस विद्यालयमा आधुनिक शैक्षिक सामग्रीको प्रयोगको अवस्था सन्तोषजनक छैन । विद्यालयमा कम्प्युटर रहेता पनि त्यसको प्रयोग त्यति प्रभावकारी रहेको छैन । जसलाई तालिकामा यसरी देखाईएको छ ।

**तालिका ९ : लुम्बिनी मा.वि. को शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था**

| क.सं. | विवरण | संख्या | प्रयोगको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| १ | पाटी (सेतो पाटी | २५ | √ | | |
| २ | फलाटीन पाटी | | | | |
| ३ | चुम्बकीय पाटी | | | | |
| ४ | गोजी तालिका | २ | √ | | |
| ५ | प्रोजेक्टर | १ | √ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | चित्रपट्टीका | | | | |
| ७ | शिक्षण मेसिन | | | | |
| ८ | पत्तीहरू | | | | |
| ९ | रेखाचित्र | | √ | | |
| १० | मानचित्र | | √ | | |
| ११ | व्यङ्ग्यचित्र | | | | |
| १२ | तालिकासूची | | √ | | |
| १३ | वास्तविक वस्तु | | √ | | |
| १४ | चार्ट | | √ | | |
| १५ | पोष्टर | | √ | | |
| १६ | नक्सा | | √ | | |
| १७ | पाठ्यपुस्तक | | √ | | |
| १८ | शिक्षक निर्देशिका | | √ | | |
| १९ | सन्दर्भ सामग्री | | √ | | |
| २० | रेडियो | १ | √ | | |
| २१ | टेपरेकर्डर | १ | √ | | |
| २२ | ग्रामोफोन | | | | |
| २३ | टेलिभिजन | १ | √ | | |
| २४ | चलचित्र | | | | |
| २५ | फ्रिजर | १ | √ | | |
| २६ | कम्प्युटर | २० | √ | | |
| २७ | क्यामेरा | १ | √ | | |
| २८ | नाटकीकरण | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | स्पर्श सामग्री | | | | |
| ३० | डेक्स/बेन्च | १६० | √ | | |
| ३१ | टेवल/कुर्सी | ३५ | √ | | |
| ३२ | दराज | ६ | √ | | |
| ३३ | खेलकुद सामग्री | | √ | | |
| ३४ | तौल मेसीन | १ | √ | | |
| ३५ | पानी टंकी | २ | √ | | |
| ३६ | फिल्टर | १ | √ | | |

### ४.२.५ आर्थिक अवस्था

ग्रामीण भेगमा पर्ने यस विद्यालयको आफ्नो नाममा २५ रोपनी जग्गा रहेको छ । वरिपरिका सामुदायिक बनहरूले पनि सहयोग देखिन्छ । विद्यालयको मुख्य आम्दानीको स्रोत भनेको सरकारी अनुदान नै हो । आर्थिक अभावमा सुविधा सम्पन्न भवनको अभाव छ । साँगुरा र अँध्यारा कोठाहरू १–८ कक्षा टिनको छानामुनी चलेको छ । आर्थिक अभावमा खेल मैदानलाई व्यवस्थित गर्न सकिएको छैन । समग्रमा यो विद्यालय सहयोगको अपेक्षामा पाइयो ।

### ४.२.६ निष्कर्ष

स्थापना कालदेखि निकै सङ्घर्ष गरी यस अवस्थासम्म आइपुग्नु यस विद्यालयको चुनौतीपूर्ण कार्य देखिन्छ । ग्रामीण भेगको विद्यालय भएर पनि शैक्षिक सामग्रीको सकेसम्म व्यवस्थापन गर्नु राम्रो पक्ष देखिन्छ । शिक्षक कर्मचारी दक्ष हुनाले शिक्षण कार्य र शैक्षिक गुणस्तर राम्रो देखिन्छ । कम्प्युटर संख्या अलि कम भएको हुनाले पर्याप्त प्रयोगात्मक अभ्यास गराउन सकिएको देखिदैन ।

## ४.३ श्री ग्राम्य उ.मा.वि.

वि.सं. २००७ सालको राजनीतिक परिवर्तनपछि शिक्षाप्रतिको मोह सबैमा बढ्दै गयो । फलस्वरूप पाल्पा जिल्लाको चितुङ्गधारा गा.वि.स. वडा नं. १ मा गाबुटुङ्ग बासीहरूको चाहना अनुसार शिक्षाप्रेमी फत्तबहादुर कुँवरको नेतृत्त्वमा यस विद्यालयको स्थापना २००८ साल बैशाख ८ गते एउटा सानो टिनको छानोमुनी गरियो । वि.सं. २०३३ सालसम्म प्राथमिक तहसम्म रहेको यस विद्यालयमा २०३४ सालबाट नि.मा.वि. र २०५१ सालमा मा.वि.का कक्षाहरू सञ्चालन गरी वि.सं. २०६७ सालदेखि उच्च मा.वि.का कक्षाहरू सञ्चालन गरिएको थियो । शिक्षा र व्यवस्थापन संकायका कक्षाहरू सञ्चालन गरिएको यस उच्च मा.वि.मा हालपनि सो अवस्था कायम रहेको छ । हाल यो विद्यालय प्राचार्य प्रेमकुमार श्रेष्ठ र वि.व्य.स.अध्यक्ष दिपक ढुङ्गानाको नेतृत्त्वमा यस विद्यालयका प्रशासन र व्यवस्थापन कार्य भइरहेको छ ।

### ४.३.१ विद्यालयको भौतिक अवस्था

सिद्धार्थ राजमार्गको नजिकै चिर्तुङ्गधारा गाविसको गावटुङ गाउँको मध्य भागमा ग्राम्य उ.मा.वि अवस्थित रहेको तीन वटा पक्की  भवन रहेको यस विद्यालयमा १८ वटा कक्षा कोठा रहेका छन् । तीनवटा पक्की शौचालय, २ वटा कम्प्यूटर प्रयोगशाला,  २ वटा पिउने पानी टंकी, एउटा पुस्तकालय र १ खेल मैदान रहेको छ । जसलाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका १० : ग्राम्य उ.मा.वि. को भौतिक अवस्था**

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | भवन | ३ | |
| २ | कक्षाकोठा | १८ | |
| ३ | शौचालय | ३ | |
| ४ | खेलमैदान | १ | |
| ५ | कम्प्युटर प्रयोगशाला | २ | |
| ६ | पुस्तकालय | १ | |
| ७ | पिउने पानी टंकी | २ | |

| | | | |
|---|---|---|---|
| ८ | भण्डार कक्ष | १ | |
| ९ | चमेना गृह | १ | |
| १० | डेक्स, बेन्च | १६० सेट | |
| ११ | दराज | ७ | |
| १२ | टेवुल/कुर्सी | २५ | |
| १३ | कम्प्युटर, प्रिन्टर | १५ थान | |
| १४ | प्रोजेक्टर | १ | |

### ४.३.२ शिक्षक तथा कर्मचारीहरू

वि.स. २०५१ सालमा माध्यमिक तहका कक्षा सञ्चालनको अनुमति पाएको यस विद्यालयमा तीन वटा मा.वि स्थायी दरवन्दी २ वटा राहत दरवन्दी, ३ वटा नि .मा.वि. स्थायी दरवन्दी, ५ वटा प्रा.वि स्थायी दरवन्दी रहेका छन् । भने अरु विद्यालयले विभिन्न तहमा आफनै स्रोतमा दरवन्दी खडा गरेको छ जसलाई निम्नाअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ११ : ग्राम्य उ.मा.वि. का शिक्षक तथा कर्मचारीहरू**

| क्र.सं | पद | नाम, थर | तह | श्रेणी | किसिम | योग्यता | तालिम | बिषय |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राचार्य | प्रेमकुमार श्रेष्ठ | मा.वि. | द्बितीय | स्थायी | वी.एस्सी./एम.ए | वी.एड. | विज्ञान |
| २ | स.प्राचार्य | दामबहादुर घर्ति | नि.मा.वि. | द्बितीय | स्थायी | एम.ए. | एम.एड | अंग्रेजी |
| ३ | शिक्षक | दयाराज कडेल | मा.वि. | तृतीय | स्थायी | एम.एड | एम.एड | नेपाली |
| ४ | शिक्षक | चित्रबहादुर कार्की | मा.वि. | तृतीय | राहत | वी.एड | वी.एड | गणित |
| ५ | शिक्षक | बेदप्रसाद न्यौपाने | मा.वि. | तृतीय | राहत | वी.कम | वी.एड | सामाजिक |
| ६ | शिक्षक | शालिकराम ढुङ्गाना | नि.मा.वि. | द्बितीय | स्थायी | एम.वी.एस. | वी.एड | नेपाली |
| ७ | शिक्षक | शोभाखर पौडेल | नि.मा.वि. | तृतीय | स्थायी | एम.एड | एम.एड | सामाजिक |
| ८ | शिक्षक | डिल्लीराज शर्मा | नि.मा.वि. | तृतीय | स्थायी | एम.वी.एस. | वी.एड | अंग्रेजी |
| ९ | शिक्षक | शिवप्रसाद खनाल | प्रा.वि. | प्रथम | स्थायी | वी.एड. | वी.एड | अंग्रेजी |
| १० | शिक्षक | कृष्णबहादुर गाहा | प्रा.वि. | द्बितीय | स्थायी | वी.एड. | वी.एड | गणित |
| ११ | शिक्षक | विष्णु ढुङ्गाना | प्रा.वि. | द्बितीय | स्थायी | वी.एड. | वी.एड | सामाजिक |
| १२ | शिक्षक | पोवित्रा गाहा | प्रा.वि. | तृतीय | स्थायी | वी.एड. | वी.एड | नेपाली |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | शिक्षक | रामप्रसाद खनाल | प्रा.वि. | द्वितीय | स्थायी | एस.एल.सी | १० महिने | नेपाली |
| १४ | शिक्षक | सुरज रेश्मी | | | | आई.एस्सी | आई.एड | विज्ञान |
| १५ | लेखापाल | पवित्रा राना | | | अस्थायी | वी.एड | वी.एड. | |
| १६ | बालविकास | भगवती ढुङ्गाना | | | अस्थायी | आई.एड. | आई.एड | |
| १७ | शिक्षक | हुमबहादुर शाही | . | | अस्थायी | आई.कम | | |
| १८ | शिक्षक | अर्जुन वि.क. | | | अस्थायी | वी.कम | | |
| १९ | शिक्षक | वेगम गाहा | | | अस्थायी | वी.एड | वी.एड | |
| २० | का.स. | इन्दिरा रायमाझी | | | | | | |
| २१ | का.स. | सीता दिशा | | | | | | |

### ४.३.३ विद्यार्थी विवरण

मगर समुसदाय रहेको यस ग्रामीण परिवेशमा क्षेत्री र ब्राह्मण विद्यार्थीको सख्या न्यून देखिन्छ । अंग्रेजी र नेपाली दुवै माध्यमबाट पढाइ हुने यस विद्यालयमा पनि विद्यार्थी त्यति उल्लेखनीय रहेको पाइदैन यद्यपी मध्यम किसिमको विद्यार्थी संख्या रहेको छ । जसलाई निम्नानुसार तालीकामा प्रस्तुत गरिएको छ ।

**तालिका १२ : ग्राम्य उ.मा.वि. को विद्यार्थी विवरण**

| क.सं. | कक्षा | संख्या | कैफियत |
|---|---|---|---|
| १ | ९ | ३८ | |
| २ | १० | ५० | |
| | जम्मा | ८८ | |

### ४.३.४ शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था

शैक्षिक सामग्रीको अवस्था विशेष गरेर विद्यालयको आर्थिक पक्षसँगै जोडिने हुँदा पनि विद्यालयको शैक्षिक सामग्रीको अवस्थाको प्रयोगको अवस्था मध्यम देखिन्छ । विद्यालयमा मुख्यत २५ सेतोपाटी, १ प्रोजेक्टर, १५ कम्प्यूटर, १६० डेक्स् वेन्च् १ तौल मेसिन, ६ दराज, १ टेलिभिजन, १ फ्रिज र, १ रेडियो रहेका छन् विद्यालयमा रहेको शैक्षिक सामग्रीलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका १३ : ग्राम्य उ.मा.वि. को शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था

| क.सं. | विवरण | संख्या | प्रयोगको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| १ | पाटी (सेतो पाटी | २५ | √ | | |
| २ | फलाटीन पाटी | | | | |
| ३ | चुम्बकीय पाटी | | | | |
| ४ | गोजी तालिका | २ | √ | | |
| ५ | प्रोजेक्टर | १ | √ | | |
| ६ | चित्रपट्टीका | | | | |
| ७ | शिक्षण मेसिन | | | | |
| ८ | पत्तीहरू | | | | |
| ९ | रेखाचित्र | | √ | | |
| १० | मानचित्र | | √ | | |
| ११ | व्यङ्ग्यचित्र | | | | |
| १२ | तालिकासूची | | √ | | |
| १३ | वास्तविक वस्तु | | √ | | |
| १४ | चार्ट | | √ | | |
| १५ | पोष्टर | | √ | | |
| १६ | नक्सा | | √ | | |
| १७ | पाठ्यपुस्तक | | √ | | |
| १८ | शिक्षक निर्देशिका | | √ | | |
| १९ | सन्दर्भ सामग्री | | √ | | |
| २० | रेडियो | १ | √ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | टेपरेकर्डर | १ | √ | | |
| २२ | ग्रामोफोन | | | | |
| २३ | टेलिभिजन | १ | √ | | |
| २४ | चलचित्र | | | | |
| २५ | फ्रिजर | १ | √ | | |
| २६ | कम्प्युटर | १५ | √ | | |
| २७ | क्यामेरा | १ | √ | | |
| २८ | नाटकीकरण | | | | |
| २९ | स्पर्श सामग्री | | | | |
| ३० | डेक्स/बेन्च | १६० | √ | | |
| ३१ | टेवल/कुर्सी | २५ | √ | | |
| ३२ | दराज | ६ | √ | | |
| ३३ | खेलकुद सामग्री | | √ | | |
| ३४ | तौल मेसीन | १ | √ | | |
| ३५ | पानी टंकी | २ | | | |
| ३६ | फिल्टर | २ | √ | | |
| ३७ | प्रोजेक्टर | १ | √ | | |
| ३८ | बुक र्‍याक | १ | √ | | |

### ४.३.५ आर्थिक अवस्था

तानसेन नगरपालिकासँग जोडिएको चितुङ्गधारा गा.वि.स.मा पर्ने यस विद्यालयको १६ रोपनी जग्गा रहेको छ । विद्यालयको आम्दानीको स्रोत सरकारी अनुदान बाहेक अरु खासै देखिदैन । विद्यालयमा निजी स्रोतमा राखिएका शिक्षकहरूलाई नियमित तलब दिन समेत समस्या परेको छ । सबै भवन पक्की छैनन् । कक्षाकोठाहरू साँगुरा देखिन्छन् । केही

कोठाहरू रेडक्रसले निर्माण गरिदिएको मञ्च र विद्यालयको गेट केही सौजन्यकर्ताहरूले निर्माण गरिदिएको कारण आर्थिकस्रोत सुधारिएको पाइन्छ । उच्च मा.वि.का कक्षाहरू २०६७ सालबाट खुलेपनि हालसम्म उ.मा.वि. अनुदान पाउन नसक्दा बढी समस्या देखिएको छ । हाल सांसद विकास कोषबाट केही रकम परेको हुँदा दुईकोठा पक्की गर्ने योजना भइरहेको छ । यो विद्यालय प्रशस्त आर्थिक स्रोतको खोजीमा देखिन्छ ।

### ४.३.६ निष्कर्ष

यो विद्यालय तानसेन नगरपालिकासँग जोडिएको गा.वि.स.मा रहेको हुनाले भौतिक अवस्था विभिन्न निकायको सहयोगले सुधारोन्मुख अवस्थामा रहेको देखिन्छ । सबै शिक्षकहरू उच्च शैक्षिक योग्याता हुनाले र तालिम प्राप्त भएकाले शैक्षिक स्थिति राम्रो देखिन्छ । शैक्षिक सामग्रीहरूको पनि कक्षागत रूपमा छुट्टाछुट्टै निर्माण गरी प्रयोग गरेको र कक्षाकोठाका भित्ताहरू सबै शैक्षिक सामग्रीले सजिएको पाइयो । हरेक कक्षामा बुक र्‍याक राखेकोले प्रशस्त सन्दर्भ सामग्रीहरू जुटाइएको पाइन्छ । आन्तरिक स्रोतबाट नै शैक्षिक सामग्रीको निर्माण गरेको र प्रोजेक्टरको माध्यमबाट समेत कक्षा सञ्चालन गर्ने गरेकोले यो विद्यालय आधुनिक प्रविधितर्फ उन्मुख भइरहेको पाइन्छ ।

## ४.४ श्री सेन उ.मा.वि.

शिक्षा जीवनको अनिवार्य तत्त्व हो । वि.सं. २००७ सालको राजनीतिक परिवर्तनसँगै विद्यालयहरू धमाधम खुल्न थाले । यसै क्रममा पाल्पा जिल्ला तानसेन सदरमुकामको टुडिखेलको छेवैमा वि.सं. २०२५ सालमा यस विद्यालयको स्थापना भयो । यस विद्यालयको २०३१ सालमा मा.वि. र वि.सं. २०६६ सालदेखि शिक्षा, व्यवस्थापन र विज्ञान संकायका कक्षाहरू सञ्चालन गरेको पाइन्छ र पछि विविध कारणले गर्दा विज्ञान संकाय बन्द हुन पुग्यो । हाल यो विद्यालय प्राचार्य शिवप्रसाद आचार्यको नेतृत्त्वमा अगाडि बढिरहेको छ ।

### ४.४.१ विद्यालयको भौतिक अवस्था

तानसेन बजारमा रहेको टुडीखेलको काखमा अवस्थित यस सेन उ.मा.वि को प्राचीन शैलीको अत्यन्त कलात्मक भवन रहेको छ । यस विद्यालयमा साना ठुला गरेर १० वटा भवन रहेका छन् । सँगै तानसेन स्रोतकेन्द्र कार्यलय रहेको यस विद्यालयको वातावरण

शान्त र सुरम्य रहेको छ । पुराना भवनमा साना साँघुरा कोठा र नयाँ भवनमा ठुला कक्षा कोठा रहेका छन् । विद्यालयको प्राङ्गणमा एउटा सरस्वतीको मन्दिर रहेको छ । ४ वटा शौचालय रहेका यस विद्यालयमा दुई वटा साना साना खेल्ने मैदान रहेका छन् । १ वटा कम्प्युटर प्रयोगशाला, एउटा पुस्तकालय छ भने २ वटा पानी पिउने टंकी, भण्डार कक्ष र चमेना गृह रहेको छ । जसलाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

तालिका १४ : सेन उ.मा.वि. को भौतिक अवस्था

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | भवन | १० | |
| २ | कक्षाकोठा | ३५ | |
| ३ | शौचालय | ४ | |
| ४ | खेलमैदान | २ | |
| ५ | कम्प्युटर प्रयोगशाला | १ | |
| ६ | पुस्तकालय | १ | |
| ७ | पिउने पानी टंकी | २ | |
| ८ | भण्डार कक्ष | १ | |
| ९ | चमेना गृह | १ | |
| १० | डेक्स, बेन्च | १८० सेट | |
| ११ | दराज | ८ | |
| १२ | टेवुल/कुर्सी | ३० | |
| १३ | कम्प्युटर, प्रिन्टर | १२ थान | |
| | | | |

४.४.२ शिक्षक तथा कर्मचारीहरू

२०३१ सालमा मा.वि कक्षा सञ्चालनका लागि अनुमति प्राप्त गरेको यस विद्यालयका ४ वटा स्थायी दरवन्दी, १ उ.मा.वि दरवन्दी ४ र १ अस्थायी मा.वि दरवन्दी छ भने निम्न माध्यमिक तहमा ४ वटा स्थायी दरवन्दी प्राथमिक तहमा ६ वटा स्थायी दरवन्दी

रहेको यस विद्यालयमा १ वटा प्रा.वि. अस्थायी दरवन्दी रहेको छ । जसलाई तालिकामा यसरी देखाइएको छ ।

**तालिका १५ : सेन उ.मा.वि. का शिक्षक तथा कर्मचारीहरू**

| क.सं. | पद | नाम, थर | तह | श्रेणी | किसिम | योग्यता | तालिम | बिषय |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राचार्य | शिवप्रसाद आचार्य | मा.वि. | द्वितीय | स्थायी | एम.एड | एम.एड. | सामाजिक |
| २ | स.प्राचार्य | कृष्णबहादुर मल्ल | मा.वि. | तृतीय | स्थायी | एम.एड. | एम.एड | अंग्रेजी |
| ३ | शिक्षक | चक्रपानी गौतम | मा.वि. | प्रथम | स्थायी | सास्त्री | वी.एड | नेपाली |
| ४ | शिक्षक | भिमलाल बस्याल | मा.वि. | तृतीय | स्थायी | वी.ए | एम.एड | सामाजिक |
| ५ | शिक्षक | भविश्वर घिमिरे | मा.वि. | तृतीय | स्थायी | एम.एड | एम.एड | गणित |
| ६ | शिक्षक | सालुकुमारी थापा | मा.वि. | | | वी.एस्सी | वी.एड | विज्ञान |
| ७ | शिक्षक | शिब आले | उ.मा.वि | तृतीय | अस्थायी | एम.ए | वी.एड | अर्थशास्त्र |
| ८ | शिक्षक | गोविन्दप्रसाद न्यौपाने | नि.मा.वि | तृतीय | स्थायी | एम.एस्सी | वी.एड | विज्ञान |
| ९ | शिक्षक | कालिदास घिमिरे | नि.मा.वि | द्वितीय | स्थायी | वी.ए. | १० महिने | अंग्रेजी |
| १० | शिक्षक | कृष्णकला पौडेल | नि.मा.वि | तृतीय | स्थायी | वी.एड. | वी.एड | सामाजिक |
| ११ | शिक्षक | रीता राना मगर | नि.मा.वि | तृतीय | स्थायी | वी.एड. | वी.एड | अंग्रेजी |
| १२ | शिक्षक | नारायणी गौतम | प्रा.वि. | प्रथम | स्थायी | वी.एड. | वी.एड | नेपाली |
| १३ | शिक्षक | भोजराज थापा | प्रा.वि. | द्वितीय | स्थायी | एस.एल.सी | १० महिने | सामाजिक |
| १४ | शिक्षक | रामप्रसाद पंगेनी | प्रा.वि. | प्रथम | स्थायी | एम.ए | वी.एड | गाणित |
| १५ | शिक्षक | शुशीला रेग्मी | प्रा.वि. | द्वितीय | स्थायी | एम.ए | वी.एड. | नेपाली |
| १६ | शिक्षक | निर्मला ठकुरी | प्रा.वि. | तृतीय | स्थायी | वी.ए | वी.एड. | अंग्रेजी |
| १७ | शिक्षक | देवी पौडेल | प्रा.वि. | द्वितीय | स्थायी | एम.ए | वी.एड. | नेपाली |
| १८ | शिक्षक | मीना पन्थी | प्रा.वि. | | | | | |

### ४.४.३ विद्यार्थी विवरण

पाल्पा जिल्लामै गरिमामय स्थान हासिल गरेको यस विद्यालयमा पनि विद्यार्थी संख्या त्यति उल्लेखीय रहेको छैन । प्रा.वि. तहमा न्यून र नि.मा.वि. र मा.वि तहमा मध्यम रहेको यस विद्यालयमा रहेको माध्यमिक तहको विद्यार्थी संख्यालाई तालिकामा यसरी प्रस्तुत गरिएको छ ।

तालिका १६ : सेन उ.मा.वि. को विद्यार्थी विवरण

| क.सं. | कक्षा | संख्या | कैफियत |
|---|---|---|---|
| १ | ९ | ३९ | |
| २ | १० | ४० | |
| | जम्मा | ७९ | |

## ४.४.४ शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था

विद्यालयमा विभिन्न किसिमका सामग्रीहरू रहेका छन् कुनै सामग्री प्रयोगमा रहेका छन् । भने कुनै सामग्री प्रयोगको अवस्थामा छैन । विद्यालयमा सेतो पाटी २५ वटा, कम्प्युटर १५, एक वटा प्रोजेक्टर विभिन्न सन्दर्भ सामग्री, गोजी तालिकाहरू, रेडियो, टेपरेकर्डर रहेका छन् । जसलाई तालिकामा यसरी देखाइएको छ ।

तालिका १७ : सेन उ.मा.वि. को शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था

| क.सं. | विवरण | संख्या | प्रयोगको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| १ | पाटी (सेतो पाटी | २५ | √ | | |
| २ | फलाटीन पाटी | | | | |
| ३ | चुम्बकीय पाटी | | | | |
| ४ | गोजी तालिका | २ | √ | | |
| ५ | प्रोजेक्टर | १ | √ | | |
| ६ | चित्रपट्टीका | | | | |
| ७ | शिक्षण मेसिन | | | | |
| ८ | पत्तीहरू | | | | |
| ९ | रेखाचित्र | | √ | | |
| १० | मानचित्र | | √ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | व्यङ्ग्यचित्र | | | | |
| १२ | तालिकासूची | | √ | | |
| १३ | वास्तविक वस्तु | | √ | | |
| १४ | चार्ट | | √ | | |
| १५ | पोष्टर | | √ | | |
| १६ | नक्सा | | √ | | |
| १७ | पाठ्यपुस्तक | | √ | | |
| १८ | शिक्षक निर्देशिका | | √ | | |
| १९ | सन्दर्भ सामग्री | | √ | | |
| २० | रेडियो | १ | √ | | |
| २१ | टेपरेकर्डर | १ | √ | | |
| २२ | ग्रामोफोन | | | | |
| २३ | टेलिभिजन | १ | √ | | |
| २४ | चलचित्र | | | | |
| २५ | फ्रिजर | १ | √ | | |
| २६ | कम्प्युटर | १५ | √ | | |
| २७ | क्यामेरा | १ | √ | | |
| २८ | नाटकीकरण | | | | |
| २९ | स्पर्श सामग्री | | | | |
| ३० | डेक्स/बेन्च | १८० | √ | | |
| ३१ | टेवल/कुर्सी | २५ | √ | | |
| ३२ | दराज | ६ | √ | | |
| ३३ | खेलकुद सामग्री | | √ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | तौल मेसीन | १ | √ | | |
| ३५ | पानी टंकी | ३ | | | |
| ३६ | फिल्टर | २ | √ | | |
| ३७ | बुक र्‍याक | ३ | √ | | |

### ४.४.५ आर्थिक अवस्था

यो विद्यालय तानसेन सदरमुकाम भित्र पर्ने विद्यालय भए पनि विद्यालयको आन्तरिक स्रोत केही पनि देखिदैन । सरकारी अनुदानबाट यो विद्यालय चलेको देखिन्छ । विद्यालयको १७ रोपनी जग्गा भएको र त्यसभित्र नै विद्यालयको भौतिक निर्माण भएको देखिन्छ । भवनहरू विद्यार्थी संख्याको तुलनामा पर्याप्त नै देखिन्छन् । यो विद्यालयमा अंग्रेजी माध्यमबाट समेत पढाइ भईरहेको अवस्थामा निजीस्रोतमा राखिएका शिक्षकहरूलाई पारिश्रमिक दिन धौं-धौं परेको पाइन्छ । यो विद्यालयलाई सहयोगको अपेक्षामा देखिन्छ ।

### ४.४.६ निष्कर्ष

यो विद्यालय सेन राजाको नामबाट नामाकरण गरी खोलिएको एक ऐतिहासिक विद्यालय हो । तानसेनमा रहेको यस विद्यालयमा तालिम प्राप्त दक्ष शिक्षकहरू हुनु, बिषयगत शैक्षिक सामग्रीको प्रयोग गर्नु सबल पक्ष देखिन्छ । विद्यालयको भौतिक पूर्वाधारहरू समेत राम्रो अवस्थामा नै छ । भौगोलिक बनावटले खेलमैदानको उपयुक्त व्यवस्थापन हुन नसकेको देखिन्छ ।

## ४.५ जनता नमुना उ.मा.वि.

जनताको अथक प्रयास र मुस्ठिदान प्राप्त गरी जनताको गौरवमय संस्थाको रूपमा वि.सं. २००८ साल भाद्र २१ गते स्थापना भएको हो । सर्वसाधारण जनताको लागि गुणात्मक तथा सर्वसुलभ शिक्षा प्रदान गर्ने उद्देश्यले पाल्पाली जनताको समर्पणको प्रतिफल हो जनता विद्यालय । पिपलको बोटमुनी कक्षा सातसम्म अध्यापन गराउने गरी खोलिएको यस विद्यालयले वि.सं. २०६० सालबाट उच्च माध्यमिक तहमा विज्ञान, व्यवस्थापन, शिक्षा संकाय सञ्चालन गर्दै आइरहेको छ । हाल यो विद्यालय जिल्लाकै उत्कृष्ट र नमुना

विद्यालयको रूपमा चिनिदै आएको छ । हाल प्राचार्य मेघराज पौडेल र अध्यक्ष कृष्णबहादुर थापाको नेतृत्त्वमा सञ्चालन भईरहेको छ ।

### ४.५.१ विद्यालयको भौतिक अवस्था

पाल्पा जिल्लाको सदरमुकाम तानसेन वजारको केन्द्र भागमा रहेको सितलपाटी देखि अलि पर पश्चिम दिशामा अवस्थित जनता नमुना उ.मा.वि.(जे.भि.टि.) का नामले नेपाल भरिनै प्रसिद्ध कमाएको विद्यालय हो । पाल्ला जिल्लाकै उत्कृष्ट यो विद्यालय आर्थिक, भौतिक र शैक्षिक पक्षले नै सम्बृद्ध छ । आधुनिक आर्कषक ठुला ८ वटा भवन रहेका यस विद्यालयमा ४८ वटा कक्षा कोठा रहेका छन् । एउटा ठुलो सभाहल १६ वटा शौचालय, २ वटा पुस्तकालय, २ वटा भण्डार कक्ष रहेको यस विद्यालयमा २ वटा कम्प्युटर प्रयोगशाला रहेको छ । यस विद्यालयको खेल मैदान भने साँगुरो रहेको छ । विद्यालयको भौतिक अवस्थालाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका १८ : जनता नमुना उ.मा.वि. को भौतिक अवस्था**

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | भवन | ८ | |
| २ | कक्षाकोठा | ४८ | |
| ३ | शौचालय | १६ | |
| ४ | खेलमैदान | २ | |
| ५ | कम्प्युटर प्रयोगशाला | १ | |
| ६ | पुस्तकालय | २ | |
| ७ | पिउने पानी टंकी | ५ | |
| ८ | भण्डार कक्ष | २ | |
| ९ | चमेना गृह | १ | |
| १० | डेक्स, बेन्च | ५०० सेट | |
| ११ | दराज | १४ | |
| १२ | टेवुल/कुर्सी | ७० | |
| १३ | कम्प्युटर, प्रिन्टर | ३० थान | |

| | | | |
|---|---|---|---|
| १४ | सोफासेट | ३ | |
| १५ | प्रोजेक्टर | १ | |
| १६ | माइक, स्पिकर | ४ | |
| १७ | क्यामेरा | १ | |

### ४.५.२ शिक्षक तथा कर्मचारीहरू

पाल्पा जिल्लाकै नमुना विद्यालयमा विद्यार्थी संख्याको चाप नाम अनुसार नै अधिक रहेको छ । यस विद्यालयमा माध्यामिक तहमा ८ वटा स्थायी दरवन्दी र १ वटा अस्थायी दरवन्दी रहेको छ । निम्न माध्यामिक तहमा ५ वटा स्थायी दरवन्दी रहेको छ १ वटा अस्थायी दरवन्दी रहेको छ प्राथमिक तहमा ८ वटा स्थायी दरवन्दी रहेको छ भने १ वटा अस्थायी दरवन्दी रहेको छ । ७ जना शिक्षकहरूको दरवन्दी विभिन्न तहमा विद्यालयमा निजीस्रोतबाट सञ्चालन गरेको छ १ जना लेखापाल १. सहयोगी कार्यकर्ता र ४ जना कार्यलय सहयोगी गरी जम्मा ३५ जनाको शिक्षक तथा कर्मचारीको संख्या रहेको छ ।

तालिका १९ : जनता नमुना उ.मा.वि. का शिक्षक तथा कर्मचारीहरू

| क्र.सं. | पद | नाम, थर | तह | श्रेणी | किसिम | योग्यता | तालिम | बिषय |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राचार्य | मेघराज पौडेल | मा.वि. | प्रथम | स्थायी | एम.ए | वी.एड. | अंग्रेजी |
| २ | स.प्राचार्य | हरिओम सिंह | मा.वि. | प्रथम | स्थायी | एम.एस्सी. | वी.एड | गणित |
| ३ | स.प्राचार्य | गणेशराज ज्ञवाली | मा.वि. | द्वितीय | स्थायी | एम.एस्सी | वी.एड | गणित |
| ४ | शिक्षक | अम्बिका पौडेल | मा.वि. | प्रथम | स्थायी | वी.ए | एम.एड | सामाजिक |
| ५ | शिक्षक | हरिप्रसाद घिमिरे | मा.वि. | तृतीय | स्थायी | एम.एड | एम.एड | अंग्रेजी |
| ६ | शिक्षक | कपिल कुँवर | मा.वि. | तृतीय | स्थायी | एम.एस्सी. | एम.एड | विज्ञान |
| ७ | शिक्षक | कमल बहादुर खत्री | मा.वि. | तृतीय | अस्थायी | एम.ए | एम.एड | सामाजिक |
| ८ | शिक्षक | रेणु पाण्डे(बस्याल) | मा.वि. | तृतीय | स्थायी | एम.वी.एस. | वी.एड | सामाजिक |
| ९ | शिक्षक | शकुन्तला बज्राचार्य | नि.मा.वि. | द्वि तीय | स्थायी | वी.ए. | एम.एड | नेपाली |
| १० | शिक्षक | सरस्वती भट्टराई | नि.मा.वि. | द्वि तीय | स्थायी | वी.ए. | वी.एड | सामाजिक |
| ११ | शिक्षक | कृष्णप्रसाद पाठक | नि.मा.वि. | द्वितीय | स्थायी | एम.वी.ए. | वी.एड | विज्ञान |
| १२ | शिक्षक | पदमराज पौडेल | नि.मा.वि. | द्वितीय | स्थायी | आई.एस्सी. | एम.एड | गणित |
| १३ | शिक्षक | जिवनप्रकाश नेपाल | नि.मा.वि. | द्वितीय | स्थायी | आई.एस्सी | एम.एड | विज्ञान |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | शिक्षक | प्रमिला पन्त | नि.मा.वि. | | अस्थायी | वी.एड | वी.एड | अंग्रेजी |
| १५ | शिक्षक | केशवराज नेपाल | प्रा.वि. | द्वितीय | स्थायी | वी.ए | वी.एड | सामाजिक |
| १६ | शिक्षक | मञ्जुला बज्राचार्य | प्रा.वि. | द्वितीय | स्थायी | वी.एड | वी.एड. | गणित |
| १७ | शिक्षक | ढाकाकुमारी थापा | प्रा.वि. | द्वितीय | स्थायी | आई.एड. | आई.एड. | सामाजिक |
| १८ | शिक्षक | शैलेन्द्रकुमार श्रेष्ठ | प्रा.वि. | द्वितीय | स्थायी | आई.कम | | स्वास्थ्य |
| १९ | शिक्षक | सुमित्रा के.सी. | प्रा.वि. | द्वितीय | स्थायी | वी.कम | | नेपाली |
| २० | शिक्षक | कमला शर्मा | प्रा.वि. | द्वितीय | स्थायी | वी.एड | वी.एड | नेपाली |
| २१ | शिक्षक | कमला के.सी. | प्रा.वि. | द्वितीय | स्थायी | एस.एल.सी | | नेपाली |
| २२ | शिक्षक | माधवी ज्ञवाली | प्रा.वि. | तृतीय | स्थायी | आई.एड | | अंग्रेजी |
| २३ | शिक्षक | नुरराज गैरे | प्रा.वि. | तृतीय | अस्थायी | एम.ए | एम.एड | नेपाली |
| २४ | शिक्षक | हिरामणी ज्ञवाली | | | अस्थायी | एम.ए | | अंग्रेजी |
| २५ | शिक्षक | जयन्ती सिंजाली | | | अस्थायी | एम.ए | वी.एड | अंग्रेजी |
| २६ | शिक्षक | चन्दा थापा | | | अस्थायी | एम.एस्सी | | विज्ञान |
| २७ | शिक्षक | लोकनाथ अधिकारी | | | अस्थायी | वी.वी.एस | वी.एड | लेखा |
| २८ | शिक्षक | योगेन्द्र विरकट्टा | | | अस्थायी | एम.ए | | गणित |
| २९ | शिक्षक | कल्पना न्यौपाने | | | अस्थायी | वी.एड | वी.एड | नेपाली |
| ३० | शिक्षक | कमला बुढाप्रिथि | | | अस्थायी | | | |
| ३१ | लेखापाल | भगवान सिंह | | | अस्थायी | | | |
| ३२ | स.का. | कमला अर्याल | | | अस्थायी | | | |
| ३३ | का.स. | कृष्णबहादुर कार्की | | | अस्थायी | | | |
| ३४ | का.स. | विष्णुकुमारी बराव | | | अस्थायी | | | |
| ३५ | का.स. | मधु के.सी. | | | अस्थायी | | | |
| ३६ | का.स. | नर्मदा वि.क. | | | अस्थायी | | | |

### ४.५.३ विद्यार्थी विवरण

पाल्पा जिल्लाकै नमुना विद्यालय जनता माध्यमिक विद्यालयमा विद्यार्थीको संख्या अधिक रहेको छ । विद्यालयको ख्याति र यस विद्यालयले सञ्चालन गरेका नेपाली र अंग्रजी दुवै माध्यम विशेष गरेर आर्कषण केन्द्र हुन् । जिल्लाको कुना-कुनाबाट यस विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको घुँइचो हुन्छ । विद्यालयले विद्यार्थीको चापको आधारमा अंधिकाश कक्षाहरूलाई सेक्सनमा विभाजित गरी पठन पाठन गरेको पाइन्छ । माध्यमिक तहको विद्यार्थी संख्यालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २० : जनता नमुना उ.मा.वि. को विद्यार्थी विवरण

| क.सं. | कक्षा | संख्या | कैफियत |
|---|---|---|---|
| १ | ९ | १९७ | |
| २ | १० | १८३ | |
| | जम्मा | ३८० | |

### ४.५.४ शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था

कम्तिमा पनि १ कक्षा १ शैक्षिक सामग्री भन्ने शैक्षिक नीति अनुसार पनि विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था उत्कृष्ट रहेको छ । विद्यालयमा विद्यार्थी शिक्षकद्वारा निर्माण गरिएका उत्कृष्ट शैक्षिक सामग्रीहरू रहेका छन् कक्षा कोठा पिच्छे सेतो पाटी र ड्यास वोर्ड रहेका छन् १ प्रोजेक्टर र चुम्वकीय पाटी रहेका यस विद्यालयमा ३० वटा कम्प्युटर रहेका छन् विद्यार्थीको चाप अधिक रहेकाले विद्यार्थीले कम्प्युटर प्रयोग अभ्यास गर्न पाएका छैनन् । विद्यालयमा तालिका सूची, शिक्षक निर्देशिका सर्न्दभ सामग्री प्रशस्त रहेका छन् । शैक्षिक सामग्रीको वर्तमान अवस्थालाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

तालिका २१ : जनता नमुना उ.मा.वि. को शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था

| क.सं. | विवरण | संख्या | प्रयोगको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| १ | पाटी (सेतो पाटी | २५ | √ | | |
| २ | फलाटीन पाटी | | | | |
| ३ | चुम्बकीय पाटी | २ | | | |
| ४ | गोजी तालिका | २ | √ | | |
| ५ | प्रोजेक्टर | १ | √ | | |
| ६ | चित्रपट्टीका | | | | |
| ७ | शिक्षण मेसिन | | | | |
| ८ | पत्तीहरू | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | रेखाचित्र | | √ | | |
| १० | मानचित्र | | √ | | |
| ११ | व्यङ्ग्यचित्र | | | | |
| १२ | तालिकासूची | | √ | | |
| १३ | वास्तविक वस्तु | | √ | | |
| १४ | चार्ट | | √ | | |
| १५ | पोष्टर | | √ | | |
| १६ | नक्सा | | √ | | |
| १७ | पाठ्यपुस्तक | | √ | | |
| १८ | शिक्षक निर्देशिका | | √ | | |
| १९ | सन्दर्भ सामग्री | | √ | | |
| २० | रेडियो | १ | √ | | |
| २१ | टेपरेकर्डर | १ | √ | | |
| २२ | ग्रामोफोन | | | | |
| २३ | टेलिभिजन | १ | √ | | |
| २४ | चलचित्र | | | | |
| २५ | फ्रिजर | १ | √ | | |
| २६ | कम्प्युटर | ३० | √ | | |
| २७ | क्यामेरा | १ | √ | | |
| २८ | नाटकीकरण | | | | |
| २९ | स्पर्श सामग्री | | | | |
| ३० | डेक्स/बेन्च | ५०० | √ | | |
| ३१ | टेवल/कुर्सी | २५ | √ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | दराज | ६ | √ | | |
| ३३ | खेलकुद सामग्री | | √ | | |
| ३४ | तौल मेसीन | १ | √ | | |
| ३५ | पानी टंकी | ५ | | | |
| ३६ | फिल्टर | २ | √ | | |
| ३७ | बुक ऱ्याक | १० | √ | | |

### ४.४.५ आर्थिक अवस्था

पाल्पा जिल्लाको सदरमुकाम तानसेनभित्र अवस्थित यस विद्यालयको छ रोपनी तीन आना जग्गा रहेको र आफ्नै जग्गाभित्र विद्यालय रहेको छ । विद्यालयको आम्दानीको मूल स्रोत सरकारी अनुदान, घरवाहाल, हलभाडा नै हो । विद्यालयमा विद्यार्थीहरूको उच्च चापले गर्दा निजीस्रोतका शिक्षकहरू थप गर्नुपर्ने हुँदा आर्थिक सङ्कट देखा परिरहेकै देखिन्छ । अंग्रेजी र नेपाली दुबै माध्यमबाट कक्षा सञ्चालन गर्दा आर्थिक व्ययभार थपिएको देखिन्छ । समग्रमा यो विद्यालय पाल्पा जिल्लाको एक उत्कृष्ट विद्यालयको रूपमा देखिन्छ । यो विद्यालय पनि आर्थिक सहयोगको अपेक्षामा देखिन्छ ।

### ४.५.६ निष्कर्ष

यो विद्यालय जनताको मुष्ठिदानबाट सर्वसाधरण जनताको छोराछोरीलाई सर्वसुलभ तरिकाले गुणस्तर शिक्षा प्रदान गरिनु पर्छ भन्ने आशयले यहाँका शिक्षाप्रेमीहरूले स्थापना गरेको पाइन्छ । जुन हालसम्म पनि उही गुणस्तर शिक्षा दिन सफल भएको पाइन्छ । तानसेन बजारको मुटु र श्रीनगरको काखमा रहेको यो विद्यालय यो क्षेत्रकै उत्कृष्ट भएता पनि जग्गा अभावको कारणले चाहेअनुसारको खेल मैदान, भवन, होस्टेल, विज्ञान प्रयोगशाला तथा अन्य सुविधाहरू प्रदान गर्न असमर्थ रहेको पाइन्छ तर पनि यो विद्यालयलाई अझ राम्रो र सफल बनाउन यो विद्यालयमा कार्यारत शिक्षक/शिक्षिका तथा विद्यालय व्यवस्थापन समिति रातोदिन लागेको पाइन्छ ।

# परिच्छेद पाँच
# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

शिक्षणमा जति व्याख्यान विधिको प्रयोग गरे पनि त्यसको दशौं गुणा प्रभावकारिता शैक्षिक सामग्रीले ल्याउने गर्छ । परम्परागत विधिलाई त्यागेर नयाँ आधुनिक शिक्षण प्रविधिको प्रयोग नगरेसम्म  वास्तविक गुणस्तर र उपलब्धि प्राप्त गर्न सकिदैन । माध्यमिक तहमा शैक्षिक सामग्रीको उपयोग र महत्त्व शीर्षकमा गरिएको यस शोधकार्यमा शैक्षिक सामग्रीको विद्यालयहरूमा उपयोगको अवस्था कस्तो छ ? त्यसको प्रभावकारिता के कति छ ? भन्ने बारेमा नमुना विद्यालयहरूलाई लिएर अध्ययन विश्लेषण गरेकी छु । अध्ययनको क्रममा भेटिएका तथ्यहरूलाई मूल्याङ्कनको कसीमा राखेर प्रश्नावली, छलफल, अन्तरक्रिया सञ्चालन गरेर विवेचना गर्ने प्रयास गरिएको छ । शैक्षिक सामग्री के हो ? यसको प्रकृति कस्तो हुनुपर्छ ? प्रयोग कुन रूपमा गर्नुपर्छ ? भन्ने जस्ता आधारमा रहेर सामग्रीको उपयोग र महत्वलाई सकेसम्म विश्लेषण गरिएको छ ।

खोज अनुसन्धानको क्षेत्र व्यापक हुन्छ । त्यसैले आफूले गर्न चाहेको र खोजेको सीमाभित्र रहेर गहिराइसम्म पुग्नु खोजकर्ताको प्रमुख उद्देश्य हुनुपर्छ । यही मूलमन्त्रलाई मध्यनजरमा राखेर यस शोधपत्रलाई अगाडि बढाइएको छ । स्वीकृत शोध प्रस्ताव अनुसार नै शोध शीर्षकदेखि लिएर सामग्री सङ्कलन र अध्ययन विधिलाई आधार मान्दै निष्कर्षमा पुग्ने प्रयास मैले यस शोधपत्रका गरेकी छु । शैक्षिक सामग्रीको उपयोगको अवस्था र महत्वलाई दर्शाउने काम गरिएको छ । यसको लागि नमुना विद्यालय अध्ययन, विद्यार्थीहरूको प्रयोगात्मक मूल्याङ्कन गरी आवश्यक निष्कर्ष निकालिएको छ । सामग्रीको पहिचान गरी बिषयवस्तुको प्रकृति अनुसार सामग्रीको प्रयोग गर्न सकियो भने मात्र आशातित प्रगति हुन सक्छ । बढी मूल्यका सामग्रीको सट्टा स्थानीय स्तरमा उपलब्ध वस्तुहरूको प्रयोग गर्दा सामग्री प्रर्दशन सहज र पहिचानयोग्य हुने देखिन्छ ।

माध्यमिक तहमा शैक्षिक सामग्रीको उपयोग र महत्त्व शीर्षकमा आधारित रहेर शोध प्रस्तावको ढाँचामा तयार गरिएको यस शोधपत्रलाई मुख्यतः पाँच परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा शोधपत्रको परिचय, दोस्रो परिच्छेदमा पूर्वकार्यको समीक्षा,

तेस्रो परिच्छेदमा शैक्षिक सामग्रीको सैद्धान्तिक परिचय र त्यसभित्र विभिन्न विधा उपविधामा विवेचना गरिएको छ । चौथो परिच्छेदमा माध्यमिक तहमा शैक्षिक सामग्रीको उपयोग र महत्त्व बिषयमा अध्ययन गरिएको छ । अन्तिम पाँचौ परिच्छेदमा सारांश, निष्कर्ष र सुझाव प्रस्तुत गरी शोधको सारका रूपमा उपसंहार खण्डलाई व्यवस्थित बनाउने प्रयास गरिएको छ ।

शोधकार्यलाई व्यवस्थित र तथ्यपूर्ण बनाउन यसले समेटेको क्षेत्रमा पुगेर अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । अध्ययनमा नमुना विद्यालयहरू लक्ष्मी उ.मा.वि., बन्दीपोखरा, बन्दीपोखरा, लुम्बिनी मा.वि., बौघापोखराथोक, सेन उ.मा.वि., तानसेन, जनता नमुना उ.मा.वि., तानसेन, ग्राम्य उ.मा.वि. चितुङ्गधारा लगायत विद्यालयका प्र.अ., विषय शिक्षकहरू, विद्यार्थीहरू आदिसँग प्रत्यक्ष छलफल र अन्तरक्रिया गरिएको छ । विभिन्न सामुदायिक विद्यालयमा पुगेर शिक्षक तथा विद्यार्थीहरूसँग सम्पर्क गरी प्रश्नावली भराई त्यसबाट प्राप्त नतिजाका आधारमा निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

प्रस्तुत शीर्षकमा गरिएको खोज अनुसन्धानबाट निम्न अनुसारको निष्कर्ष निकालिएको छ :

**उपयोगका क्षेत्रमा**

क) शैक्षिक सामग्रीको महत्त्व बुझ्दा बुझ्दै पनि पाठ्यवस्तुलाई मात्र महत्त्व दिएर शिक्षण कार्यलाई अगाडि बढाएको पाइयो ।

ख) आर्थिक समस्याबाट ग्रसित विद्यालय भएकाले सामग्री निर्माण र प्रयोग गर्न असमर्थ भएको पाइन्छ ।

ग) आधुनिक प्रविधि भन्दा पनि पराम्परागत सामग्रीलाई परम्परागत ढङ्गले उपयोग गरेको पाइयो ।

घ) शिक्षकहरू गोग्य र तालिम प्राप्त भए पनि सामग्री निर्माणमा उदासिन भई परम्परागत व्याख्यान विधिमात्र प्रयोग गरेको पाइयो ।

ङ) विद्यालयमा नियमित रूपमा निरीक्षण एवम् अनुगमन नहुनाले शैक्षिक सामग्री उपयोगमा समस्या भएको पाइन्छ ।

च) शैक्षिक सामग्रीको प्रयोग गर्दा भौतिक, वातावरणीय पक्षको पनि महत्त्वपूर्ण स्थान हुन्छ ।

छ) विद्यालयमा न्यूनतम् दरवन्दी संख्या उपलब्ध हुन नसक्दा एउटै शिक्षकमाथि धेरै शैक्षिक भार पर्न गई सामग्री निर्माण गर्न नसकेको देखियो ।

ज) शिक्षकहरूको घरपायक जागिरले गर्दा शिक्षण पेशालाई भन्दा अन्य घरायसी कामलाई बढी महत्त्व दिएको कारणले गर्दा शैक्षिक सामग्री निर्माणमा समय दिन नसकेको देखिन्छ ।

झ) शैक्षिक सामग्रीको प्रयोगले अरूचिकर र कठिन बिषयवस्तु पनि सरल र सरस बनाउन सकिन्छ ।

ञ) शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीको सिर्जनात्मक क्षमताको विकासमा सहयोग पुऱ्याउँछ ।

ट) बिषयवस्तुको प्रकृति अनुसारका सामग्रीको छनोट गरी शिक्षण गर्नुपर्छ ।

ठ) कक्षा व्यवस्थापनमा शैक्षिक सामग्रीको महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ ।

ड) सामग्री सबैले देख्ने र प्रयोग गर्न सक्ने खालको हुनुपर्छ ।

ढ) शैक्षिक सामग्रीको प्रयोग गर्दा सिकारूको मानसिक स्तर वा तहसँग मिल्ने हुनुपर्छ ।

ण) शैक्षिक सामग्री पटक-पटक निर्माण गर्दा बढी खर्चिलो हुने हुनाले पुनः प्रयोग गर्न सकिने गरी निर्माण गर्नुपर्छ ।

त) शैक्षिक सामग्रीको प्रयोग गरिसकेपछि शिक्षणका उद्देश्य पूरा भए भएनन् भनी मूल्याङ्कन गर्नुपर्छ । जसबाट प्राप्त उपलब्धिले शैक्षिक सामग्रीको उपयोगको महत्त्व बढ्न जान्छ ।

**सैद्धान्तिक क्षेत्रमा**

क) शैक्षिक सामग्रीको प्रयोगबाट अमूर्त बिषयवस्तुलाई मूर्त रूप दिन सकिन्छ ।

ख) महङ्गा सामग्री भन्दा स्थानीय स्तरमा उपलब्ध स्रोत तथा साधनहरूको प्रयोगले शिक्षणलाई रोचक बनाउँछ ।

ग) शैक्षिक सामग्रीको प्रयोगले शैक्षिक गुणस्तर वृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

घ) विना शैक्षिक सामग्रीको तुलनामा शैक्षिक सामग्रीको साथको सिकाइ दीर्घकालिन हुन्छ ।

ङ) शैक्षिक सामग्रीको साथमा गरिएको शिक्षण स्थायी र दीर्घकालिन हुन्छ ।

च) शैक्षिक सामग्रीको छनोट बालमनोविज्ञानलाई ध्यान दिएर तयार गर्नुपर्दछ ।

छ) पाठको सन्दर्भ र उपयुक्त समयमा मात्र शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्छ । अनावश्यक समयमा प्रयोग गर्दा होहल्ला हुने र पाठको उद्देश्य पूरा गर्न बाधा पुग्न सक्छ ।

ज) शिक्षण कार्यमा शैक्षिक सामग्री 'रामवाण' को रूपमा देखा पर्छन् ।

## ५.२ सुझाव

मध्यमिक तहमा शैक्षिक सामग्रीको उपयोग र महत्त्व शीर्षकमा शोधकार्य गरे पश्चात् देखिएका कमी कमजोरीलाई औँल्याई निम्न अनुसारका सुझावहरू प्रस्तुत गरिएको छ :

### ५.२.१ नीति निर्माण तहका लागि सुझाव

१) शिक्षकले शैक्षिक सामग्रीको निर्माण, संकलन र प्रयोगलाई झन्झटिलो होइन सहज मानेर प्रयोगमा जोड दिनुपर्छ ।

२) आर्थिक समस्याबाट ग्रसित विद्यालयलाई शैक्षिक निकायले प्राविधिक तथा आर्थिक सहायता प्रदान गर्नुपर्छ ।

३) समय सापेक्ष तालिमको व्यवस्था मिलाई सामग्री निर्माण र प्रयोगमा शिक्षकहरूलाई दक्ष बनाउनु पर्छ ।

४) राम्रो शैक्षिक सामग्रीको प्रयोग गर्ने शिक्षकलाई प्रोत्साहन गर्न पुरस्कारको प्रबन्ध मिलाउनु पर्छ ।

५) लगनशील, परिश्रमी, साहसी र अनुशासित शिक्षकको उचित मूल्याङ्कन गरिनुपर्छ ।

६) शिक्षकहरूले आफ्नो आधिकार सम्झने तर कर्तव्य भुल्ने जस्ता कार्यमा सजक बनाउनु पर्ने देखिन्छ ।

७) शिक्षक निर्देशिका र सन्दर्भ सामग्री उपलब्ध नभएका विद्यालयहरूमा ती सामग्रीहरू सजिलै उपलब्ध हुनसक्ने व्यवस्था सम्बन्धित निकायले मिलनउनु पर्छ ।

८) समय-समय नमुना विद्यालयहरूको अवलोकन गर्न भ्रमणको व्यवस्था मिलाई सामग्री प्रभावकारीता अध्ययन गर्ने अवसर शिक्षकहरूलाई प्रदान गर्नुपर्छ ।

९) शिक्षण पेशालाई दोस्रो पेशाको रूपमा लिई शिक्षण कार्यलार्य बेवास्ता गर्ने शिक्षकलाई दण्ड प्रदान गर्नु पर्छ ।

१०) पाठ्यक्रम, पाठ्यपुस्तक परिवर्तन र परिमार्जन हुँदा शिक्षकहरूलाई अनिवार्य रूपमा तालिमको व्यवस्था मिलाउनु पर्छ ।

### ५.२.२ कार्यान्वयन तहका लागि सुझाव

१) बजारमा उपलब्ध स्रोत भन्दा स्थानीय स्रोतको बढी उपयोग र परिचालन गर्नुपर्छ ।

२) शिक्षकले शिक्षण कार्यमा शैक्षिक सामग्रीको प्रयोग गर्छन् वा गर्दैनन् त्यस सम्बन्धमा नियमित अनुगमन र अवलोकन गर्नुपर्छ ।

३) परम्परागत शैक्षिक सामग्रीलाई मात्र प्राथमिकता नदिई आधुनिक प्रविधियुक्त साधनको समेत प्रयोग गर्न सक्षम बनाउनु पर्छ ।

४) निर्मित सामग्रीलाई सुरक्षित राख्नको लागि छुट्टै प्रबन्ध मिलाउनु पर्छ ।

५) शैक्षिक सामग्रीको शिक्षणमा उपयोगको महत्त्वबारे सम्पूर्ण शिक्षकहरूलाई सजक गराउँदै निर्माण र प्रयोगमा सक्रिय बनाउनुपर्छ ।

६) निजी विद्यालयले आफ्नो आम्दानीको निश्चित रकम अनिवार्य रूपमा शैक्षिक सामग्रीको खरीदमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

७) शिक्षकलाई कक्षाभार कम हुने गरी कक्षाकोठाको व्यवस्था मिलाउनु पर्दछ ।

८) कक्षाकोठामा शैक्षिक सामग्री राख्न र प्रदर्शनमा कुनै वाधा नपुग्ने कक्षाकोठाको व्यवस्था मिलाउनु पर्दछ ।

९) सूचना प्रविधिको विकास सँगसँगै नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूले पनि प्राविधिक दखल राख्दै कम्प्युटर र प्रोजेक्टरको माध्यमबाट भाषा शिक्षण गर्नुपर्दछ ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझाव

नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोग र महत्त्वको पक्षमा अझ पनि विस्तृत बिषयवस्तुमा शोधकार्य हुन बाँकी छ । यस सम्बन्धमा शोधकर्ताले थुप्रै शोध गर्न सक्दछन् । आगामी दिनमा यस बिषयमा थप अनुसन्धान गर्न चाहने अनुसन्धानकर्तालाई निम्न शीर्षकमा केन्द्रित रहेर शोध गर्नका लागि सुझाव दिइएको छ :

१. सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगको अवस्थाबारे तुलनात्मक अध्ययन,

२. आधुनिक प्रविधि र भाषा शिक्षणमा त्यसको प्रभावका बारेमा अध्ययन,

३. विश्व विद्यालय तहमा नेपाली भाषा शिक्षण शैक्षिक सामग्रीको प्रयोगको अवस्था,

४. ग्रामीण विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था,

५. गाउँ र नगरका विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगको तुलनात्मक अध्ययन,

६. शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरूको विस्तृत अध्ययन ।

# सन्दर्भसामग्री–सूची


अधिकारी, बिष्णुप्रसाद, (२०५५), **प्राथमिक शिक्षा तालिम पुस्तिका**, काठमाडौं : आषिक बुक्स हाउस प्रा.लि. ।

____________, (२०६३), **शिक्षक दर्पण**, काठमाडौं : आषिक बुक्स हाउस प्रा.लि. ।

____________, (२०७१), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम**, काठमाडौं : शुभकामना प्रकाशन ।

अधिकारी, बिष्णुप्रसाद र बालकृष्ण पोखरेल, (२०६५), **शैक्षणिक विधि**, काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

ओझा, रामनाथ र पुष्पराज जोशी, (२०६६), **अनुसन्धान पद्वति**, काठमाडौं : बुद्ध एकेडेमिक पब्लिसर्स ।

ओझा, रामनाथ र मधुसुधन गिरी, (२०५८), **शोध, सिर्जना र संस्कृत काव्यशास्त्र**, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

खतिवडा, राधारमण, (२०६१), **नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोग सम्बन्धि एक अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, तानसेन बहुमुखी क्याम्पस, पाल्पा ।

खनिया, बुद्धिराज र अन्य, (२०६६), **शिक्षण विधि र तरिका**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, बिष्णु, (२०५४), **कक्षा १, २, ३ का नेपाली भाषा पाठ्यपुस्तकमा राखिएका चित्रहरूको अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, तानसेन बहुमुखी क्याम्पस, पाल्पा ।

ढकाल, शान्तिप्रसाद, (२०६६), **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम**, काठमाडौं : शुभकामना प्रकाशन ।

बन्धु, चुडामणि, (२०६५), **अनुसन्धान तथा प्रतिवेदन लेखन** (दो.सं.), काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधव पौडेल, (२०५६), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

__________________, (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

__________________, (२०६७), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जिवी र अन्य, (२०६९), **शिक्षक सेवा आयोग परीक्षा सारथी** (दो.सं.), काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

शर्मा, चिरञ्जिवी र निर्मला शर्मा, (२०६५), **शैक्षणिक विधि**, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल, (२०५८), **शोधविधि**, काठमाडौं : साझा प्रकाशन ।

# परिशिष्ट 'क'

## प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि छनोट गरिएका विद्यालयहरूको नामावली

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | स्थापना | कैफियत |
|---|---|---|---|---|
| १ | जनता नमुना उ.मा.वि. | तानसेन नगरपालिका ०६ | २००८ | |
| २ | ग्राम्य उ.मा.वि. | चितुङ्गधारा गा.वि.स. | २००८ | |
| ३ | लुम्बिनी मा.वि. | बौघापोखराथोक गा.वि.स. | २०११ | |
| ४ | लक्ष्मी उ.मा.वि. | तानसेन नगरपालिका १३ | २०२० | |
| ५ | सेन उ.मा.वि. | तानसेन नगरपालिका ०३ | २०२५ | |

## परिशिष्ट 'ख'

### नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीको विवरण

विद्यालयको नामः                                                  ठेगानाः

| मौखिक सामग्री | श्रव्य सामग्री | श्रव्यदृश्य सामग्री | र्स्पश सामग्री | मुद्रित सामग्री | आधुनिक सामग्री | दृश्य सामग्री |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## परिशिष्ट ग

### नेपाली भाषा शिक्षकका लागि सामग्री सङ्कलनका क्रममा सोधिएका प्रश्नावली

| | |
|---|---|
| शिक्षकको नाम : | मितिः |
| विद्यालयको नाम : | नियुक्तिः स्थायी/अस्थायी |
| शैक्षिक योग्यता : | तालिमः प्राप्त/अप्राप्त |
| अध्यापन गर्दै आएको कक्षा : | दस्तखतः |

१) तपाईंले दैनिक रूपमा शैक्षिक सामग्रीको प्रयोग गर्नु भएको छ ?

क) छ ख) छैन ग) कहिलेकाहीँ

२) यदि प्रयोग गर्नु भएको छ भने कुन स्रोतबाट प्राप्त गरी प्रयोग गर्नु भएको छ ?

क) आफैँ बनाएर ख) बजारबाट किनेर

ग) विद्यार्थीलाई बनाउन लगाएर घ) कालोपाटीमा लेखेर

३) यदि प्रयोग गर्नु भएको छैन भने किन ?

क) अल्छी लागेर ख) थाहा नभएर

ग) उपलब्ध नभएर घ) वातावरण अनुकूल नभएर

४) तपाईंको विद्यालयमा शैक्षिक सामग्रीको अवस्था कस्तो छ ?

क) छदैछैन ख) सामान्य ग) मध्यम घ) पर्याप्त

५) उपलब्ध शैक्षिक सामग्री कति उपयोगी छन् ?

क) छदैछैन ख) सामान्य ग) मध्यम घ) पर्याप्त

६) तपाईं आफूले शैक्षिक सामग्री निर्माण गर्नुहुन्छ कि हुँदैन ?

क) गर्छु ख) गर्दिन ग) सामान्य रूपमा गर्छु

७) यदि निर्माण गर्नुहुन्न भने किन ?

क) अल्छी लागेर ख) थाहा नभएर

ग) समय प्राप्त नभएर घ) वातावरण अनुकूल नभएर

८) तपाईंलाई कम्प्युटरको प्रयोग गरेर शिक्षण गर्न आउँछ ?

क) आउँछ ख) आउँदैन ग) अलिअलि आउँछ

९) विद्यालयले शैक्षिक सामग्री निर्माणका लागि बजेट विनियोजन गरेको छ ?

क) छ ख) छैन ग) केही मात्रामा

१०) शैक्षिक सामग्री निर्माण र प्रयोग गर्ने शिक्षकलाई विद्यालयले प्रोत्साहन गर्छ कि गर्दैन ?

क) गर्छ ख) गर्दैन ग) थाहा छैन

# परिशिष्ट घ

## प्रधानाध्यापकका लागि सामग्री सङ्कलनका क्रममा सोधिएका प्रश्नावली

प्र.अ.को नामः मितिः

विद्यालयको नामः नियुक्तिः स्थायी/अस्थायी

शैक्षिक योग्यताः तालिमः प्राप्त/अप्राप्त

अनुभव वर्षः दस्तखतः

१. तपाईंको विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धता कस्तो छ ?

क) राम्रै छ ख) केही मात्रामा छ ग) छैन

२. तपाईंको विद्यालयमा शैक्षिक सामग्री कस्ता छन् ?

क) शिक्षक निर्मित ख) विद्यार्थी निर्मित ग) खरिद गरिएका

३. विद्यालयमा शिक्षक निर्देशिका, पाठ्यक्रम, पाठ्यपुस्तक तथा सहायक सामग्रीहरू उपलब्ध छन् ?

क) छन् ख) आंशिक रूपमा ग) छैनन्

४. उपलब्ध शैक्षिक सामग्री कति लाभदायक छन् ?

क) छन् ख) केही मात्रामा ग) पुराना वा काम नलाग्ने अवस्थामा

५. शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्दा सिकाइमा परिवर्तन हुन्छ ?

क) हुन्छ ख) हुदैन ग) समयको वर्वाद

६. नेपाली बिषय अध्यापन गर्ने शिक्षकले शैक्षिक सामग्री निर्माण गर्छन् कि गर्दैनन् ?

क) गर्छन् ख) गर्दैनन् ग) कहिलेकाँही गर्छन्

७. नेपाली भाषा अध्यापन गर्ने शिक्षकमा कम्प्युटर ज्ञान छ कि छैन ?

क) छ　　ख) छैन　　ग) सामान्य छ

८. कक्षामा शैक्षिक सामग्री प्रयोग नगर्ने शिक्षकलाई कुनै सुझाव दिनुभएको छ ?

क) छु　　ख) छैन

९. नेपाली भाषा शिक्षण गर्ने शिक्षकले कक्षामा शैक्षिक सामग्री प्रयोग गरेको पाउनु भएको छ ?

क) छु　　ख) छैन　　ग) कहिलेकाँही

१०. कक्षामा शिक्षकले शैक्षिक सामग्री कत्तिको प्रयोग गर्ने गरेको पाउनुभएको छ ?

क) पर्याप्त मात्रामा　　ख) सामान्य प्रयोग गरेको　　ग) प्रयोग नगरेको

११. शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षकलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था छ कि छैन् ?

क) छ　　ख) छैन

१२. शिक्षकले शैक्षिक सामग्री प्रयोग गरे नगरेको अवलोकन गर्नुहुन्छ कि हुँदैन ?

क) गर्छु　　ख) गर्दिन　　ग) कहिलेकाँही

१३. शैक्षिक सामग्री खरिदका लागि बजेट विनियोजन गर्नु भएको छ कि छैन् ?

क) छ　　ख) छैन　　ग) अलिअलि

## परिशिष्ट ङ

### विद्यार्थीका लागि सामग्री सङ्कलनका क्रममा सोधिएका प्रश्नावली

**विद्यार्थीको नामः** **मितिः**

**विद्यालको नामः** **कक्षाः**

**रोल नं.:** **दस्तखतः**

१. नेपाली भाषा शिक्षण गर्ने शिक्षकले शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्नुहुन्छ ?

क) गर्नुहुन्छ ख) कहिलेकाही

२. गर्नुभएको छ भने कस्ता खालका शैक्षिक सामग्री प्रयोग गर्ने गर्नुभएको छ ?

क) आफै निर्माण गरेर ख) विद्यार्थीलाई बनाउन लगाएर

ग) खरिद गरिएका

३. नेपाली भाषा शिक्षण गर्ने शिक्षकले शिक्षण गर्दा उखान, टुक्का, कथा, चुट्किला भनेर कक्षा शुरु गर्ने गर्नुहुन्छ ?

क) गर्नुहुन्छ ख) कहिलेकाहीँ ग) गर्नुहुन्न

४. शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गरेमा सिकाइ प्रभावकारी हुन्छ ?

क) हुन्छ ख) हुँदैन ग) फरक पर्दैन

५. विद्यालयलाई आवश्यक पर्ने विद्यार्थी निर्मित शैक्षिक सामग्री कत्तिको निर्माण गर्नुहुन्छ?

क) गर्छु ख) गर्दिन ग) कहिलेकाहीँ

६. विद्यार्थी निर्मित शैक्षिक सामग्री निर्माणका लागि विद्यालय प्रशासन र विषय शिक्षकले कत्तिको प्रोत्साहन गर्ने गर्नुहुन्छ ?

क) राम्रो ख) अलिअलि ग) गर्नुहुन्न

# व्यक्तिगत विवरण



नाम : सविता कुँवर

बाबुको नाम : कृष्णबहादुर कुँवर

आमाको नाम : विष्णुकुमारी कुँवर

जन्मस्थान : तानसेन-१३, पाल्पा

स्थायी ठेगाना : तानसेन-१३, पाल्पा

जन्ममिति : २०३९/०७/०३

सम्पर्क मोवाइल नं. ९८४७२३२७८३

**शैक्षिक योग्यता**

एस.एल.सी.- २०५६, श्री पद्म पब्लिक नमुना उ.मा.वि., तानसेन, पाल्पा ।

आई.ए.- २०६१, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा ।

वी.एड. - २०६६, तानसेन बहुमुखी क्याम्पस, तानसेन, पाल्पा ।

एम.एड - २०७२, तानसेन बहुमुखी क्याम्पस, तानसेन, पाल्पा ।